जि.स.का. दर्ता नं. ०७१/०५०/०५१
स्था.ले.नं. ३०३१२२१५१

"मर्यादित सहकारी : समुन्नत समाज"

नेफ्स्कून

"सबल र सर्वोत्कृष्ट संस्था"

# बुडोल सामुदायिक
# बचत तथा ऋण सहकारी संस्था लि.




नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून)को मिति २०८२ साउन ३१ गते सम्पन्न ३८ औं स्थापना दिवसको अवसरमा नेफ्स्कून सर्वोत्कृष्ट साकोस सम्मान २०८२ ग्रहण गर्नुहुदै संस्थाका प्रतिनिधिहरु ।

## २६ औं वार्षिक साधारण सभा

३० कात्तिक-८ मंसिर, २०८२

## वार्षिक प्रतिवेदन

आ.व. ०८१/०८२

## ANNUAL REPORT

Fiscal Year 081/082

मुख्य कार्यालय : बनेपा न.पा. ६, बुडोल, काभ्रेपलाञ्चोक
फोन : ०११-६६०५६४, ०११-६६२३६४ इमेल : info@budol.coop.np
www.budol.coop.np

# सञ्चालक समिति



अध्यक्ष
कैलाश के.सी.



उपाध्यक्ष
प्रकाश भुर्तेल



सचिव
जयराम थापा



कोषाध्यक्ष
राधेश्याम के.सी.



सह-सचिव
गीता कुँवर क्षेत्री



सह-कोषाध्यक्ष
राधाकृष्ण श्रेष्ठ



सदस्य
हरिराम कुईकेल



सदस्य
गायत्री खड्का



सदस्य
सुनिता मल्ल



सदस्य
भवानी के.सी.



सदस्य
अर्मेसा लामा

# लेखा सुपरिवेक्षण समिति



संयोजक
पूर्णबहादुर कार्की



सदस्य
शर्मिला नेपाल



सदस्य
दीपक के.सी.

# सल्लाहकार



प्रमुख सल्लाहकार
रामहरि के.सी.



कानुनी सल्लाहकार
नवराज बडाल



सल्लाहकार
प्रेमनाथ शर्मा कोइराला



सल्लाहकार
भैरव के.सी.



सल्लाहकार
रविन श्रेष्ठ

## ऋण उपसमिति



संयोजक
हरिराम कुईकेल



सदस्य
मणिराज श्रेष्ठ



सदस्य
डिल्लीप्रसाद घिमिरे

## शिक्षा तथा प्रकाशन उपसमिति



संयोजक
गायत्री खड्का



सदस्य
गङ्गादेवी लुइटेल



सदस्य
तारानाथ बजगाईं

## महिला तथा सामाजिक सांस्कृतिक उपसमिति



संयोजक
सुनिता मल्ल



सदस्य
अनिमा के.सी.



सदस्य
सम्झना कोइराला थापा

## सूचना तथा सञ्चार प्रविधि उपसमिति



संयोजक
राधाकृष्ण श्रेष्ठ



सदस्य
जनक कुमार थापा



सदस्य
राजकुमार श्रेष्ठ

## सम्पति सामान व्यवस्थापन उपसमिति



संयोजक
राधेश्याम के.सी.



सदस्य
गायत्री खड्का



सदस्य
विवेक राज ठकुरी

## एक्सेस कार्यक्रम व्यवस्थापन तथा कार्यान्वयन कार्यदल


संयोजक
कैलाश के.सी.


सदस्य
प्रकाश भुर्तेल


सदस्य
विवेक राज ठकुरी


सदस्य
रञ्जना सुवाल


सदस्य
उमेश आचार्य

## टुकुचा जागरण सेवा केन्द्र व्यवस्थापन उपसमिति


संयोजक
राधाकृष्ण श्रेष्ठ


सदस्य
जयराम श्रेष्ठ


सदस्य
रत्नप्रसाद दाहाल


सदस्य
गोवर्धन थापा


सदस्य
विनोद घिमिरे

## बनेपा जनमैत्री सेवा केन्द्र व्यवस्थापन उपसमिति


संयोजक
भवानी के.सी.


सदस्य
राजकुमार श्रेष्ठ


सदस्य
रामकुमार कार्की


सदस्य
राम थापा


सदस्य
सुवर्ण के.सी.

## धुलिखेल सेवा केन्द्र व्यवस्थापन उपसमिति


संयोजक
अर्मेसा लामा


सदस्य
सुनिल के.सी.


सदस्य
राम यगोल


सदस्य
भरतबहादुर बस्नेत


सदस्य
रञ्जना बडाल

## पाँचखाल सेवा केन्द्र व्यवस्थापन उपसमिति


संयोजक
गीता कुँवर क्षेत्री


सदस्य
रामप्रसाद ढुङ्गाना


सदस्य
रामचन्द्र कुँवर


सदस्य
रामकुमार सापकोटा


सदस्य
भुवलाल श्रेष्ठ

# व्यवस्थापन


विवेक राज ठकुरी
प्रमुख कार्यकारी अधिकृत


रञ्जना सुवाल
कार्यकारी अधिकृत


उमेश आचार्य
वरिष्ठ अधिकृत


ईन्दिरा कार्की के.सी.
धुलिखेल से.के. प्रमुख


दिपक अधिकारी
आर्थिक प्रशासन शाखा प्रमुख


अशोक खत्री
बनेपा जनमैत्री से.के. प्रमुख


अनिता थापा
सदस्य सेवा शाखा प्रमुख


निराजन भुजेल
ऋण शाखा प्रमुख


मुकेश पहरी
सूचना प्रविधि शाखा प्रमुख


मनोज कुमार घोरासैनी
वरिष्ठ सहायक


सागर कुँवर
वरिष्ठ सहायक


कविता श्रेष्ठ
वरिष्ठ सहायक


विवेक बजगाईं
टुकुचा जागरण से.के. प्रमुख


सागर गिरी
पाँचखाल से.के. प्रमुख


श्रीकृष्ण श्रेष्ठ
सहायक


सरिता दुलाल
सहायक


सजना हुमागाईं
सहायक


अन्जना देवजु
सहायक


दुर्गा कार्की
सहायक


सुजन अधिकारी
सहायक


रेणुका दाहाल
सहायक


विनिता तिमल्सिना
सहायक


भवानी उप्रेती
सहायक

# व्यवस्थापन.......



सुशिला मानन्धर
कनिष्ठ सहायक



सविना श्रेष्ठ
कनिष्ठ सहायक



सन्तोष घिमिरे
कनिष्ठ सहायक



सुशिल सापकोटा
कनिष्ठ सहायक



मुकुन्द पराजुली
मेसेन्जर



सुजन पराजुली
कनिष्ठ सहायक



अस्मिता पुरकुटी
कनिष्ठ सहायक



विशुराम भण्डारी
सदस्य सहजकर्ता



रोजन खड्गी
सदस्य सहजकर्ता



सीता सुवेदी
सदस्य सहजकर्ता



विशिराम थापा
सदस्य सहजकर्ता



ओमबहादुर तामाङ
सदस्य सहजकर्ता



दिवाकर सुवेदी
सदस्य सहजकर्ता



नवराज भुजेल
सुरक्षा सहयोगी



मात्माराम बस्नेत
सुरक्षा सहयोगी



राजाराम भुजेल
सुरक्षा सहयोगी



कृष्णमणि सापकोटा
सुरक्षा सहयोगी



सुस्मिता बस्नेत
सदस्य सहजकर्ता



सुमित्रा दाहाल
सदस्य सहजकर्ता



प्रिया श्रेष्ठ
सदस्य सहजकर्ता



दिलिपकुमार भण्डारी
सदस्य सहजकर्ता



बन्दना श्रेष्ठ
सदस्य सहजकर्ता



सुष्मा दुलाल
सदस्य सहजकर्ता



शोभा थापा
कार्यालय सहयोगी

जि.स.का. दर्ता नं. ०७१/०५०/०५१
स्था.ले.नं. ३०३१२२१५१

नेफ्स्कून

"सबल र सर्वोत्कृष्ट संस्था"

# बुडोल सामुदायिक
## बचत तथा ऋण सहकारी संस्था लि.

प.सं. : ०८२/०८३ मिति : २०८२/०६/०८

च.नं. : १८७

शेयर सदस्य नं. ............................

श्री ..............................................................................ज्यू

......................................, काभ्रेपलाञ्चोक

विषय : २६औं वार्षिक साधारण सभा सम्बन्धी सूचना ।

आदरणीय शेयर सदस्य महानुभावहरू,

उपरोक्त सम्बन्धमा यस संस्थाबाट २६ औं वार्षिक साधारण सभाका कार्यक्रमहरू निर्धारण गरी सूचना प्रकाशित गरिएको मा जेन-जी (Gen-Z) पुस्ताले राष्ट्रिय रूपमा सञ्चालन गरेको आन्दोलनपश्चात सिर्जित नयाँ घटनाक्रम र विषम परिस्थितिमा शान्ति सुरक्षा कायम गर्न नेपाली सेनाले जिम्मेवारी लिएसँगै अति आवश्यक भए बाहेक घरबाट ननिस्कन गरिएको अनुरोध र जिल्ला प्रसाशन कार्यालयबाट जारी कर्फ्यू तथा निषेधाज्ञा आदेश समेतलाई मध्येनजर गरी तत्कालिन अवस्थामा साधारण सभाका सम्पूर्ण कार्यक्रमहरू स्थगित गरिएकोमा मिति २०८२/०६/०६ गते बसेको सञ्चालक समितिको बैठकले उक्त साधारण सभा निम्न मिति, समय र स्थानमा हुने गरी पुनः निर्धारण गरेको हुँदा साधारण सभाको एकाइ बैठकहरूमध्ये आफूलाई पायक पर्ने स्थानमा अनिवार्य उपस्थितिको लागि सम्पूर्ण शेयर सदस्य महानुभावहरूमा हार्दिक अनुरोध गर्दछौं ।

**छलफलका प्रस्तावहरु :**

१. एकाइ साधारण सभाको निर्णय प्रमाणीकरण गर्न प्रतिनिधि चयन गर्ने,
२. सञ्चालक समितिको तर्फबाट प्रस्तुत आ.व. ०८१/०८२ को वार्षिक प्रतिवेदन पारित गर्ने,
३. सञ्चालक समितिको तर्फबाट प्रस्तुत आ.व. ०८२/०८३ को प्रस्तावित वार्षिक कार्यक्रम तथा बजेट पारित गर्ने,
४. लेखा सुपरिवेक्षण समितिको तर्फबाट प्रस्तुत आ.व. ०८१/०८२ को वार्षिक प्रतिवेदन पारित गर्ने,
५. आ.व. ०८१/०८२ को लेखापरीक्षण प्रतिवेदन अनुमोदन गर्ने,
६. आ.व. ०८२/०८३ को लेखापरीक्षण गर्न लेखापरीक्षक नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने,
७. लाभांश तथा संरक्षित पुँजी फिर्ता कोष वितरण प्रस्ताव पारित गर्ने,
८. विनियम तथा आन्तरिक कार्यविधि र नीति संशोधन तथा पुनर्लेखन पारित गर्ने,
९. स्थिरीकरण कोषमा सहभागिता सम्बन्धमा,
१०. भवन निर्माण गर्न अनुमति लिने सम्बन्धमा,
११. औषत शेयर रकम कायम गर्ने सम्बन्धमा,
१२. सदस्यहरूबाट प्राप्त सुझावहरूको सम्बन्धमा ।
१३. विविध ।

**कार्यक्रम हुने :**

| एकाइ | विवरण | उपस्थिति नाम दर्ता | साधारण सभाको एकाइ बैठक | एकाइ बैठक हुने स्थान |
|---|---|---|---|---|
| १ | मुख्य कार्यालय र बनेपा जनमैत्री सेवा केन्द्रमा आबद्ध सदस्यहरूको लागि | मितिः २०८२ कात्तिक ३० गतेदेखि मंसिर ६ गतेसम्म, समयः विहान ७:३० बजेदेखि ५:०० बजेसम्म, स्थानः सम्बन्धित कार्यालयहरू | मितिः २०८२ मंसिर ६ गते, समयः दिउँसो २:०० बजेदेखि ४:०० बजेसम्म | होटल उग्रचण्डी, बनेपा |
| २ | टुकुचा जागरण सेवा केन्द्रमा आबद्ध सदस्यहरूको लागि | | | माँ उग्रचण्डी पार्टी भेन्यू, नाला |
| ३ | धुलिखेल सेवा केन्द्रमा आबद्ध सदस्यहरूको लागि | | | धुलिखेल तालिम केन्द्र, धुलिखेल |
| ४ | पाँचखाल सेवा केन्द्रमा आबद्ध सदस्यहरूको लागि | | | पाँचखाल सेवा केन्द्र कार्यालय, पाँचखाल |

**सबै एकाइबाट छनौट भएका प्रतिनिधिहरुको सहभागितामा एकाइ प्रतिनिधिहरुको निर्णय प्रमाणित सभा:**

मिति : २०८२ मंसिर ८ गते सोमबार,
समय : विहान ७:३० बजेदेखि ९:३० बजेसम्म,
स्थान : चेतना केन्द्र, बुडोल ।

**पुनश्च:**

१. सदस्यहरूले आफूलाई पायक पर्ने साधारण सभाको एकाइ बैठकमा सहभागिता जनाउन सक्नु हुनेछ ।
२. साधारण सभाको एकाइ बैठकमा सहभागिता जनाउन सदस्य परिचय पत्र, पासबुक वा सदस्यता खुल्ने कुनै निस्सा सहित आउनुपर्नेछ ।
३. साधारण सभामा उपस्थित सदस्यलाई खाजा/खाना खर्च स्वरूप रू.२००।- उपलब्ध गराईनेछ ।
४. साधारण सभामा सदस्य स्वयम् उपस्थित हुनुपर्नेछ, प्रतिनिधि तोकी पठाउन पाइने छैन ।
५. साधारण सभा नितान्त रूपमा संस्थामा आबद्ध सदस्यहरूको लागि गरिएको भेला हो, जुन संस्थाको विषयमा जानकारी लिने, छलफल गर्ने, खबरदारी गर्ने, रचनात्मक सुझाव दिने र असल नेतृत्व छनौट गर्ने अवसर हो । यसको सदुपयोग गर्नु हुन सम्पूर्ण सदस्यहरूमा हार्दिक अनुरोध गर्दछौं ।

.....................................................
जयराम थापा, सचिव
सञ्चालक समितिको आज्ञाले

**थप जानकारीको लागि:**

रञ्जना सुवाल, मुख्य कार्यालय : ९८६३-१९२७१७
विवेक बजगाईं, टुकुचा जागरण सेवा केन्द्र : ९८६३-१९२७२९
अशोक खत्री, बनेपा जनमैत्री सेवा केन्द्र : ९८६३-१९२७२२
इन्दिरा कार्की के.सी., धुलिखेल सेवा केन्द्र : ९८६३-१९२७१६
सागर गिरी, पाँचखाल सेवा केन्द्र : ९८६६-२९४४०५

सहकारी संस्थामा सदस्य बनेपछि संस्थाले निर्धारण गरेको नियमित बचत रकम जम्मा गर्नु सदस्यको कर्तव्य हो ।

**नियमित बचत नगरेमा:**

१. निष्क्रिय सदस्यको सूचीमा परिन्छ ।
२. संस्थाबाट आवश्यक परेको बेलामा ऋण लिन पाईदैन ।
३. संस्थाको आर्थिक सुरक्षा कार्यक्रमबाट प्राप्त हुने विभिन्न राहत सहयोग पाइँदैन ।
४. संस्थाको संरक्षित पुँजी फिर्ता कोषबाट प्राप्त हुने लाभ प्राप्त हुँदैन ।
५. संस्थाको साधारण सभामा सहभागिता जनाउन पाइँदैन ।
६. संस्थाले सदस्यता खारेजी समेत गरिदिन सक्दछ ।

तसर्थ नियमित बचत गरौं । असल सदस्यको परिचय दिऔं ।

जि.स.का. दर्ता नं. ०७१/०५०/०५१
स्था.ले.नं. ३०३१२२१५१

नेफस्कून

"सबल र सर्वोत्कृष्ट संस्था"

# बुडोल सामुदायिक
## बचत तथा ऋण सहकारी संस्था लि.

# वार्षिक प्रतिवेदन
## आ.व. ०८१/०८२

**सम्पादन**
भवानी के.सी.
विवेक राज ठकुरी

**कम्प्युटर**
मुकेश पहरी

**मुद्रण**
बागमती अफसेट प्रेस प्रा.लि.
मिनभवन, काठमाडौं

**प्रकाशक**
बुडोल सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि.
बनेपा-६, बुडोल, काभ्रे




## यस भित्र ...........

- सञ्चालक समितिको वार्षिक प्रतिवेदन
- आ.व. ०८२/०८३ को प्रस्तावित कार्यक्रम तथा बजेट
- लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन
- स्वतन्त्र लेखा परीक्षकको प्रतिवेदन
- सहकारीका सिद्धान्तहरू

# २६ औं वार्षिक साधारण सभाको लागि सञ्चालक समितिको तर्फबाट प्रस्तुत वार्षिक प्रतिवेदन

आदरणीय शेयर सदस्य महानुभावहरू,

संस्थाका वर्तमान तथा निवर्तमान पदाधिकारी तथा सदस्यहरू, लेखा सुपरिवेक्षण समितिका वर्तमान तथा निवर्तमान संयोजक तथा सदस्यज्यूहरू, सल्लाहकारज्यूहरू, विभिन्न उपसमितिका संयोजक तथा सदस्यहरू, सम्पर्क व्यक्तिहरू, प्रमुख कार्यकारी अधिकृत लगायत संस्थामा आबद्ध सबै तहका कर्मचारी, पत्रकारबन्धु, महिला तथा सज्जनवृन्द ! बुडोल सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि.को २६ औं वार्षिक साधारण सभाको यस गरिमामय क्षणमा हामी उपस्थित भएका छौं ।

सहकारीको विश्वव्यापी मान्यता एवम् सिद्धान्त अनुरूप स्वायत्तता र स्वतन्त्रता (Autonomy and Independence) लाई सर्वोपरी मानिन्छ । सदस्यहरूद्वारा गठित, सञ्चालित एवम् नियन्त्रित स्वायत्त र स्वतन्त्रता नै सहकारीको आत्मतत्व हो । सहकारीमा बाह्य नियन्त्रण र हस्तक्षेपबाट मुक्त हुने मूल मान्यता रहेको छ । सिद्धान्त अनुसारको अभ्यास र आचरण गर्नु सहकारी अभियानमा आबद्ध सबैको कर्तव्य हुनुपर्ने हो । यद्यपि विगत केही वर्ष देखि सहकारीको स्वायत्तता र स्वतन्त्रताको सिद्धान्तको आडमा केही व्यक्तिहरूले मनोमानी गरेको, आर्थिक अपचलन गरेको कारण कतिपय सहकारी संस्थाले सदस्यहरूको बचत फिर्ता गर्न नसकेको, बचतको संरक्षण गर्न नसकेको, त्यस्ता सहकारीका सञ्चालक तथा व्यवस्थापकहरू कोही पक्राउ परेको, कोही सम्पर्क विहिन हुन पुगेको कुरा सबैमा विदितै छ । निहित स्वार्थ वा लोभमा परेर वा अञ्जानमा कतिपय सञ्चालक वा व्यवस्थापकहरूले सदस्यहरूको विश्वासको धरोहर सहकारी संस्थालाई धराशायी वा समस्याग्रस्त तुल्याई अलपत्र पारी दिएका छन् । मुठ्ठीभर व्यक्तिहरूका कलुषित मनसायले गर्दा समग्र सहकारी क्षेत्रलाई नै बदनाम गराउन खोजिएको छ । सहकारीको नाममा कलङ्कको रूपमा रहेका यस्ता धमिराहरूलाई कारवाहीको दायरामा ल्याई सदस्यको बचतको सुरक्षाको लागि नियमनकारी निकायले कुनै कसर बाँकी नराखी यथाशीघ्र पहलकदमी चाल्नु पर्दछ भन्ने हाम्रो जोडदार माग रहेको छ । यस्तो असहज परिस्थितिमा पनि सहकारी अभियानमा संलग्न बहुसंख्यक सहकारी संघ संस्थाहरूले सहकारीका सिद्धान्तहरू, राज्यले अख्तियार गरेको कानुन तथा नीति, विधि र प्रक्रियाहरूलाई पालन गरेर सदस्य सेवामा प्रतिबद्ध रहँदै आ-आफ्नो संघ संस्थाहरू सफलता पूर्वक सञ्चालन गर्दै आएको अवस्था छ ।

यस बुडोल सामुदायिक साकोसको सन्दर्भमा भन्नु पर्दा निरन्तरको सिकाइ र अभ्यासलाई संस्था सञ्चालनको प्रमुख कडीको रूपमा हामीले आत्मसात गरेका छौं । संस्थागत सुशासनलाई जस्तोसुकै असहज परिस्थितिमा पनि अङ्गीकार गर्न हामी पछि परेका छैनौं । सदस्य र समुदायको हितलाई सधैं शिरमा राख्ने संस्थाको मुलभूत विशेषता रहेकोले नै यो संस्थाले सदस्य, समुदाय, छाता सङ्गठनहरू र नियामक निकायहरूबाट माया र उत्कृष्ट पहिचान पाएको छ । यसै सन्दर्भमा बचत तथा ऋण सहकारीहरूको केन्द्रीय स्तरको छाता सङ्गठन नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून) ले आफ्नो ३८ औं वार्षिकोत्सवको उपलक्ष्यमा नेपाल राज्यभरमा सर्वोत्कृष्ट साकोस पुरस्कारबाट बुडोल सामुदायिक साकोसलाई पुनः एक पटक सम्मान गरेको छ । यो हामी सबै को लागि गौरवको विषय हो । बुडोल सामुदायिक साकोस सहकारी अभियान भित्रका अन्य संघ संस्थाहरूको लागि एउटा "खुल्ला पाठशाला" को रूपमा विकसित हुँदै आएको छ भने छाता सङ्गठन र नियमनकारी निकायहरूको आँखामा 'नमुना सहकारी'को छाप छोड्न सफल हुँदै अघि बढिरहेको छ ।

<u>संस्थाको पृष्ठभूमि :</u>

बुडोल सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि. (बुडोल सामुदायिक साकोस) वि.सं. २०५६ सालमा पूर्व सहकारीको रूपमा मानिसहरूलाई समूहमा संगठित गर्दै सुरूवात भएको र संस्था दर्ता गर्ने क्रममा

वि.सं. २०५० सालमा दर्ता भई निष्क्रिय रहेको संस्थालाई नै पुनर्जीवन प्रदान गरी वि.सं.२०५७ साल माघ महिनाबाट सञ्चालनमा आएको संस्था हो । प्रारम्भमा संस्था महिला र पुरूषको छुट्टाछुट्टै समूह निर्माण गरी महिलाबाट रू.५०।- र पुरूषबाट रू. १००।- मासिक बचत गर्दै एउटा मात्र वडामा सीमित भै सञ्चालनमा आएको थियो । विशाल वृक्षको बिउ पनि कुनै बेला सानै थियो र त्यही सानो बिउ कालान्तरमा विशाल वृक्षमा परिणत भएको हो भन्ने दृष्टान्त दिदैं सानो सानो बचतले पनि भविष्यमा ठुलो पुँजी निर्माण गर्न सक्दछ भनेर बचतकर्तालाई ऊर्जा दिने काम संस्थाका परिकल्पनाकारहरूले गर्नु भएको थियो । तत्कालीन समयमा महिनाभरमा १ दिन बराबरको कमाइ बचत गर्नुपर्दछ भन्ने मान्यताबाट स-साना रकम र थोरै सदस्यहरूबाट शुरूवात भएकोले सुरूका वर्षहरूमा यसले बचत गर्ने बानीको विकास गर्दै लगेता पनि समुदायमा खासै विशेष पहिचान हासिल गर्न सकेको थिएन । वि.सं. २०६४ सालमा नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (NEFSCUN) र एशियाली ऋण महासंघ (ACCU) बाट सञ्चालित एक्सेस कार्यक्रममा सहभागिता पश्चात् संस्थाले सहकारी क्षेत्रमै आफ्नो छुट्टै पहिचान कायम गर्न सफल भएको छ । सञ्चालनमा आएको यस अवधिमा सङ्ख्यात्मक र गुणात्मक हिसाबबाट संस्था निकै सबल र सक्षम भएको छ । संस्थालाई एक सफल सहकारी संस्थाको रूपमा पहिचान बनाउन नेफ्स्कुन र आकुको भूमिका उल्लेखनीय रहेको छ भने राष्ट्रिय सहकारी महासंघ लि., राष्ट्रिय सहकारी बैंक लि., जिल्ला सहकारी संघ लि., काभ्रेपलाञ्चोक जिल्ला बचत तथा ऋण सहकारी संघ लि., काभ्रे लगायतको समेत सहयोग रहेको छ । शुरूमा "Small is Beautiful" को अवधारणा लिई संस्था सानै भएपनि आन्तरिक व्यवस्थापन, सदस्य सेवा र सुशासनमा उत्कृष्ट हुनुपर्ने सिद्धान्तलाई आत्मसात् गर्दै सोही रूपमा संस्था स्थापित भएपश्चात् "Large is powerful" को अवधारणालाई अवलम्बन गर्दै सङ्ख्यात्मक रूपमा संस्थालाई पुँजी र सदस्यको हिसाबमा ठुलो बनाइ बलियो बनाउने क्रियाकलापहरू सञ्चालन भए । यसै क्रममा संस्थाले २०७३ सालमा तत्कालिन टुकुचा जागरण साकोस र २०७५ सालमा जनमैत्री र चाँदनी साकोस एवम् २०७९ सालमा काभ्रे पर्यटन विकास सहकारी संस्था लि.सँग एकीकरण गरी संस्था गुणात्मक रूपमा मात्र नभई सङ्ख्यात्मक रूपमा समेत जिल्लाकै अग्रणी सहकारी संस्थाहरूमा पङ्क्तिबद्ध हुँदै गयो । हाल संस्थाको कार्यक्षेत्र काभ्रेपलाञ्चोक जिल्लाभर कायम भई जिल्लामा रहेका सहकारीहरूमा संस्थाले एक सबल र सर्वोकृष्ट संस्थाको रूपमा पहिचान स्थापित गराईसकेको छ ।

## परिकल्पना:

"सबल र सर्वोत्कृष्ट संस्था"

## ध्येय:

"युवा पुस्ता समेतको सहभागिता र प्रविधिमा आधारित वित्तीय सेवाको पहुँच विस्तार गर्दै सदस्यको सन्तुष्टि अभिवृद्धि गर्ने"

## संस्थाको विगत ५ वर्षको झलक:

| विवरण | आ.व. ०७७/०७८ | आ.व. ०७८/०७९ | आ.व. ०७९/०८० | आ.व. ०८०/०८१ | आ.व. ०८१/०८२ |
|---|---|---|---|---|---|
| शेयर पुँजी | १३,०२,५२,५००।०० | १४,८७,२९,९००।०० | १५,८९,२७,२००।०० | १६,५७,७६,७००।०० | १७,२१,८९,७००।०० |
| संस्थागत पुँजी | १०,०२,७२,६४७।९८ | ११,७६,२५,५२०।८८ | १४,३०,६२,०६८।४२ | १६,६२,०५,५७८।७६ | १८,४५,६८,०४१।२१ |
| बचत | १,१६,२०,७७,९६९।८२ | १,३२,२१,८४,४८४।६५ | १,४३,३५,५३,६८९।५० | १,५८,०५,३३,३८५।१८ | १,७२,१७,१०,०१८।८५ |
| ऋण सुरक्षण कोष | १,५८,१७,९७२।१० | २,२८,७५,८४२।३६ | २,८०,३४,२६४।०० | ४,०८,४२,८११।८७ | ५,७१,६१,९४५।०२ |
| ऋण लगानी | १,०२,१२,१९,७८८।४३ | १,३३,५४,६४,९९२।८७ | १,३२,३२,०१,९९२।८९ | १,३१,८०,०८,०३८।३९ | १,२८,७९,५०,६२८।७७ |
| कुल सम्पत्ति | १,४५,१४,००,८४०।७७ | १,७४,६५,५१,८२९।८१ | १,८२,७६,४६,२२८।०४ | १,९७,२६,१९,३०३।१३ | २,१२,७७,२०,२३५।८६ |

| | | | | | |
|---|---|---|---|---|---|
| कुल आम्दानी | १६,५०,९४,७६४।१४ | २१,०३,०४,२७७।४९ | २५,२३,९७,६४८।५७ | २४,७०,४६,२७०।३५ | २१,१८,२४,४७८।५३ |
| कुल खर्च | ११,५२,७५,२१२।३३ | १४,८१,२६,१६०।२८ | १७,८९,१२,९६९।३८ | १९,०७,६५,२१७।३८ | १६,५२,०७,५६२।९९ |
| नाफा/नोक्सान | ४,९८,१९,५५१।८१ | ६,२१,६८,११७।२१ | ७,३४,८४,६७९।१९ | ५,६२,८१,०५२।९७ | ४,६६,१६,९१५।५४ |
| सदस्यता | २०,३०१ | २२,६६३ | २५,०५६ | २६,६५५ | २७,७०५ |

आदरणीय शेयर सदस्यज्यूहरू, अब म संस्थाको सञ्चालक समितिको तर्फबाट आ.व. २०८१/०८२ को लागि तयार गरिएको प्रगति प्रतिवेदन अनुमोदनका लागि सम्मानित सभा समक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छु :

क. आ.व. ०८१/०८२ को लक्ष्य तथा प्रगति विवरण:

१. सदस्यता विवरण :

१.१ संस्थाले आ.व.२०८१/०८२ मा १,८९० जना शेयर सदस्य थप गर्ने लक्ष्य लिएकोमा १,२१८ जना नयाँ सदस्य थप भएको र ४९९ जनाले सदस्यता खारेजी गरेको देखिन्छ। लिइएको लक्ष्यमा ७१९ जना (३८.०४%) ले वृद्धि भएको देखिन्छ जुन गत आ.व.को तुलनामा ३.८१% वृद्धि भएको छ।

१.२ संस्थाले आ.व.२०८१/०८२ मा ८१० जना बालबचतकर्ता थप गर्ने लक्ष्य लिएकोमा ७१२ जना नयाँ बालबचतकर्ता थप भएको र ३८१ जनाको खाता बन्द भएको देखिन्छ। लिइएको लक्ष्यमा ३३१ जना (४०.८६%) ले वृद्धि भएको देखिन्छ जुन गत आ.व. को तुलनामा ४.२४% ले वृद्धि भएको छ।

१.३ आर्थिक वर्ष ०८१/०८२ अन्त्यमा संस्थाको सदस्यता देहाय बमोजिम रहेको छ :

| क्र.सं. | विवरण | सदस्य सङ्ख्या |
|---|---|---|
| १.३.१ | पुरूष सदस्य | ८,७५७ |
| १.३.२ | महिला सदस्य | १०,७९८ |
| १.३.३ | संस्थागत सदस्य | १८ |
| जम्मा शेयर सदस्य | | १९,५७३ |
| १.३.४ | कोपिला बाल बचतकर्ता | ८,१३२ |
| कुल जम्मा | | २७,७०५ |

१.४ संस्थाको स्वीकृत कार्यक्षेत्र काभ्रेपलाञ्चोक जिल्लाभर रहेको र जिल्लाको कूल जनसङ्ख्या ३,६४,०३९ रहेकोमा यस आ.व.को अन्त्यसम्ममा संस्थामा आबद्ध सदस्य सङ्ख्या २७,७०५ रहेको छ। जुन स्वीकृत कार्यक्षेत्रभित्र सदस्यता पहुँच ७.६१% रहेको छ। (जनसङ्ख्या स्रोतः केन्द्रीय तथ्याङ्क विभागको राष्ट्रिय जनगणना २०७८)

१.५ संस्थामा सदस्यता लिनको लागि रू.१००।- प्रवेश शुल्क (पछि फिर्ता नहुने) लाग्ने व्यवस्था रहेकोमा एकल महिला, अपाङ्ग, ज्येष्ठ नागरिक तथा पेशागत जातिलाई उक्त प्रवेश शुल्क छुटको व्यवस्था गरिएको छ साथै संस्थाले नवविवाहिता दुलहीलाई प्रोत्साहन स्वरुप रू. १,०००।- बराबरको शेयर प्रदान गरी सदस्यता दिने व्यवस्था गरेको छ।

२. कुल सम्पति :

| गत आ.व.को | यस वर्ष थप | जम्मा | वृद्धि प्रतिशत |
|---|---|---|---|
| १,९७,२६,१९,३०३।१३ | १५,५१,००,९३२।७३ | २,१२,७७,२०,२३५।८६ | ७.८६ |

संस्थाले आ.व. २०८१/०८२ मा कुल सम्पत्तितर्फ रू.२३,६०,१७,६१०।८० थप गर्ने लक्ष्य लिएकोमा

६५.७२% ले रू. १५,५१,००,९३२।७३ वृद्धि गर्न सफल भएको छ। जुन गत आ.व. को तुलनामा ७.८६% ले वृद्धि भएको छ।

३. **शेयर पुँजी :**

| गत आ.व.को | यस वर्ष थप | फिर्ता | जम्मा | वृद्धि प्रतिशत |
|---|---|---|---|---|
| १६,५७,७६,७००।- | ९१,४१,५००।- | २७,२८,५००।- | १७,२१,८९,७००।- | ३.८७ |

संस्थाले आ.व. २०८१/०८२ मा शेयर पुँजीतर्फ रू.२,६८,२४,१००।०० थप गर्ने लक्ष्य लिएकोमा २५.७२% ले रू.६४,१३,०००।०० वृद्धि गर्न सफल भएको छ। जुन गत आ.व. को तुलनामा ३.८७% ले वृद्धि भएको छ।

४. **बचत हिसाब :**

| गत आ.व.को | यस वर्ष थप | फिर्ता | जम्मा | वृद्धि प्रतिशत |
|---|---|---|---|---|
| १,५८,०५,३३,३८५।१८ | ३,६५,५३,४०,४५८।४७ | ३,५१,४१,६३,८२४।८० | १,७२,१७,१०,०१८।८५ | ८.९३ |

संस्थाले आ.व. २०८१/०८२ मा बचत सङ्कलनमा रू.१८,९०,७०,७३७।८२ थप गर्ने लक्ष्य लिएकोमा ७४.६७% ले रू.१४,११,७६,६३३।६७ वृद्धि गर्न सफल भएको छ। जुन गत आ.व. को तुलनामा ८.९३% ले वृद्धि भएको छ।

५. **संस्थागत पुँजी :**

| गत आ.व.को | यस वर्ष थप | जम्मा | वृद्धि प्रतिशत |
|---|---|---|---|
| १६,६२,०५,५७८।७६ | १,८३,६२,४६२।४६ | १८,४५,६८,०४१।२१ | ११.०५ |

संस्थाले आ.व. २०८१/०८२ मा संस्थागत पुँजीतर्फ रू.१,८५,८६,७७९।६० थप गर्ने लक्ष्य लिएकोमा ९८.७९% ले रू. १,८३,६२,४६२।४६ वृद्धि गर्न सफल भएको छ। जुन गत आ.व. को तुलनामा ११.०५% ले वृद्धि भएको छ।

६. **लगानीमा रहेको ऋण हिसाब:**

| गत आ.व.को | यस वर्ष थप | असुली | जम्मा | वृद्धि प्रतिशत |
|---|---|---|---|---|
| १,३५,६१,३९,३७१।४८ | ५३,८३,३१,९००।- | ५४,९५,३९,२००।०८ | १,३४,४९,३२,०७१।४० | (०.८३%) |

संस्थाले आ.व. २०८१/०८२ मा लगानीमा रहेको ऋण हिसाबतर्फ रू.२५,९३,२४,४२८।६९ थप गर्ने लक्ष्य लिएकोमा रू.१,१२,०७,३००।०८ घटेको छ। जुन गत आ.व. को तुलनामा ०.८३% ले घटेको छ।

७. **भाखा नाघेको ऋण र सोको व्यवस्थापन:**

संस्थाले राष्ट्रिय सहकारी नियमन प्राधिकरणबाट 'बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाहरूको सञ्चालन सम्बन्धमा जारी भएको नियामकीय मापदण्ड २०८२' बमोजिम निम्नानुसार भाखा नाघेको ऋणमा नोक्सानी व्यवस्था कोष व्यवस्थापन गरेको छ।

| ऋणको विवरण | ऋण रकम | ऋण नोक्सानी व्यवस्था | प्रतिशत |
|---|---|---|---|
| असल ऋण (भाखा ननाघेका वा भाखा नाघी ३ महिना व्यतीत नभएको ऋण) | १,२९,६२,१७,०६८।०० | १,२९,६२,१७०।६८ | १% |
| कमसल ऋण (३ देखि ६ महिनासम्म भाखा नाघेको ऋण) | ३,१७,७९,०१५।१२ | ७९,४४,७५३।७८ | २५% |

| | | | |
|---|---|---|---|
| शंकास्पद ऋण (६ देखि १२ महिनासम्म भाखा नाघेको ऋण) | १३,६१,९३६।४३ | ६,८०,९६८।२१ | ५०% |
| खराब ऋण (१२ महिनाभन्दा बढीले भाखा नाघेको ऋण) | १,५५,७५,०५२।३५ | १,५५,७४,०५२।३५ | १००% |
| जम्मा | १,३४,४९,३२,०७१।४० | ३,७१,६१,९४५।०२ | |

संस्थाले आ.व. २०८१/०८२ मा भाखा नाघेको ऋणलाई ३.३५% मा नियन्त्रण गर्ने लक्ष्य लिएकोमा ३.६२% कायम भएको छ र ऋण नोक्सानी व्यवस्था कोषमा अतिरिक्त रू.२,००,००,०००।- सहित कुल रू.५,७१,६१,९४५।०२ व्यवस्थापन गरेको छ।

८. आम्दानी तथा खर्च :

संस्थाले आर्थिक वर्ष २०८१/०८२ मा ब्याज आम्दानीतर्फ रू.२२,९४,३०,६७७।८० र अन्य आम्दानीतर्फ रू. ८२,८१,२७२।९२ गरी जम्मा आम्दानी रू.२३,७७,११,९५०।७२ को लक्ष्य लिएकोमा ब्याज आम्दानी रू. २०,४२,३९,५०५।०३ र अन्य आम्दानी रू. ७५,८४,९७३।५० गरी कुल आम्दानी रू. २१,१८,२४,४७८।५३ मात्र गर्न सफल भएको छ।

त्यसैगरी उक्त आर्थिक वर्षमा ब्याज खर्चतर्फ रू.१२,६७,२०,२३५।२७ र अन्य सञ्चालन खर्चतर्फ रू.४,७३,३५,१७१।३३ गरी कुल खर्च रू.१७,४०,५५,४०६।६० को लक्ष्य लिएकोमा ब्याज खर्च रू.१०,६३,५०,७१७।३४ र अन्य सञ्चालन खर्च रू.५,८८,५६,५४५।६५ गरी कुल खर्च रू.१६,५२,०७,५६२।९९ भएको छ। ऋण नोक्सानी व्यवस्था कोषको लागि रू. २,००,००,०००।- अतिरिक्त व्यवस्था गरिएको छ।

९. सञ्चालन खर्च :

संस्थाले आर्थिक वर्ष २०८१/०८२ मा कर्मचारी खर्चतर्फ रू.२,५६,२४,९२३।७८, प्रशासनिक खर्चतर्फ रू.१,९६,६४,०७४।२५ र ह्रासकट्टी खर्चतर्फ रू.२०,३३,९०५।६६ प्रक्षेपण गरेकोमा कर्मचारी खर्चमा रू.२,४६,६०,२७३।८५ खर्च भएको, प्रशासनिक खर्चतर्फ रू.१,४१,३४,९४२।६६ मात्र खर्च भएको र ह्रासकट्टी खर्चमा भने रू.३७,१५,८८६।९२ खर्च भएको छ।

१०. कर्मचारी बोनस कोष व्यवस्था :

संस्थाले आ.व. २०८१/०८२ मा कर्मचारी बोनस कोषमा नियमानुसार १०% का दरले रू.४४,०२,७८२।२६ छुट्ट्याएको छ र आयकर अघि संस्थाको सञ्चालन मूनाफा रू.४,१७,५८,०६३।५७ भएको छ।

११. आयकर दायित्व :

संस्थाले आ.व. २०८१/०८२ को सञ्चालन मुनाफाबाट (अन्तिम लेखा परीक्षण समेतबाट ठहर हुन आएको) रू.४१,७०,५७४।२५ आयकरको लागि व्यवस्था गरेको छ। आयकर पश्चातको शुद्ध बचत (मुनाफा) रू.३,८०,४३,५५९।०३ हुन आएको छ। जुन गत आर्थिक वर्षको तुलनामा १७।२४ प्रतिशतले कम भएको देखिन्छ।

१२. बचत (मुनाफा) बाँडफाँड :

संस्थाले विनियम बमोजिम शुद्ध बचत रू.३,८०,४३,५५९।०३ मा NFRS समायोजन कोषको रू.७,७६,६१९।३० थप गरी हुन आउने रकमबाट जगेडा कोषमा २५% ले हुन आउने रू.९७,०५,०४४।५८ र बाँकी रकम रू.२,९१,१५,१३३।७५ अन्य कोषहरूमा बाँडफाँड गरेको छ। सहकारी ऐन, २०७४ को प्रावधान बमोजिम संरक्षित पुंजी फिर्ता कोषमा २५% ले हुन आउने रू.७२,७८,७८३।४४, सहकारी प्रवर्द्धन कोषमा ०.५% ले हुन आउने रु.१,४५,५७५।६७ व्यवस्था गरेको छ। संरक्षित पुँजी फिर्ता कोष र प्रवर्द्धन कोषको व्यवस्था पछि बाकीं रकम रू.२,१६,९०,७७४।६४ अन्य कोषमा बाँडफाँड गरिएको छ।

शेयर लाभांश कोषमा ७०% ले हुन आउने रु.१,५१,८३,५४२।२५ छुट्ट्याएको छ। सहकारी शिक्षा कोष, सहकारी विकास कोष, सामुदायिक विकास तथा सदस्य हितकोष, घाटापूर्ति कोष, स्थिरीकरण कोष र अन्य जोखिम व्यवस्थापन कोषमा ५% ले हुन आउने रकम रु.१०,८४,५३८।७३ का दरले कुल रु.६५,०७,२३२।३९ छुट्ट्याएको छ।

ख. **बचत र ऋण सेवाहरु :**

संस्थाले सदस्यहरूलाई सरल र सुलभ रूपमा २० प्रकारका बचत र १७ प्रकारका ऋण सेवाहरू प्रदान गर्दै आइरहेको छ। बचत र ऋणमा बजार अध्ययन कार्यदलको सिफारिसमा सञ्चालक समितिले समयसापेक्ष प्रतिस्पर्धी ब्याजदर कायम गर्न समय समयमा ब्याजदर पुनरावलोकन गर्ने गरेको छ। आ.व. ०८१/०८२ मा विभिन्न मितिमा जम्मा ५ पटक ब्याजदर परिमार्जन गरी लागु गरिएको थियो। आ.व. ०८१/०८२ मा समग्र वित्तीय बजारमा निरन्तर ब्याजदर घट्दो क्रममा रह्यो फलस्वरूप संस्थाको बचत र ऋण सेवामा पनि ब्याजदर घट्दो क्रममै रहन गयो।

१. **बचतका प्रकारहरु तथा सेवामा सहभागिताको अवस्था :**

संस्थाको नियमित बचत, ऐच्छिक बचत र सदस्यता राहत बचत खातामा सदस्यहरूलाई अनिवार्य सहभागिता र अन्य बचत खाताहरूमा स्वैच्छिक सहभागिताको प्रावधान राखिएको छ। आ.व. २०८१/०८२ मा अनिवार्य र स्वैच्छिक बचत खातामा सदस्यहरूको सहभागिताको अवस्था देहायबमोजिम रहेको छ। संस्थामा कायम कुल बचत रकममध्ये नियमित बचतको हिस्सा ३३.६९%, साधारण बचतको हिस्सा ३५.१९ % र आवधिक बचतको हिस्सा ३१.१२% रहेको छ।

| क्र.सं. | बचतका प्रकार | खाता सङ्ख्या | रकम | प्रतिशत |
|---|---|---|---|---|
| १. | नियमित बचत | १९,१५३ | ३७,७६,९०,१२०।९७ | २१।९४ |
| २. | कोपिला बचत | ८,१३२ | १६,६३,६१,५९१।१० | ९।६६ |
| ३. | दैनिक बचत | २,३९१ | ३,१६,०६,८४१।५५ | १।८३ |
| ४. | ऐच्छिक बचत | १८,७६१ | २५,६२,९७,२००।७५ | १४।८९ |
| ५. | संयुक्त ऐच्छिक बचत | ३९ | ४६,०७,३८२।४२ | ०।२७ |
| ६. | आवधिक बचत | ७६९ | ५३,५८,१५,००८।०० | ३१।१२ |
| ७. | सामाजिक बचत | ७ | १७,२२,५५४।८५ | ०।१ |
| ८. | अभिभावक बचत | २४७ | ३,६०,३२,०७१।७० | २।०९ |
| ९. | चाडपर्व बचत | १६ | ९५,७८४।२५ | ०।०१ |
| १०. | गहना बचत | ३२७ | ८२,६२,७९८।५१ | ०।४७ |
| ११. | शिक्षा बचत | ५८ | ३,०४,३७५।४७ | ०।०२ |
| १२. | खत्रुके बचत | २२ | ६६,०७९।४१ | ०।०१ |
| १३. | बीमा बचत | ८६ | ३,७४,७२६।३९ | ०।०२ |
| १४. | शेयर बचत | १,१२६ | ३,४८,६४७।९४ | ०।०२ |
| १५. | बुसा विशेष बचत | ५६२ | २५,४५,६२,८०३।६० | १४।७८ |
| १६. | सदस्य राहत बचत | १७,४२६ | ३,४४,७५,५१०।०० | २ |
| १७. | पर्यटन बचत | ७९२ | ७२,२४,१९३।६९ | ०।४२ |

| | | | | |
|---|---|---|---|---|
| १८. | अक्षयकोष बचत | १ | १०,७२०।८९ | ०।०१ |
| १९. | मातृत्व सुरक्षा बचत | ८४९ | २३,८५,९३२।५१ | ०।१४ |
| २०. | ऋण असुली बचत | १,९४७ | ३४,६५,६७४।८५ | ०।२ |
| | जम्मा | ७२,७११ | १,७२,१७,१०,०१८।८५ | १०० |

## २. ऋणका प्रकारहरु तथा सेवामा सहभागिताको अवस्था :

संस्थामा लगानीमा रहेको ऋणमध्ये उत्पादन तथा रोजगारमूलक क्षेत्रमा ३७.७७%, र अन्य क्षेत्रमा ६२.२३% रहेको छ।

| क्र.सं. | ऋणका प्रकार | खाता सङ्ख्या | रकम | प्रतिशत |
|---|---|---|---|---|
| १. | हायरपर्चेज ऋण | ७२ | ४,४७,८६,४०६।०४ | ३।३३ |
| २. | रोजगार ऋण | २१ | १,०४,६९,०९९।७१ | ०।७८ |
| ३. | आवास ऋण | २२१ | ४१,१७,३५,६७४।५५ | ३०।६१ |
| ४. | व्यावसायिक ऋण | १४५ | ४०,०७,२३,८५१।१९ | २९।८ |
| ५. | कृषि तथा पशुपालन ऋण | ४२ | ५,६८,९५,०२२।०० | ४।२३ |
| ६. | शिक्षा ऋण | ८२ | ११,०९,४७,५४१।३८ | ८।२५ |
| ७. | आवधिक ऋण | ४५ | १,८४,२६,६७६।४३ | १।३७ |
| ८. | खरखाँचो ऋण | ८८ | ४,३६,५१,५१८।७३ | ३।२५ |
| ९. | कर्मचारी सहुलियत ऋण | १८ | १,२०,३३,२००।३२ | ०।८९ |
| १०. | सरल ऋण | १५८० | १०,५६,९९,९०७।५३ | ७।८६ |
| ११. | आपतकालीन ऋण | ० | ० | ० |
| १२. | लघुवित्त ऋण | १६ | ५,४९,७५६।६५ | ०।०४ |
| १३. | व्यक्तिगत ऋण | १२९ | १,८५,४०,१८८।५५ | १।३८ |
| १४. | स्वरोजगार ऋण | २ | १०,७१,८५४।६० | ०।०८ |
| १५. | जग्गा खरिद ऋण | २८ | ६,८६,४२,५४५।१९ | ५।१ |
| १६. | घडेरी खरिद ऋण | १४ | २,७४,०७,२७१।०४ | २।०४ |
| १७. | नियमित बचत सापटी | २१५ | १,३३,५१,५५७।४९ | ०।९९ |
| | जम्मा | २७१८ | १३,४४,९३२,०७१।४० | १०० |

## ३. आर्थिक वर्ष ०८१/०८२ को ऋण लगानी तथा असुली विवरण :

| क्र.सं | ऋण शीर्षक | गत आ.व.मा ऋण लगानी | यस आ.व.मा ऋण लगानी | असुली | बाँकी |
|---|---|---|---|---|---|
| १ | कृषि तथा पशुपालन ऋण | ४,६६,७१,०२३।६५ | २,१२,५५,००० | १,१०,३१,००१।६५ | ५,६८,९५,०२२ |
| २ | व्यवसायिक ऋण | ४२,५२,१९,७५४।३८ | ९,०१,००,००० | ११,४५,९५,९०३।२ | ४०,०७,२३,८५१।२ |
| ३ | सरल ऋण | १०,९५,७०,४३३।८३ | १३,०९,६५,१०० | १३,४८,३५,६२६।३ | १०,५६,९९,९०७।५ |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | शिक्षा ऋण | ८,४७,४६,४८२।७८ | ५,४३,६०,००० | २,८१,५८,९४१।४ | ११,०९,४७,५४१।४ |
| ५ | आपतकालीन ऋण | २३,३००।०० | ८०,००० | १,०३,३०० | ० |
| ६ | कर्मचारी सहुलियत ऋण | १,२२,७५,४०४।५६ | २६,००,००० | २८,४२,२०४।२४ | १,२०,३३,२००।३२ |
| ७ | रोजगार ऋण | ७५,७९,६४०।८६ | ८६,४०,००० | ५७,५०,५४१।१५ | १,०४,६९,०९९।७१ |
| ८ | घडेरी खरिद ऋण | १,२६,२१,३०९।२४ | २,१३,००,००० | ६५,१४,०३८।२ | २,७४,०७,२७१।०४ |
| ९ | आवास ऋण 'क' | ४६,२७,५०,१९८।८२ | ५,०४,४३,४०० | १०,१४,५७,९२४।३ | ४१,१७,३५,६७४।६ |
| १० | हायर पर्चेज २ पाङग्रे | ३७,७७,५३४।७९ | ५९,१७,००० | ३७५९८८१।७६ | ५९,३४,६५३।०३ |
| ११ | हायर पर्चेज ३ पाङ्ग्रे | ४,४१,५०४।१४ | २०,५०,००० | ६,७४,६६८।९१ | १८,१६,८३५।२३ |
| १२ | हायर पर्चेज ४ पाङ्ग्रे | ४,९३,९०,८८६।५१ | ९२,००,००० | २,१५,५५,९६८।७३ | ३,७०,३४,९१७।७८ |
| १३ | खरखाँचो ऋण | ३,४५,०८,९०१।८४ | २,३३,०९,००० | १,४१,६६,३८३।११ | ४,३६,५१,५१८।७३ |
| १४ | जग्गा खरिद ऋण 'ख' | ६,५७,९५,११२।७३ | २,७१,००,००० | २,४२,५२,५६७।५४ | ६,८६,४२,५४५।१९ |
| १५ | आवधिक ऋण | १,५९,८९,५८३।९१ | ५,७९,१३,००० | ५,५४,७५,९०७।४८ | १,८४,२६,६७६।४३ |
| १६ | लघुवित्त ऋण | १०,०३,६५९।२२ | ८,४०,००० | १२,९३,९०२।५७ | ५,४९,७५६।६५ |
| १७ | नियमित बचत सापटी | २२,५२,१९१।२८ | १,७७,६९,४०० | ६६,७०,०३३।७९ | १,३३,५१,५५७।४९ |
| १८ | व्यक्तिगत ऋण | २,००,५९,११९।३३ | १,४४,९०,००० | १,६०,०८,९३०।७८ | १,८५,४०,१८८।५५ |
| १९ | स्वरोजगार ऋण | १४,६३,३२९।६१ | ० | ३,९१,४७५।०१ | १०,७१,८५४।६ |
| जम्मा लगानी | | १,३५,६१,३९,३७१।४८ | ५३,८३,३१,९०० | ५४,९५,३९,२००।०८ | १,३४,४९,३२,०७१।४० |

## ४. ऋण स्वीकृतिको व्यवस्था र स्वीकृत ऋण:

संस्थामा रू. २५ लाखसम्मको ऋण व्यवस्थापनबाट, रू. १ करोड सम्मको ऋण ऋण उपसमितिबाट र सोभन्दा बढी ऋणको लागि सञ्चालक समितिबाट निर्णय गरी ऋण स्वीकृत गर्ने गरिएको छ । रू.५ लाखदेखि माथिका ऋणको लागि अनिवार्य रूपमा संस्थागत मूल्याङ्कनकर्तामार्फत धितो मूल्याङ्कन गराउने व्यवस्था मिलाइएको छ । ऋण स्वीकृतिको आ-आफ्नो सीमा अनुसार सञ्चालक समिति, ऋण उपसमिति र व्यवस्थापनबाट आ.व. २०८१/०८२ मा देहायबमोजिम ऋण स्वीकृत गरियो ।

| क्र.सं. | महिना | सङ्ख्या | स्वीकृत रकम |
|---|---|---|---|
| १ | श्रावण | १६ | २७,०५०,००० |
| २ | भाद्र | २२ | ३४,०००,००० |
| ३ | असोज | १८ | १९,३९०,००० |
| ४ | कात्तिक | १६ | २२,०४०,००० |
| ५ | मंसिर | १४ | २७,८२०,००० |
| ६ | पौष | २३ | २२,०००,००० |
| ७ | माघ | १८ | ३४,४००,००० |

| | | | |
|---|---|---|---|
| ८ | फागुन | १८ | १८,२६०,००० |
| ९ | चैत्र | ३५ | ३८,६००,००० |
| १० | बैशाख | १८ | ९,८६०,००० |
| ११ | जेष्ठ | २४ | ३२,८००,००० |
| १२ | असार | २७ | २८,८५०,००० |
| जम्मा | | २४९ | ३१५,०७०,००० |

**५. ऋण नोक्सानी कोष व्यवस्थापन :**

यस आ.व. को अन्त्यमा संस्थाको भाखा नाघेको ऋण ३.६२ प्रतिशत र पाउनुपर्ने ब्याज हिसाब रू.४७,२८,८१९।५१ मात्र कायम रहनुले संस्थाको ऋणको अवस्था सबल रहेको तथ्यलाई दर्शाउँछ। तथापी देशमा कायम रहेको वित्तीय संकटका कारणले समग्र वित्तीय बजारमा भाखा नाघेको ऋणको बढ्दो आयतनलाई मध्येनजर गरी सम्भावित जोखिमलाई न्यूनीकरण गर्न संस्थाले आवश्यक भन्दा बढी अतिरिक्त रू.२,००,००,०००।- ऋण नोक्सानी व्यवस्था कोष सहित कुल रू.५,७१,६१,९४५।०२ व्यवस्थापन गरेको छ।

**६. सञ्चालक, कर्मचारी र निजहरुको परिवारमा रहेको ऋण (DOSARI Loan):**

यस आ.व. को अन्त्यमा संस्थाका सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति तथा कर्मचारीहरू र तिनका एकाघर परिवार गरी ८९ जनामा कुल रू.५,६५,६२,१२९.२९ ऋण लगानी भएको छ। जुन कुल ऋण लगानीको ४.२१ प्रतिशत हुन आउँछ।

**७. बचत र ऋण सङ्कलनको लागि सदस्यलाई थप सुविधा:**

**७.१ सदाबहार काउण्टर सुविधा :**

बिदाका दिनहरूमा बिहान १०:०० बजेदेखि अपरान्ह १:०० बजेसम्म सदाबहार काउण्टर सुविधा प्रदान गरिएको छ तर बडादशैंको टीका र तिहारको टीकाको दिन कार्यालय पूर्ण रूपमा बन्द रहने गरेको छ। हाललाई यो सुविधा बनेपा जनमैत्री सेवा केन्द्र कार्यालयबाट प्रदान गरिएको छ। प्रत्येक महिनाको सार्वजनिक बिदा बाहेक मसान्तको दिनमा संस्थाको मुख्य कार्यालयमा बिहान ७:३० बजेदेखि १० बजेसम्म बिहानी काउन्टर सुविधाको व्यवस्था मिलाइएको छ।

**७.२ कल डिपोजिट सुविधा :**

सदस्यहरूले कार्यालयमा सम्पर्क गरेमा रू. १० हजारभन्दा माथिको रकम सङ्कलन गर्न कल डिपोजिट सुविधामार्फत् संस्थाका कर्मचारी सम्बन्धित स्थानमा जाने सुविधालाई कायम गरिएको छ।

**७.३. क्षेत्रीय घुम्ती सेवा :**

संस्थाको स्थापना कालदेखि नै सदस्यहरूको सुविधाको लागि संस्थाले मासिक बचतको साथै अन्य बचत ऋण सङ्कलनको लागि क्षेत्रगत रूपमा घुम्ती सेवा प्रदान गर्दै आइरहेको छ।

**७.४. बुसा मोबाइल बैंकिङ्ग र क्यू.आर. मर्चेन्ट सुविधा:**

संस्थाले प्रविधिमा आधारित सेवा सुविधा प्रदान गर्ने क्रममा बुसा मोबाइल बैंकिङ्ग मार्फत मौज्दातको जानकारी, किस्ता सम्बन्धी जानकारी, स्टेटमेन्ट, रकम ट्रान्सफर, कारोबार सचेतक, इन्टरनेटको बिल तिर्ने, टि.भी. रिचार्ज, टेलिफोन र बिजुलीको बिल तिर्ने, ई-सेवा र खल्ती वालेट लोड, मोबाइल डाटा प्याक लिने, इन्स्योरेन्सको भुक्तानी र फोन-पे जस्ता सुविधा हरू प्रदान गरेको छ। असारमसान्तसम्ममा २,३०१ जना सदस्यहरू बुसा मोबाइल बैंकिङ्ग सुविधामा आबद्ध रहनु भएको छ। त्यस्तै संस्थाले ई-सेवा सँग सहकार्य गरी संस्थामा आबद्ध व्यवसाय गर्ने सदस्यहरूलाई निःशुल्क क्यू.आर. मर्चेन्ट सुविधा प्रदान

गरिरहेको छ । असारमसान्तसम्ममा ३७७ जना सदस्यहरूले क्यू.आर. मर्चेन्ट सुविधा प्रयोग गरिरहनु भएको छ ।

७.५ **कारोबार समय :**

सदस्यहरूलाई कारोबारको लागि बिहान ९:३० बजेदेखि बेलुकी ६:०० बजेसम्म समय निर्धारण गरिएको छ तर शुक्रबार र सार्वजनिक बिदाका दिन १:०० घण्टा अगावै कार्यालय बन्द हुनेछ ।
(नोटः कात्तिक १६ गते देखि माघ १५ गतेसम्मको लागि कार्यालय समय बिहान ९:३० देखि बेलुकी ५:०० बजेसम्म कायम गरिएको छ ।)

ग. **कर्मचारी व्यवस्थापन :**

१. **कर्मचारी विवरण :**

संस्थामा आ.व. २०८१/०८२ को असारमसान्तमा देहाय अनुसार दरबन्दीमा ४५ जना कर्मचारीहरू कार्यरत छन् । कर्मचारी खर्चलाई न्यूनीकरण गर्ने उद्देश्यले जनशक्ति सेवा प्रदायक कम्पनी भेट्रान सेक्युरिटी ट्रेनिङ्ग एण्ड सप्लाई प्रा.लि., काठमाडौं मार्फत थप २ जना सुरक्षा सहयोगी लिई काममा लगाइएको छ ।

| क्र.सं. | पद | सङ्ख्या |
|---|---|---|
| १. | प्रमुख कार्यकारी अधिकृत (दशौं तह) | १ |
| २. | कार्यकारी अधिकृत (आठौं तह) | १ |
| ३. | वरिष्ठ अधिकृत (सातौ तह) | १ |
| ४. | अधिकृत (छैठौं तह) | २ |
| ५. | सहायक अधिकृत (पाँचौं तह) | ४ |
| ६. | वरिष्ठ सहायक (चौथो तह) | ३ |
| ७. | सहायक (तेस्रो तह) | १० |
| ८. | कनिष्ठ सहायक (दोस्रो तह) | ७ |
| ९. | सदस्य सहजकर्ता (पहिलो तह) | ७ |
| १०. | सुरक्षा सहयोगी (पहिलो तह) | ४ |
| ११. | सदस्य सहजकर्ता (श्रेणीविहिन) | ४ |
| १२. | सहयोगी (श्रेणीविहिन) | १ |
| जम्मा | | ४५ |

२. **नयाँ कर्मचारी नियुक्ति :**

यस आर्थिक वर्षमा देहायबमोजिम पदहरूमा १२ जना कर्मचारीहरू खुला प्रतिस्पर्धामार्फत करार सेवामा नियुक्ति गरिएको छः

सहायक (तेस्रो तह) : सुजन अधिकारी
सहायक (तेस्रो तह) : रेणुका दाहाल
सहायक (तेस्रो तह) : विनिता तिमल्सिना
कनिष्ठ सहायक (दोस्रो तह) : अस्मिता पुर्कुटी
सदस्य सहजकर्ता (श्रेणीविहीन) : कविता न्यौपाने
सदस्य सहजकर्ता (श्रेणीविहीन) : सुस्मिता बस्नेत

सदस्य सहजकर्ता (श्रेणीविहीन) : सुमित्रा दाहाल
सदस्य सहजकर्ता (श्रेणीविहीन) : पुजा खड्का
सदस्य सहजकर्ता (श्रेणीविहीन) : दुर्गा आचार्य
सदस्य सहजकर्ता (श्रेणीविहीन) : प्रिया श्रेष्ठ
सदस्य सहजकर्ता (श्रेणीविहीन) : मनिष अधिकारी
सहयोगी (श्रेणीविहीन) : शोभा थापा

३. कर्मचारी बढुवा:

यस आर्थिक वर्षमा अधिकृत (छैठौ तह) पदमा कार्यरत कर्मचारी श्री उमेश आचार्य र सहायक अधिकृत (पाँचौ तह) पदमा कार्यरत कर्मचारी श्री दिपक अधिकारीलाई कार्यसम्पादन मूल्याङ्कनको आधारमा १/१ तह बढुवा गरी नियुक्ति गरिएको छ। साथै सहायक (तेस्रो तह) पदमा कार्यरत श्री कविता श्रेष्ठलाई आन्तरिक प्रतिस्पर्धाको आधारमा १ तह बढुवा गरिएको छ।

४. राजीनामा :

आफ्नो व्यक्तिगत कारण खुलाई फिल्ड सहयोगी पदमा कार्यरत श्री श्रीकृष्ण श्रेष्ठले दिनुभएको राजीनामा २०८१ भदौ ८ गते, कनिष्ठ अधिकृत पदमा कार्यरत श्री दिपक तिमल्सिना र फिल्ड सहयोगी पदमा कार्यरत श्री कुमार बडालले दिनुभएको राजीनामा २०८१ कात्तिक १० गते, कनिष्ठ सहायक पदमा कार्यरत श्री नविना श्रेष्ठ र श्री सुनिता सञ्जेलले दिनुभएको राजीनामा २०८१ माघ ५ गते, कनिष्ठ सहायक पदमा कार्यरत श्री सुशान्त दाहाल र सुरक्षा सहयोगी पदमा कार्यरत श्री देवराज सुवेदीलले दिनुभएको राजीनामा २०८१ फागुन २३ गते, सदस्य सहजकर्ता पदमा कार्यरत श्री दुर्गा आचार्यले दिनुभएको राजीनामा २०८१ चैत्र २९, कनिष्ठ अधिकृत पदमा कार्यरत श्री दिनेश बास्कोटाले दिनुभएको राजीनामा २०८२ जेठ ३० गते, सदस्य सहजकर्ता पदमा कार्यरत श्री कविता न्यौपाने र श्री मनिष अधिकारीले दिनुभएको राजीनामा २०८२ असार ३१ गतेको सञ्चालक समितिको बैठकको निर्णयबाट स्वीकृत गरियो।

५. कार्यसम्पादन मूल्याङ्कन तथा कार्य विवरण वितरण :

संस्थाले आफ्नो वार्षिक कार्ययोजना अनुरूप सदस्य केन्द्रित कार्यक्रमहरू, संस्थागत कार्यक्रमहरू र संस्थाको वित्तीय लक्ष्यहरू सहितको कार्य विवरण आ.व.को पहिलो दिनमा नै संस्थाको सञ्चालक समितिको तर्फबाट सचिवले प्रमुख कार्यकारी अधिकृतलाई, प्रमुख कार्यकारी अधिकृतले कार्यकारी अधिकृत, विभागीय प्रमुख, शाखा प्रमुख र सेवाकेन्द्र प्रमुखलाई र विभागीय प्रमुख, शाखा प्रमुख र सेवाकेन्द्र प्रमुखले आफू मातहतका कर्मचारीहरूलाई कार्यविवरण प्रदान गर्ने गरिएको छ र प्रदान गरिएको लक्ष्य र अन्य समग्र कार्यसम्पादनको मूल्याङ्कनको आधारमा आ.व. को पहिलो महिनामा नै कर्मचारीहरूलाई विभिन्न प्रोत्साहन सहित पुरस्कृत गर्ने गरिएको छ।

६. कर्मचारी सेवा सुविधा :

संस्थालाई सफलताका साथ अगाडि बढाउनको लागि संस्थामा कार्यरत कर्मचारीहरूको महत्वपूर्ण भूमिका रहेको हुन्छ। संस्थाको नीति, निर्देशिकाहरूको कार्यान्वयन र संस्थाले लिएको लक्ष्यलाई पूरा गर्ने प्रमुख जिम्मेवारी व्यवस्थापनको हुने हुनाले कर्मचारीहरूको योगदानलाई दृष्टिगत गरी संस्थाले मासिक तलबका अतिरिक्त देहायबमोजिमका सेवा तथा सुविधाहरू समेत उपलब्ध गराउँदै आएको छः

६.१ मासिक तलब, ग्रेड :

संस्थाले कार्यरत आफ्ना कर्मचारीहरूलाई श्रम ऐनको परिधिभित्र रही प्रतिस्पर्धी तलब, ग्रेड लगायतका सुविधाहरूको व्यवस्था गर्दै आएको छ साथै कर्मचारीहरूलाई तहगत रूपमा मासिक प्रोत्साहन भत्ता उपलव्ध गराइदै आएको छ। संस्थाको नाफाको अवस्था, संस्थागत पूँजीको वृद्धि, सदस्यता वृद्धि, कुल सम्पत्तिको वृद्धि, सरकारी तलब स्केलको वृद्धि, मुद्रास्फितिको अवस्था आदिलाई विश्लेषण गरी प्रत्येक

२/२ वर्षमा तलबको पुनरावलोकन गर्ने व्यवस्था मिलाइएको छ।

६.२ सामाजिक सुरक्षा कोष :

संस्थामा कार्यरत कर्मचारीहरूलाई मिति २०७६ साउनदेखि सामाजिक सुरक्षा कोषमा आबद्ध गराई नियमानुसारको योगदान गराउँदै आएको र २०८१ असारमसान्तसम्म ४४ जना कर्मचारीहरूको सहभागिता भइसकेको छ।

६.३ प्रोत्साहन भत्ता :

कर्मचारीहरूलाई प्रत्येक आ.व.मा तोकिएको लक्ष्यको कम्तीमा ६०% उपलब्धि हासिल गर्ने कर्मचारीहरूलाई उनीहरूको उपलब्धि प्रतिशतको आधारमा खाईपाई आएको तलबले हुन आउने रकम र ९० प्रतिशत लक्ष्य उपलब्धि हासिल गर्ने कर्मचारीहरूलाई १ महिना बराबरको तलबले हुन आउने रकम प्रोत्साहन भत्ता स्वरूप प्रदान गर्ने गरिएको छ। कर्मचारीहरूलाई दिइएको लक्ष्यको उपलब्धि अनुसार आ.व. २०८१/०८२ मा रू.२६५,६३४।०० प्रोत्साहन भत्ता स्वरूप वितरण गरिएको थियो।

६.४ पर्व खर्च :

पर्व खर्च बापत १ महिनाको खाईपाई आएको आधारभूत तलब बराबरको रकम उपलब्ध गराउने व्यवस्था रहेको छ।

६.५ कार्यालय पोशाक :

प्रत्येक कर्मचारीलाई वार्षिक रू. ८,०००।- का दरले पोशाक खर्च उपलब्ध गराइएको छ।

६.६ कर्मचारी बोनस :

संस्थाको खुद बचत (मूनाफा) को आधारमा कर्मचारी बोनस कोषमा जम्मा हुन आउने रकमबाट कर्मचारीलाई अधिकतम ३ महिना बराबरको खाईपाई आएको तलब रकम बोनस उपलब्ध गराउने व्यवस्था अनुरूप कर्मचारी बोनस कोषमा रहेको रकमबाट आर्थिक वर्ष २०८१/०८२ मा ३ महिना बराबर रू.३६,४९,९८५।८५ बोनस रकम वितरण गरिएको थियो।

६.७ कर्मचारीहरुको आ.व. ०८१/०८२ मा भएको तालिम, गोष्ठी, भ्रमण तथा सहभागिताको विवरण :

| क्र.सं. | मिति | सहभागीको नाम | तालिम तथा कार्यक्रमको नाम | आयोजक संस्थाको नाम |
|---|---|---|---|---|
| १ | २०८१/०८/१८ | उमेश आचार्य | सहकारीका समसामयिक अड्चन र निकास विषयक बागमती प्रदेश स्तरीय गोष्ठि | राष्ट्रिय सहकारी बैंक |
| २ | २०८१/०८/१८ | अशोक खत्री | Farmers Business Game | नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून) |
| ३ | २०८१/०९/०५ | सागर कुँवर, सजना हुमागाई, दुर्गा कार्की, शुसिला मानन्धर | Anti Money Laundering (AML) Training | सिटि एक्सप्रेस रेमिट |
| ४ | २०८१/०९/१७ | रञ्जना सुवाल, मुकेश पहरी | GoAML Reporting Orientation Program | बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि. (प्रोस्कुन) |
| ५ | २०८१/११/१३ | सजना हुमागाई | Dealing with member & Behaviour Training | जिल्ला सहकारी संघ, काभ्रे |
| ६ | २०८१/११/१९ | प्रकाश भुर्तेल | २५औं वार्षिकोत्सव कार्यक्रम | ज्योती मिर्मिरे सामुहिक साकोस |

| | | | | |
|---|---|---|---|---|
| ७ | २०८१/११/२२ | विशिराम थापा | बजार प्रतिनिधिहरूको क्षमता अभिवृद्धि तालिम | काभ्रेपलाञ्चोक जिल्ला बचत संघ |
| ८ | २०८१/११/२५ | सुजन पराजुली, विनिता तिमल्सिना | जाली नोट पहिचान तथा दस्तखत प्रमाणिकरण | जिल्ला सहकारी संघ, काभ्रे |
| ९ | २०८१/१२/०६ | दुर्गा कार्की, रेणुका दाहाल | फ्रन्ट डेस्कका कर्मचारीहरूको उत्प्रेरणा तालिम | डाईनामिक रिसर्च एण्ड डेभलपमेन्ड सेन्टर सारथी होटल |
| १० | २०८१/१२/१७ | निराजन भुजेल | ऋण अधिकृतहरूको क्षमता अभिवृद्धि | नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून) |
| ११ | २०८२/०१/१६ | रञ्जना सुवाल | यूवाको लागि वित्तीय शिक्षा प्रशिक्षक प्रशिक्षण | बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि. (प्रोस्कुन) |
| १२ | २०८२/०३/१० | रञ्जना सुवाल | सहकारीमा दिगो वित्तीय व्यवस्थापन तालिम | काभ्रेपलाञ्चोक जिल्ला बचत संघ र जिल्ला सहकारी संघ, काभ्रे |

## घ. सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति तथा उपसमितिहरुको गतिविधि :

### १. सञ्चालक समिति :

### १.१ सञ्चालक समितिको बैठक सङ्ख्या र उपस्थिति :

आर्थिक वर्ष २०८१/०८२ मा सञ्चालक समितिको बैठक २७ पटक र २५ औं साधारण सभाबाट नवनियुक्त सञ्चालक समितिको बैठक २१ पटक बसेको थियो । समग्रमा नवनियुक्त सञ्चालक समितिको बैठकमा उपस्थिति दर ९२.६४ प्रतिशत रहेको देखिन्छ ।

| क्र.सं. | नाम, थर | पद | उपस्थिति | उपस्थिति प्रतिशत |
|---|---|---|---|---|
| १ | कैलाश के.सी. | अध्यक्ष | २० | ९५.२४ |
| २ | प्रकाश भुर्तेल | उपाध्यक्ष | १८ | ८५.७१ |
| ३ | जयराम थापा | सचिव | २० | ९५.२४ |
| ४ | राधेश्याम के.सी. | कोषाध्यक्ष | २० | ९५.२४ |
| ५ | गीता कुँवर क्षेत्री | सह-सचिव | २० | ९५.२४ |
| ६ | राधाकृष्ण श्रेष्ठ | सह-कोषाध्यक्ष | १८ | ८५.७१ |
| ७ | हरिराम कुँइकेल | सदस्य | २० | ९५.२४ |
| ८ | गायत्री खड्का | सदस्य | १९ | ९०.४८ |
| ९ | सुनिता मल्ल | सदस्य | २१ | १०० |
| १० | भवानी के.सी. | सदस्य | १७ | ८०.९५ |
| ११ | अर्मेसा लामा | सदस्य | २१ | १०० |

## १.२ सहभागिता तथा प्रतिनिधित्व :

| क्र.स. | मिति | सहभागीको नाम | तालिम तथा कार्यक्रमको नाम | आयोजक संस्थाको नाम |
|---|---|---|---|---|
| १ | २०८१/०४/१३ | जयराम थापा, विवेक राज ठकुरी | चौंथो वार्षिकोत्सव समारोह कार्यक्रम | बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि. (प्रोस्कुन) |
| २ | २०८१/०४/३२ | जयराम थापा | ३७औं स्थापना दिवस | नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून) |
| ३ | २०८१/०५/२६ | प्रेमनाथ शर्मा कोईराला | ४३औं साधारण सभा कार्यक्रम | जिल्ला सहकारी संघ, काभ्रे |
| ४ | २०८१/०५/२८ | प्रकाश भुर्तेल | आकु फोरम | Asian Credit Union |
| ५ | २०८१/०७/२३ | कैलाश के.सी | चौंथो वार्षिक साधारण सभा | बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि. (प्रोस्कुन) |
| ६ | २०८१/०८/१४ | अर्मेसा लामा | महिला सञ्चालकहरूको नेतृत्व विकास | जिल्ला बचत संघ, काभ्रे |
| ७ | २०८१/०८/२१ | कैलाश के.सी., विवेक राज ठकुरी | एक्सेस प्रथम समुह सिकाई कार्यशाला राष्ट्रिय गोष्ठि | नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून) |
| ८ | २०८१/०८/२९ | प्रकाश भुर्तेल | २१औं वार्षिक साधारण सभा | राष्ट्रिय सहकारी बैंक |
| ९ | २०८१/०९/०५ | कैलाश के.सी. | ३३औं वार्षिक साधारण सभा कार्यक्रम | नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून) |
| १० | २०८१/०९/१० | कैलाश के.सी. | २७औं वार्षिक साधारण सभा कार्यक्रम | काभ्रेपलाञ्चोक जिल्ला बचत संघ |
| ११ | २०८१/११/२८ | मणिराज श्रेष्ठ | ऋण लगानी र असुलीका कानुनी प्रक्रिया तालिम | डाईनामिक रिसर्च एण्ड डेभलपमेन्ड सेन्टर, सारथी होटल |
| १२ | २०८१/१२/०८ | प्रकाश भुर्तेल | प्रथम बागमती प्रदेश सहकारी सम्मेलन २०८१ | बागमती प्रदेश सहकारी संघ लि. |
| १३ | २०८१/१२/१५ | कैलाश के.सी. | बागमती प्रदेशका सहकारी संस्थाहरूको समस्या समाधानका लागि साझा प्रयास | बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि. (प्रोस्कुन) |
| १४ | २०८१/१२/१७ | प्रकाश भुर्तेल | F.W.Raiffeisen को जन्मजयन्तीको अवसरमा नेपालको सहकारी अभियानमा वित्तिय सहकारीहरूको आगामी मार्गचित्र | नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून) |
| १५ | २०८२/०१/०६ | कैलाश के.सी., विवेक राज ठकुरी | मापदण्डको व्यवस्थाहरूको बारे अन्तरक्रिया कार्यक्रम | काभ्रेपलाञ्चोक जिल्ला बचत संघ र जिल्ला सहकारी संघ, काभ्रे |
| १६ | २०८२/०१/१९ | कैलाश के.सी., विवेक राज ठकुरी | दोस्रो एक्सेस राष्ट्रिय कार्यशाला गोष्ठि | नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून) |

१.३ **छाता सङ्गठनहरुमा नेतृत्व :**

यस संस्थाका अध्यक्ष श्री कैलाश के.सी. बागमति प्रदेश बचत तथा ऋण सहकारी संघ लि.को सदस्य सेवा उपसमितिको सदस्यको रूपमा नेतृत्व गरिरहनु भएको छ।

२. **लेखा सुपरिवेक्षण समिति :**

२.१ **बैठक सङ्ख्या :**

आ.व. २०८१/०८२ मा लेखा सुपरिवेक्षण समितिको बैठक २८ पटक बसेको थियो।

२.२ **गतिविधिहरु :**

२.२.१ आन्तरिक लेखा परीक्षण गरिएको।

२.२.२ संस्थाको प्रगतिको लागि सुधारात्मक सुझावहरू प्रदान गरिएकोमा महत्वका साथ कार्यान्वयनमा लगिएको।

२.२.३ संस्थाको मुख्य कार्यालय लगायत सबै सेवाकेन्द्रहरूको नियमित अनुगमन तथा निरीक्षण गरिएको।

३. **ऋण उपसमिति :**

३.१ **बैठक सङ्ख्या :**

आ.व. २०८१/०८२ मा ऋण उपसमितिको बैठक ३८ पटक र व्यवस्थापन ऋण उपसमितिको बैठक ८५ पटक गरी जम्मा १२३ पटक बसेको थियो। धितो निरीक्षण, लगानी पूर्व परियोजना निरीक्षण, लगानी पश्चात परियोजना अनुगमन गरी थप ६४ पटक उपस्थिति रहेको थियो। साथै भाखा नाघेको ऋण असुलीको लागि ऋण उपसमितिबाट वर्षैभरी सक्रिय सहभागिता रहेको देखिन्छ।

४. **महिला तथा सामाजिक सांस्कृतिक उपसमिति :**

४.१ **बैठक सङ्ख्या :**

आर्थिक वर्ष २०८१/०८२ मा महिला तथा सामाजिक सांस्कृतिक उपसमितिको बैठक १२ पटक बसेको थियो।

| क्र.सं. | कार्यक्रम | वितरण |
|---|---|---|
| १. | रक्तदान कार्यक्रम (२०८१।०८।२२ गते र २०८२।०१।२४) | कुल ६७ जना रक्तदाताहरूबाट ६७ पिन्ट रगत सङ्कलन। |
| २. | राहत कार्यक्रम | ५३ जना सदस्यहरूको मृत्यु भएकोमा मृतक सदस्यको परिवारलाई कूल रु. १४,००,०००।- हस्तान्तरण। |
| ३. | जटिल रोग उपचार खर्च वितरण | ४७ जना सदस्यहरुलाई कूल रू. ८,९८,३३३।- उपचार खर्च उपलब्ध हस्तान्तरण। |
| ४. | सुत्केरी उपचार सहयोग | १०६ जना सदस्यहरुलाई कुल रू. ५,१८,३४३।- सुत्केरी उपचार सहयोग हस्तान्तरण। |
| ५. | सुत्केरी भेटघाट तथा खुत्रुके वितरण | २३० जना सुत्केरीलाई रू.२,३०,०००।- वितरण सहित भेटघाट गरी नवजात शिशुलाई बाल सदस्यता र खुत्रुके वितरण। |
| ६. | प्राकृतिक प्रकोप राहत सहयोग | ३० जना सदस्यहरूलाई कूल रू. ४,१२,५००।- प्राकृतिक प्रकोप राहत सहयोग हस्तान्तरण। |
| ७. | नव दुलही भेटघाट | ११ जना नवविवाहितलाई भेटघाट गरी प्रतिव्यक्ति १० कित्ता शेयर प्रदान सहित सदस्यता प्रदान। |

५. शिक्षा तथा प्रकाशन उपसमिति :

५.१ बैठक सङ्ख्या :

आर्थिक वर्ष २०८१/०८२ मा शिक्षा तथा प्रकाशन उपसमितिको १३ पटक बैठक बसेको थियो ।

५.२ गतिविधिहरु (सारांश) :

| क्र.सं. | कार्यक्रम | विवरण |
|---|---|---|
| १. | भित्तेपात्रो प्रकाशन | १०,००० प्रति प्रकाशन |
| २. | प्रतिवेदन पुस्तिका छपाइ | ५,००० प्रति प्रकाशन |
| ३. | कापी, कलम/पेन्सिल वितरण | ३५,००० थान कापी, ११,००० थान पेन र १३,००० थान पेन्सिल |
| ४. | एस.ई.ई. सम्मान कार्यक्रम (२०८१ साउन १९) | १५० जना विद्यार्थीहरूलाई सम्मान |

६. कर्मचारी पदपूर्ति उपसमिति :

६.१ आर्थिक वर्ष २०८१/०८२ मा कर्मचारी पदपूर्ति उपसमितिको २९ पटक बैठक बसेको थियो ।

६.२ गतिविधिहरु :

उपसमितिले विषय विज्ञ समेतको सहयोगमा आ.व. २०८१/०८२ मा खुला प्रतिस्पर्धामार्फत सहायक तेस्रो तह (करार सेवा)मा ३ जना, खुल्ला प्रतिस्पर्धामार्फत कनिष्ठ सहायक दोस्रो तह (करार सेवा) मा १ जना, खुल्ला प्रतिस्पर्धामार्फत सदस्य सहजकर्ता श्रेणीविहीन तह (करार सेवा) मा ७ जना, खुला प्रतिस्पर्धामार्फत सहयोगी श्रेणीविहीन (करार सेवा) मा १ जनाको छनौट गर्ने क्रममा सूचना प्रकाशन, छोटो सूची तयारी तथा प्रकाशन, लिखित परीक्षा र अन्तर्वार्ता सञ्चालन, प्रयोगात्मक परीक्षा, नतिजा प्रकाशनलगायतका विभिन्न गतिविधि सञ्चालन गरेको थियो ।

७. सेवाकेन्द्र व्यवस्थापन उपसमितिहरु :

| क्र.सं. | सेवाकेन्द्रको नाम | बैठक सङ्ख्या | सम्पन्न मुख्य कार्यक्रम तथा गतिविधिहरु |
|---|---|---|---|
| १. | टुकुचा जागरण सेवाकेन्द्र | ३ | एकाइ साधारण सभाः १,६०० जना उपस्थित, सुत्केरी उपचार खर्च वितरण १६ जना, सुत्केरी भेटघाट २६ जना, सदस्यता राहत वितरण ८ जना, जटिलरोग उपचार खर्च वितरण ९ जना, दैवी विपत्ति सहयोग २ जना, कापीपेन्सिल वितरण कार्यक्रम ७७५ जनालाई, दीपावली कार्यक्रम १ वटा, विद्यालयमा बुसा कार्यक्रम २ वटा, सदस्यता अभिवृद्धि कार्यक्रम १४ वटा र ५४ जना नयाँ सदस्यता । |
| २. | धुलिखेल सेवाकेन्द्र | ३ | एकाइ साधारण सभाः १,१९९ जना उपस्थित, सुत्केरी उपचार खर्च वितरण १७ जना, सुत्केरी भेटघाट ३५ जना, सदस्यता राहत वितरण ३ जना, नवदुलही भेटघाट ५ जना, जटिल रोग उपचार खर्च वितरण ८ जना, दैवी विपत्ति सहयोग ५ जना, कापीपेन्सिल वितरण कार्यक्रम ८१४ जनालाई, दीपावली कार्यक्रम १ वटा, विद्यालयमा बुसा कार्यक्रम २ वटा, सदस्य जागरण कार्यक्रम २ वटा, सदस्यमाझ बुसा कार्यक्रम १ वटा, सदस्यता अभिवृद्धि कार्यक्रम ९ वटा र २८ जना नयाँ सदस्यता । |

| | | | |
|---|---|---|---|
| ३. | बनेपा जनमैत्री सेवाकेन्द्र | ३ | एकाइ साधारण सभाः १,६९७ जना उपस्थित, सुत्केरी उपचार खर्च वितरण २० जना, सुत्केरी भेटघाट ४१ जना, सदस्यता राहत वितरण ९ जना, जटिल रोग उपचार खर्च वितरण ६ जना, दैवी विपत्ति सहयोग ११ जना, कापीपेन्सिल वितरण कार्यक्रम ९४२ जनालाई, सहकारी शिक्षा शिविर ३ वटा (९९ जना), दीपावली कार्यक्रम १ वटा, विद्यालयमा बुसा कार्यक्रम १ वटा, सदस्य जागरण कार्यक्रम ३ वटा, सदस्यता अभिवृद्धि कार्यक्रम २५ वटा र १२५ जना नयाँ सदस्यता । |
| ४ | पाँचखाल सेवाकेन्द्र | ६ | एकाइ साधारण सभाः ६४० जना उपस्थित, सुत्केरी उपचार खर्च वितरण ६ जना, सुत्केरी भेटघाट १९ जना, सदस्यता राहत वितरण १ जना, नवदुलही भेटघाट २ जना, जटिल रोग उपचार खर्च वितरण १ जना, दैवी विपत्ति सहयोग १ जना, कापी पेन्सिल वितरण कार्यक्रम ३२५ जनालाई, दीपावली कार्यक्रम १ वटा, विद्यालयमा बुसा कार्यक्रम १ वटा, सदस्यता अभिवृद्धि कार्यक्रम ४९ वटा र १२५ जना नयाँ सदस्यता । |

ङ) **संस्थागत कार्यक्रम तथा गतिविधिहरु :**

१. **२५ औं वार्षिक साधारण सभा :**

संस्थाको २५औं वार्षिक साधारण सभा चार वटा एकाई बैठक २०८१ असोज १३ गतेबाट शुरू भई निर्णय प्रमाणित सभा असोज १९ गते सम्पन्न भएको थियो । उक्त साधारण सभामा १०,५०७ जना (५५।३० प्रतिशत) सदस्यहरूको उपस्थिति रहेको व्यहोरा जानकारी गराउँदछु । साथै यसै साधारण सभाले सञ्चालक समिति ११ पद र लेखा सुपरिवेक्षण समिति ३ पद निर्वाचन प्रक्रियामार्फत निर्विरोध ४ वर्षको लागि चयन गरेको थियो ।

२. **२६ औं वार्षिकोत्सव कार्यक्रम** :

मिति २०८१ साल माघ १६ गते संस्थाको २६ औं वार्षिकोत्सव कार्यक्रम सम्पन्न गरिएको थियो । सो अवसरमा देहायबमोजिम वर्षका उत्कृष्ट सदस्य तथा कर्मचारीहरू सम्मान तथा पुरस्कृत गरिएको थियो ।

२.१ उत्कृष्ट बचतकर्ता : महिलातर्फ श्री बसुन्धरा के.सी., पुरूषतर्फ श्री उत्सव के.सी.

२.२ उत्कृष्ट ऋणी : महिलातर्फ श्री मुनामाई दुलाल, पुरूषतर्फ श्री प्रशान्त गिरी

२.३ उत्कृष्ट कोपिला बचतकर्ता : बालिकातर्फ सुश्री रायना श्रेष्ठ, बालकतर्फ श्री आयन गनेजु

२.४ उत्कृष्ट कर्मचारी : वरिष्ठ सहायक सागर कुँवर

२.५ संरक्षित पुँजीफिर्ता कोषबाट अधिकतम रकम फिर्ता : महिलातर्फ श्री बन्दना न्यौपाने, पुरूषतर्फ श्री दिपकरत्न शाक्य

२.६ बुसा दीर्घ सेवा पदक : श्री इन्दिरा कार्की के.सी.

२.७ बुसा शैक्षिक सम्मान : श्री अन्जना देवजु स्नातकोत्तर तह उत्कृष्ट, श्री सुभेक्षा श्रेष्ठ स्नातक तह उत्कृष्ट, श्री आयुश लम्साल दश जोड तह उत्कृष्टलाई नगद सहित सम्मान साथै स्नातकोत्तर, स्नातक र दश जोड तह उत्तीर्ण थप ३१ जनालाई शैक्षिक सम्मान

२.८ रक्तदान सम्मान : १० पटक रक्तदान गर्नुहुने श्री रामकुमार भुजेल र ५ पटक रक्तदान गर्नुहुने श्री सुवर्ण के.सी.

३. **समीक्षा बैठक :**

संस्थाको आ.व. ०८०/०८१ को वार्षिक कार्ययोजना तथा निर्धारित लक्ष्य अनुसार भए गरेका उपलब्धिहरूको समीक्षा गर्न मिति २०८१ भाद्र ८ गते वार्षिक समीक्षा बैठक संस्थाको मुख्य कार्यालयको

सभाहल, बुडोलमा सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, सल्लाहकार, विभिन्न उपसमिति, सेवाकेन्द्र व्यवस्थापन उपसमिति र उच्च व्यवस्थापनका कर्मचारीहरूको उपस्थितिमा सम्पन्न भएको थियो । बैठकले आर्थिक वर्ष ०८०/०८१ मा संस्थाले गरेको प्रगतिउपर छलफल गरी आगामी दिनहरूका लागि आवश्यक सुधारका रणनीतिहरू समेत तर्जुमा गरेको थियो । मिति २०८१ कात्तिक १० गते आ.व. ०८१/०८२ को प्रथम त्रैमासिक समीक्षा बैठक संस्थाको मुख्य कार्यालय, बुडोलमा, मिति २०८१ माघ २५ गते अर्धवार्षिक समीक्षा बैठक र मिति २०८२ वैशाख १३ गते तेस्रो त्रैमासिक समीक्षा बैठक चेतना केन्द्र, बुडोलमा सम्पन्न गरेको थियो । उक्त कार्यक्रममा उपलब्धिहरूको समीक्षा गर्दै सम्पन्न हुन नसकेका कार्यक्रम तथा पूरा हुन बाँकी लक्ष्यहरू हासिल गर्न विभिन्न रणनीतिहरू समेत तय गरिएको थियो ।

## ४. संरक्षित पुँजीफिर्ता कोष वितरण कार्यक्रम :

सहकारी ऐन २०७४ र नियमावली २०७५ अनुसार संस्थाको संरक्षित पूँजीफिर्ता कोषमा रहेको रकम योगदानको आधारमा बचतकर्ता तथा ऋणीहरूलाई वितरण गर्नुपर्ने प्रावधान अनुसार आ.व. ०८१/०८२ मा ऋणतर्फ सदस्यहरूले तिरेको ब्याजमा २.५ प्रतिशत र बचततर्फ सदस्यहरूले प्राप्त गरेको ब्याजमा २.५ प्रतिशतले हुन आउने जम्मा रू.७४,३२,३७५।२८ वितरण गरियो ।

## ५. शेयर लाभांश वितरण :

आ.व. २०८१/०८२ मा सदस्यहरूलाई शेयर लाभांश कोषबाट १० प्रतिशतको दरले हुन आउने रू.१,६३,०७,४००।९६ वितरण गरियो ।

## ६. आर्थिक सुरक्षा कार्यक्रम :

### ६.१ दुर्घटना बीमा कार्यक्रम :

संस्थामा आबद्ध १६ वर्ष माथि उमेर समूहका शेयर सदस्यहरुलाई निःशुल्क दुर्घटना बीमा सुविधा उपलब्ध गराउँदै आएकोमा सवारी दुर्घटनामा परी निधन हुने देहायबमोजिम सदस्यका परिवारलाई बीमा दावी रकम हस्तान्तरण गरियोः

| क्र.सं. | नाम, थर | ठेगाना | दावी रकम | हस्तान्तरण मिति |
|---|---|---|---|---|
| १ | दोलखबहादुर आचार्य (स.नं.४४३६) | बनेपा-१०, थापागाउँ | १ लाख | २०८१।०६।२२ |

### ६.२

संस्थामा आबद्ध बुसा विशेष खाता खोल्ने सदस्यहरूलाई निःशुल्क ३ लाख बराबरको दुर्घटना बीमा र ४० हजार बराबरको घातक रोग बीमा कार्यक्रम अन्तर्गत देहायको सदस्यलाई घातक रोग बीमा अन्तर्गत रकम हस्तान्तरण गरियोः

| क्र.सं. | नाम, थर | ठेगाना | दावी रकम | हस्तान्तरण मिति |
|---|---|---|---|---|
| १ | उत्तरादेवी श्रेष्ठ (स.नं.२९७८) | धुलिखेल-७, अड्डाबजार | ४० हजार | २०८१।१२।२० |

### ६.३ मृत्यु राहत सहयोग, उपचार खर्च आदि वितरण :

गत वर्षहरूमा झैं यस वर्ष पनि संस्थाले सदस्य राहत कोषमार्फत आफ्ना सदस्यहरूलाई प्रदान गर्दै आएको राहत, उपचार खर्च, सुत्केरी भत्ता, प्राकृतिक प्रकोपमा सहयोग, नवदुलही सदस्यता जस्ता सुविधाहरूलाई निरन्तरता दिइयो । आ.व. २०८१/०८२ मा देहायअनुसार सुविधाहरू वितरण गरियोः

| क्र.सं. | कार्यक्रमको विवरण | लाभान्वित सदस्यता सङ्ख्या | रकम |
|---|---|---|---|
| १ | सदस्यता मृत्यु राहत कार्यक्रम | ५३ जना | १४,००,०००।- |
| २ | जटिल रोग उपचार खर्च वितरण | ४७ जना | ८,९८,३३३।- |
| ३ | सुत्केरी उपचार खर्च वितरण | १०६ जना | ५,१८,३४३।- |

| | | | |
|---|---|---|---|
| ४ | सुत्केरी भेटघाट तथा खुत्रुके वितरण | २३० जना | २,३०,०००।- |
| ५ | प्राकृतिक प्रकोप राहत सहयोग | ३० जना | ४,१२,५००।- |
| ६ | नवदुलही भेटघाट कार्यक्रम | ११ जना | ११,०००।- |
| ७ | मातृत्व सुरक्षा सहयोग | ८८ जना | ४४,०००।- |
| जम्मा | | ५६५ जना | ३५,१४,१७६।- |

७. **सदस्य शिक्षा शिविर तथा विस्तारित मञ्च :**

संस्थामा आबद्ध सदस्यहरुलाई सहकारी सम्बन्धमा सुसूचित गर्ने उद्देश्यका साथ नयाँ प्रवेश गर्ने तथा समुदायका सम्भावित सदस्यहरुका लागि नियमित रुपमा सहकारी शिक्षा शिविर एवं सदस्यता अभिवृद्धि कार्यक्रमको आयोजना गर्ने गरिएको छ । शिविरमा सदस्यहरुलाई सहकारी अभियान, बचतको महत्व, संस्थाले सदस्यहरुलाई प्रदान गर्ने सेवा सुविधाहरुको बारेमा विस्तृत रुपमा अन्तर्क्रियात्मक कार्यक्रमद्वारा जानकारी गराउने गरिएको छ। संस्थाले मिति २०८१ चैत्र ९ गते संस्थाको मुख्य कार्यालयको सभाहलमा युवा भेला तथा वित्तीय साक्षरता कार्यक्रम सम्पन्न गरेको थियो । यस आ.व.मा संस्थाबाट १२५ वटा सदस्यता अभिवृद्धि कार्यक्रमको आयोजना गरिएको थियो ।

८. **विद्यालयमा बुसा कार्यक्रम :**

संस्थाले विगत केही वर्षदेखि विद्यालयमा अध्ययनरत बालबालिकाहरू र युवालाई वित्तीय साक्षरता र सहकारी सम्बन्धी ज्ञान प्रदान गर्ने उद्देश्यले विभिन्न विद्यालयहरूमा गई विद्यालयमा बुसा कार्यक्रम आयोजना सम्पन्न गरेको थियो । मिति २०८१ मंसिर १४ गते श्री पुण्य मा.वि., पनौतीमा, मिति २०८१ मंसिर २४ गते श्री कालिका मा. वि., धुलिखेलमा, मिति २०८१ मंसिर २६ गते श्री सरस्वती शिक्षा गृह मा. वि., पाँचखालमा, मिति २०८१ पुस ४ गते श्री शुभ चामुण्डा मा.वि., नालामा, मिति २०८१ पुस ८ गते ए.बि.एम. स्कुल, बनेपामा, मिति २०८१ पुस १६ गते श्री उग्रचण्डी बोर्डिङ्ग स्कुल, नाला, मिति २०८१ चैत्र ४ गते श्री पूर्ण सञ्जिवनी लंखनामाई , धुलिखेलमा, मिति २०८० चैत्र ५ गते ए.बि.एम स्कुल, बनेपामा, मिति २०८० चैत्र ६ गते श्री प्रगति प्रभात स्कुल, बनेपामा, मिति २०८० चैत्र ७ गते श्री सिद्धार्थ मा.वि., बनेपामा, मिति २०८० चैत्र ८ गते श्री पञ्चकन्या आधारभूत विद्यालय, धुलिखेलमा, मिति २०८१ चैत १० गते श्री निस्ट स्कूल, बनेपामा विद्यालयमा बुसा कार्यक्रम सम्पन्न भएको थियो ।

९. **सुरक्षा सहयोगीहरुको क्षमता विकास तालिम :**

यस संस्थाको आयोजना तथा नेपाल राष्ट्रिय भूतपूर्व सैनिक सङ्घ, जिल्ला कार्यसमिति, काभ्रेपलाञ्चोकको प्राविधिक सहयोगमा संस्थामा सुरक्षा सहयोगी पदमा कार्यरत कर्मचारीहरूको क्षमता विकास गर्ने उद्देश्यले २०८१ भाद्र ५ गतेदेखि ७ गतेसम्म आयोजित "सुरक्षा सहयोगीहरूको क्षमता विकास तालिम" संस्थाको मुख्य कार्यालय, बुडोलमा सम्पन्न गरिएको थियो ।

१०. **एस.ई.ई. सम्मान कार्यक्रम :**

मिति २०८१ साल साउन १९ गते शनिबारको दिन बनेपा-०६, बुडोल स्थित चेतना केन्द्रको सभा हलमा संस्थामा आबद्ध भई २०८१ सालको एस.ई.ई. परीक्षामा सामेल भई उत्कृष्ट अङ्क हासिल गर्ने कोपिला बालबचतकर्ताहरुलाई सम्मान गर्दै एस.ई.ई. सम्मान कार्यक्रम सम्पन्न भएको थियो । संस्थाले एस.ई.ई. परीक्षामा उत्तीर्ण भएका १५० जना विद्यार्थीहरूलाई खादा, मायाको चिनो, टेबल बत्ती र प्रशंसा पत्र सहित सम्मान गरेको थियो ।

११. **वृहत महिला भेला तथा विस्तारित मञ्च कार्यक्रम :**

मिति २०८१ भाद्र १४ गते संस्थाको महिला तथा सामाजिक सांस्कृतिक उपसमितिको आयोजनामा "वृहत् महिला भेला तथा विस्तारित मञ्च कार्यक्रम" संस्थामा आबद्ध महिला सदस्यहरू, सञ्चालक

समिति, विभिन्न उपसमिति र कर्मचारीहरु सहित जम्मा १७६ जनाको सहभागितामा अरनिको पार्टी प्यालेस, बनेपामा सम्पन्न भएको छ । हिन्दु महिलाहरूको महान पर्व तिजको सन्दर्भमा आयोजित कार्यक्रममा संस्थागत प्रस्तुति, नाचगान, दोहोरी लगायतका विभिन्न मनोरञ्जनात्मक प्रस्तुतिहरू भएको थियो । तत्कालिन महिला तथा सामाजिक सांस्कृतिक उपसमितिका संयोजक श्री गीता कुँवर क्षेत्रीको सभापतित्व, बनेपा नगर उपप्रमुख श्री बिमला सापकोटाको प्रमुख आतिथ्यता र संस्थाका अध्यक्ष श्री कैलाश के.सी.को आतिथ्यतामा सम्पन्न उक्त कार्यक्रममा बनेपा हेल्थ केयर, बनेपा, ब्युटिजोन कस्मेटिक्स एण्ड पार्लर, बनेपा र बि.एम.के. ड्राईभिङ्ग सेन्टर, बनेपाले ८ जना महिलाहरूलाई गोलाप्रथाद्वारा विभिन्न उपहारहरूको प्रायोजन गर्नुभएको थियो साथै बनेपा हेल्थ केयरले निःशुल्क रक्तचाप जाँच, मधुमेह जाँच र स्वास्थ्य परामर्श पनि उपलब्ध गराएको थियो ।

१२. **भावी सञ्चालकहरुको नेतृत्व विकास तालिम :**

मिति २०८१ भाद्र २९ गते शनिबार, संस्थाको निर्वाचन नीति २०७४ मा भएको व्यवस्था बमोजिम संस्थाको सञ्चालक समिति र लेखा तथा सुपरिवेक्षण समितिमा उम्मेदवार बन्नको लागि तालिम लिनुपर्ने भएकोले शिक्षा तथा प्रकाशन उपसमितिको आयोजनामा "भावी सञ्चालकहरूको नेतृत्व विकास तालिम" संस्थाका सञ्चालक समिति, लेखा तथा सुपरिवेक्षण समिति, विभिन्न उपसमिति, सम्पर्क व्यक्तिहरू, शेयर सदस्यहरू र कर्मचारीहरु सहित जम्मा ४९ जनाको सहभागितामा चेतना केन्द्र, बुडोलमा सम्पन्न भएको थियो । तालिममा नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि.का सहायक कार्यकारी अधिकृत एवम् सहकारीविद् श्री सञ्जयराज तिमिल्सीनाले प्रशिक्षण दिनुभएको थियो ।

१३. **ज्येष्ठ नागरिक सम्मान कार्यक्रम :**

मिति २०८१ असोज २२ गते संस्थाको महिला तथा सामाजिक सांस्कृतिक उपसमितिको आयोजनामा संस्थामा आबद्ध ज्येष्ठ नागरिक सदस्यहरूलाई सम्मान गरिएको थियो । ७५ वर्ष उमेर पूरा भएका २२१ जना ज्येष्ठ नागरिक सदस्यहरूलाई संस्थाको मुख्य कार्यालय र सेवाकेन्द्र कार्यालयहरूमार्फत पानी तताउने इलेक्ट्रिक जग, रामनामी खादा, मोजा, साबुन, झुल, बिस्कुट र रू. ३ सय रूपैया नगद सहित सम्मान गरिएको हो । कार्यालयसम्म आउन नसक्ने अशक्त सदस्यहरूलाई संस्थाका प्रतिनिधिहरु घर घरमै पुगेर समेत सम्मान गरिएको थियो । संस्थाले विगत २१ वर्षदेखि हरेक वर्ष ज्येष्ठ नागरिकहरूलाई सम्मान कार्यक्रम आयोजना गरी सम्मान गर्दै आइरहेको छ ।

१४. **छलफल तथा अन्तरक्रिया कार्यक्रम :**

मिति २०८१ कात्तिक २६ गते सोमबार, संस्थाको मुख्य कार्यालयमा संघीय संसदको प्रतिनिधि सभा, कृषि सहकारी तथा स्रोत समिति सचिवालय र नेशनल लेजिस्लेटिभ एकेडेमीको सहकार्यमा आयोजित सहकारी ऐन २०७४ को कानुन कार्यान्वयन मापन तथा उत्तरविधायिकी परीक्षण परामर्शका विषयहरूमा छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो । संस्थाले व्यवस्थापन गरेको उक्त कार्यक्रममा नेशनल लेजिस्लेटिभ एकेडेमीका अध्यक्ष श्री परशुराम मेघी गुरूङ्ग, सदस्यद्वय श्री कृष्ण प्रसाद सापकोटा र श्री दीपिका पासवान, संघीय संसद सचिवालयका शाखा अधिकृत श्री ठाकुर प्रसाद प्याकुरेलको उपस्थिति र काभ्रेपलाञ्चोक जिल्ला बचत तथा ऋण सहकारी संघ.लि, सामुदायिक साकोस, बिन्धवासिनी साकोस, चण्डेश्वरी साकोस, ज्योती मिर्मिरे सामुहिक साकोस, मनकामना साकोस, आभाष साकोस, एक्सप्रेस साकोस र सारथी बहुउद्देश्यीय सहकारी संस्था लि.का तर्फबाट सहभागिता रहेको थियो । कार्यक्रममा संघ तथा प्रारम्भिक संस्थाहरूको तर्फबाट विशेषत संघीय, प्रदेश र स्थानीय तहमा सहकारी ऐन, नियमावलीको व्यवस्था, कानुन कार्यान्वयनको अवस्था, प्रभावकारी नियमनमा संघीय, प्रदेश र स्थानीय तहको भूमिका र आवश्यकता र असल सहकारी अभ्यास तथा हाल सहकारी क्षेत्रमा देखिएका समस्या तथा समाधानको विषयहरूमा व्यापक छलफल तथा सुझाव प्रदान गर्ने कार्य भएको थियो ।

१५. **नवनियुक्त उपसमितिहरुको जिम्मेवारी हस्तान्तरण तथा अभिमुखीकरण कार्यक्रम :**

२०८१ मंसिर १ गते शनिबार, संस्थाले सञ्चालक समितिबाट गठन गरिएका विभिन्न उपसमितिहरूका संयोजक तथा सदस्यहरूलाई चयन गरिएको पत्र तथा कार्य विवरण हस्तान्तरण गर्दै नवनियुक्त उपसमितिहरूको जिम्मेवारी हस्तान्तरण तथा अभिमुखीकरण कार्यक्रम सम्पन्न गरेको थियो । संस्थाका अध्यक्ष श्री कैलाश के.सी.को सभापतित्वमा चेतना केन्द्रमा आयोजित कार्यक्रममा संस्थाका सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, सल्लाहकारहरू, नवनियुक्त उपसमिति र कर्मचारीहरु गरी ४९ जनाको सहभागिता रहेको थियो । कार्यक्रमका सहभागीहरूलाई संस्थाका प्रमुख कार्यकारी अधिकृत श्री विवेक राज ठकुरी र प्रमुख सल्लाहकार तथा पूर्व अध्यक्ष श्री रामहरि के.सी. ले प्रशिक्षण गर्नु भएको थियो । यसै कार्यक्रमको सन्दर्भ पारेर संस्थाका अध्यक्षज्यूबाट बुसा सहकारी अध्ययन पुस्तिका विमोचन समेत गरिएको थियो । कार्यक्रममा संस्थाका सल्लाहकारहरूलाई समेत चयन गरिएको पत्र हस्तान्तरण गरिएको थियो ।

१६. **रक्तदान कार्यक्रम :**

"रक्तदान जीवनदान" भन्ने सेवाभावबाट अभिप्रेरित भई संस्थाले लायन्स क्लब अफ काभ्रे गोसाईस्थानसँगको संयुक्त आयोजना र नेपाल रेडक्रस सोसाइटी, काभ्रेको सहकार्यमा मिति २०८१ मंसिर २२ गते शनिबारको दिन बनेपा स्थित चारदोबाटो चोकमा "खुल्ला रक्तदान कार्यक्रम" सम्पन्न भएको थियो । उक्त कार्यक्रममा ४४ जना रक्तदाताहरूले रक्तदान गर्नुभएको थियो ।

त्यसै गरी संस्थाले मिति २०८२ वैशाख २४ गते बुधबार महिला तथा सामाजिक सांस्कृतिक उपसमितिको आयोजनामा ३२ औं रक्तदान कार्यक्रम संस्थाको मुख्य कार्यालयमा सम्पन्न गरेको थियो । नेपाल रेडक्रस सोसाइटी, काभ्रेपलाञ्चोक जिल्ला शाखाको सहकार्यमा सम्पन्न उक्त कार्यक्रममा जम्मा २३ जना रक्तदाताहरूले मानव जीवन रक्षार्थ रक्तदान गर्नुभएको थियो ।

१७. **उत्कृष्ट कार्यसम्पादनमा कर्मचारीहरुको भूमिका विषयक तालिम :**

मिति २०८१ पुस ६ गते शनिबार, संस्थामा कार्यरत कर्मचारीहरूको क्षमता विकास गर्ने उद्देश्यले उत्कृष्ट कार्यसम्पादनमा कर्मचारीहरूको भूमिका विषयक तालिम आयोजना गरिएको थियो । संस्थाका ४४ जना कर्मचारीहरूको सहभागिता रहेको कार्यक्रमलाई सहकारी प्रशिक्षक एवम् सहकारीविद् श्री कुवेर निरौलाले आफ्नो सहकारी क्षेत्रको अनुभवजन्य सिकाई र अभ्यासहरू सहितको प्रस्तुतिकरण मार्फत सहजीकरण गर्नुभएको थियो ।

१८. **The Leadership Bootcamp तालिम :**

संस्थाले नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून) को प्राविधिक सहयोगमा संस्थाका नव निर्वाचित सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिका पदाधिकारीहरूको नेतृत्व क्षमता निखार्ने अभिप्रायले संस्थाको वार्षिक कार्ययोजना बमोजिम मिति २०८१ पुस १८ गतेदेखि २० गतेसम्म The Leadership Bootcamp तालिम सञ्चालन गरेको थियो । प्रख्यात नेतृत्व विशेषज्ञ तथा लेखक John C. Maxwell को Leadershift पुस्तकको ११ वटा अध्यायको अवधारणामा आधारित रही नेफ्स्कुनका प्राचार्य श्री बल्लव तिमल्सिना र कार्यक्रम अधिकृत श्री श्यामराजा तिमल्सिनाको सहजीकरणमा तालिम सञ्चालन गरिएको थियो । तालिम कार्यक्रममा सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, सल्लाहकार, उपसमिति र उच्च व्यवस्थापनका कर्मचारीहरू समेत गरी २४ जनाले सहभागिता जनाउनुभएको थियो ।

१९. **हाजिरीजवाफ प्रतियोगिता कार्यक्रम :**

मिति २०८१ माघ १२ गते शनिबार, संस्था २६ औं वर्षमा प्रवेश गरेको अवसरमा संस्थाको शिक्षा तथा प्रकाशन उपसमितिको आयोजनामा माध्यमिक तहका विद्यार्थीहरूको लागि विद्यालयस्तरिय हाजिरीजवाफ प्रतियोगिता उग्रचण्डी होटल एण्ड बैक्वेट, बनेपामा सम्पन्न गरेको थियो । ११ वटा विद्यालयहरूले

सहभागिता जनाएको प्रतियोगितामा छनौट चरणमार्फत ६ वटा विद्यालयहरू अन्तिम चरणमा समावेश भएका थिए। अन्तिम चरणबाट श्री सर्वमंगला माध्यमिक विद्यालयले प्रथम स्थान, श्री भक्तेश्वर गोसाईंकुण्ड माध्यमिक विद्यालयले द्वितीय स्थान, श्री रत्न चुण्डेश्वर माध्यमिक विद्यालयले तृतीय स्थान र श्री शुभ चामुण्डा माध्यमिक विद्यालयले सान्त्वना स्थान हासिल गरेका थिए। संस्थाले बिजयी प्रतियोगीहरूलाई संस्थाको २६ औं वार्षिकोत्सव समारोहमा नगद राशि सहित पुरस्कार र प्रमाण पत्र वितरण गरेको थियो।

२०. **शालीनदी स्नान तथा तीर्थाटन कार्यक्रम :**

मिति २०८१ माघ २३ गते बुधबार, संस्थाको महिला तथा सामाजिक सांस्कृतिक उपसमितिको आयोजनामा शालीनदी स्नान तथा तीर्थाटन कार्यक्रम सञ्चालन गरिएको थियो। संस्थामा आबद्ध सदस्यहरूलाई शालीनदी स्नान र पशुपतिनाथ मन्दिर दर्शनको लागि यातायात सुविधा सहित आयोजना गरिएको कार्यक्रममा १७० जना सदस्यहरू र संस्थाको तर्फबाट सञ्चालक समिति, उपसमिति र कर्मचारीहरू सहित १२ जनाको उपस्थिति रहेको थियो।

२१. **फोटोग्राफी तालिम :**

संस्थामा कार्यरत कर्मचारीहरूलाई फोटोग्राफी सम्बन्धी प्राविधिक ज्ञान प्रदान गर्ने उद्देश्यले आयोजित ७ दिवसीय फोटोग्राफी तालिम संस्थाको मुख्य कार्यालय, बुडोलमा सम्पन्न भएको थियो। तालिममा संस्थामा कार्यरत १० जना कर्मचारीहरूको सहभागिता रहेको थियो। तालिम मिति २०८१ फागुन १६ गते देखि २२ गतेसम्म आयोजना भएको थियो।

२२. **ज्येष्ठ सदस्य तीर्थाटन कार्यक्रम :**

२०८१ फागुन १७ गते शनिबार, यस संस्थाको महिला तथा सामाजिक सांस्कृतिक उपसमितिको आयोजनामा ज्येष्ठ सदस्य तीर्थाटन कार्यक्रम सम्पन्न भएको थियो। संस्थामा आबद्ध ६० वर्ष उमेर पुगेका ज्येष्ठ सदस्यहरूलाई ललितपुरको पाथीभरा मन्दिर, सरस्वती कुण्ड, टिकाभैरव मन्दिर र बज्रबाराही मन्दिर को दर्शन गराईएको थियो। कार्यक्रममा ६० वर्ष माथिका २०६ जना सदस्यहरू, सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, उपसमिति र कर्मचारीहरू सहित गरी जम्मा २३२ जनाको सहभागिता रहेको थियो।

२३. **कर्मचारीहरुलाई फिजियोथेरापी सम्बन्धी प्रशिक्षण :**

मिति २०८१ फाल्गुण २४ गते शनिबार, संस्थामा कार्यरत कर्मचारीहरूलाई सही कार्यस्थिति तथा कार्यालयमा गर्न सकिने मांसपेशी तन्काउन व्यायामहरु सम्बन्धी फिजियोथेरापी प्रशिक्षण चेतना केन्द्र, बुडोलमा सम्पन्न गरिएको थियो। बनेपा हेल्थ केयरको प्राविधिक सहयोगमा सम्पन्न प्रशिक्षणमा बनेपा हेल्थ केयरकी फिजियोथेरापी विभाग प्रमुख, फिजियोथेरापिस्ट नम्रता के.सी.ले सहजीकरण गर्नुभएको थियो।

२४. **सम्पर्क व्यक्ति अभिमुखीकरण तथा विस्तारित मञ्च कार्यक्रम :**

२०८१ चैत २ गते शनिबार, संस्थाको शिक्षा तथा प्रकाशन उपसमितिको आयोजनामा सम्पर्क व्यक्ति अभिमुखीकरण तथा विस्तारित मञ्च कार्यक्रम चेतना केन्द्र, बुडोलमा सम्पन्न गरिएको थियो। संस्था र सदस्यबिचको सूचना सञ्चार र समन्वयलाई अझ प्रभावकारी बनाउने उद्देश्यले संस्थाबाट चयन गरिएका सम्पर्क व्यक्तिहरूलाई प्रशिक्षित गर्न सञ्चालित कार्यक्रममा ११९ जनाको सहभागिता रहेको थियो। कार्यक्रममा सहकारीविद् एवं प्रशिक्षक कुबेर निरौलाले नेतृत्वको भूमिका र उत्प्रेरणा सम्बन्धमा, संस्थाका बरिष्ठ अधिकृत उमेश आचार्यले संस्थाबाट सदस्यहरूलाई उपलब्ध गराईने सेवासुविधाहरूका विषयमा र संस्थाका प्रमुख कार्यकारी अधिकृत विवेक राज ठकुरीले सहकारी संस्था र यसको मूल व्यवसायको विषयमा सहभागीहरूलाई प्रशिक्षित गराउनु भएको थियो।

२५. **तीर्थाटन एवम् भ्रमण कार्यक्रम :**

यस संस्थाले वार्षिक कार्ययोजना बमोजिम सदस्य केन्द्रित कार्यक्रम अन्तर्गत संस्थाको महिला तथा

सामाजिक सांस्कृतिक उपसमितिको आयोजनामा तीर्थाटन एवम् भ्रमण कार्यक्रम सम्पन्न गरेको थियो। संस्थामा आबद्ध सदस्यहरुको लागि स्वःलागत रहने गरी प्रथम पटक २०८१ चैत ६ गतेदेखि ९ गतेसम्म र दोस्रो पटक २०८१ चैत १८ गतेदेखि २१ गतेसम्म आयोजित कार्यक्रममा सहभागीहरूलाई भ्रमण अवधिभरको लागि यातायात, चिया नास्ता, खाना र आवासको सुविधा सहित लुम्बिनी, स्वर्गद्वारी, सुपा देउराली र देवघाटको भ्रमण गराईएको थियो। कार्यक्रममा प्रथम पटक ५१ जना सदस्यहरू र व्यवस्थापनको लागि ४ जना संस्थागत प्रतिनिधिहरू सहित ५५ जना र दोस्रो पटक २२ जना सदस्यहरू र व्यवस्थापनको लागि २ जना संस्थागत प्रतिनिधिहरू सहित २४ जनाको सहभागिता रहेको थियो।

२६. **बचत तथा ऋण सहकारीका पिता एफ डब्लु राईफिसनको २०७ औं जन्मजयन्ती :**

मिति २०८१ चैत १७ आइतबार, बचत तथा ऋण सहकारीका प्रवर्तक एफ. डब्लु. राईफिसनको २०७ औं जन्मजयन्ती संस्थाले विशेष कार्यक्रमका साथ मनाएको थियो। संस्थाको मुख्य कार्यालयमा आयोजित कार्यक्रममा संस्थाका अध्यक्ष श्री कैलाश के.सी.ले राईफिसनको तस्विरमा माल्यार्पण गर्दै पानसमा दीप प्रज्वलन गरी उहाँप्रति श्रद्धाञ्जली अर्पण गर्नुभयो साथै एफ. डब्लु. राईफिसनको योगदानको चर्चा गर्दै सहकारी अभियानलाई सशक्त बनाउन उहाँका सिद्धान्तलाई आत्मसात् गर्नु आवश्यक रहेको बताउनु भएको थियो।

२७. **उपसमिति सदस्य तथा सम्पर्क व्यक्ति अभिमुखीकरण कार्यक्रम तथा विस्तारित मञ्च :**

२०८२ जेठ १७ गते शनिबार, शिक्षा तथा प्रकाशन उपसमितिको आयोजनामा उपसमिति सदस्य तथा सम्पर्क व्यक्ति अभिमुखीकरण तथा विस्तारित मञ्च कार्यक्रम चेतना केन्द्र, बुडोलमा सम्पन्न गरिएको थियो। संस्था र सदस्यबिचको सूचना सञ्चार र समन्वयलाई अझ प्रभावकारी बनाउने उद्देश्यले संस्थाबाट चयन गरिएका सम्पर्क व्यक्तिहरू र विभिन्न उपसमितिमा रहेका सदस्यहरूलाई प्रशिक्षित गर्न सञ्चालित कार्यक्रममा ७७ जनाको सहभागिता रहेको थियो।

२८. **सञ्चालक समिति एवम् लेखा सुपरिवेक्षण समिति अनुशिक्षण कार्यक्रम :**

मिति २०८२ जेठ २३ गते शुक्रबार, संस्थाले राष्ट्रिय सहकारी नियमन प्राधिकरणबाट जारी गरिएको बचत तथा ऋणको मुख्य कारोवार गर्ने सहकारी संस्थाको सञ्चालन सम्बन्धमा जारी गरिएको नियामकीय मापदण्ड, २०८२ ले संस्थामा तत्काल प्रभाव पार्ने क्षेत्रहरू एवम् दीर्घकालीन प्रभाव पार्ने क्षेत्रहरूको बारेमा अनुशिक्षण गर्ने उद्देश्यले सञ्चालक समिति एवम् लेखा सुपरिवेक्षण समिति अनुशिक्षण कार्यक्रम चेतना केन्द्र, बुडोलमा सम्पन्न गरेको थियो। कार्यक्रममा सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, सल्लाहकार र उच्च व्यवस्थापनको कर्मचारीहरू सहित २९ जनाको सहभागिता रहेको थियो।

२९. **पोते माला बनाउने तालिम :**

संस्थाको वार्षिक कार्ययोजना बमोजिम व्यवसाय विकास सेवा कार्यक्रम अन्तर्गत संस्थामा आबद्ध सदस्यहरुलाई सिपमूलक तालिम प्रदान गरी स्वरोजगार बनाउने उद्देश्यले संस्थाको महिला तथा सामाजिक सांस्कृतिक उपसमितिद्वारा आयोजित ५ दिवसीय "पोते माला बनाउने तालिम" संस्थाको मुख्य कार्यालय, बुडोलमा सम्पन्न भएको थियो। मिति २०८२ असार ९ गतेदेखि १३ गतेसम्म आयोजना गरिएको तालिममा १६ जनाको सहभागिता रहेको थियो।

३०. **नीति तथा योजना सभा :**

मिति २०८२ असार २१ गते शनिबार, यस संस्थाको आ.व. ०८२।०८३ को लागि नीति तथा योजनाहरु निर्माण गर्नको लागि आयोजित नीति तथा योजना सभा संस्थाका अध्यक्ष श्री कैलाश के.सी.को अध्यक्षतामा चेतना केन्द्र, बुडोलमा सम्पन्न भएको थियो। सभामा सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, सल्लाहकार, विभिन्न उपसमिति र उच्च व्यवस्थापनका कर्मचारीहरुको सहभागिता रहेको थियो।

३१. **फरक क्षमता भएका सदस्यहरुसँग भेटघाट कार्यक्रम :**

यस संस्थामा आबद्ध सदस्यहरूमध्ये फरक क्षमता (अपाङ्गता) भएका १६ जना सदस्य र सम्बन्धित परिवारसँग संस्थाका प्रतिनिधिहरूबाट भेटघाट कार्यक्रम सम्पन्न गरिएको थियो । भेटघाटमा फरक क्षमता भएका सदस्यहरूको स्वास्थ्य अवस्था, दैनिक जीवन यापन, पारिवारिक अवस्था, राज्यको सहयोग लगायतका विषयमा छलफल गरिएको थियो । संस्थाका अध्यक्ष कैलाश के.सी.को नेतृत्वमा सञ्चालक समितिका पदाधिकारीहरू तथा कर्मचारीहरूको सहभागितामा सम्पन्न भएको भेटघाट कार्यक्रममा भेटघाट गरिएका त्यस्ता सदस्यलाई संस्थाको तर्फबाट टावल, थर्मस, साबुन, ब्रस, मञ्जन लगायतका सामग्रीहरू समेत हस्तान्तरण गरिएको थियो ।

३२. **समन्वय तथा सहकार्य :**

सदस्यहरूलाई संस्थाले प्रदान गर्ने सेवासुविधाको अतिरिक्त थप सेवासुविधाहरू प्रदान गर्नको लागि संस्था सदैव प्रयत्नशील रहेको सन्दर्भमा स्थानीयस्तरमा सञ्चालित विभिन्न निकायहरूसँग समन्वय तथा सहकार्य गरी संस्थामा आवद्ध सदस्यहरूलाई छुट सेवा प्रदान गर्ने कार्यलाई निरन्तरता दिइएको छ । सोही क्रममा आ.व. २०८१/०८२ मा पनि विभिन्न निकायहरूले सदस्यहरूलाई प्रदान गरिँदै आएको देहायबमोजिम छुट सुविधाहरूलाई निरन्तरता प्रदान गरियोः

| क्र.सं. | समन्वय संस्थाको नाम | सुविधा | पेश गर्नुपर्ने कागजात |
|---|---|---|---|
| १ | बनेपा हेल्थ केयर प्रा.लि., बनेपा | - दन्त सेवामा- १०% छुट<br>- ल्याव परीक्षण सेवामा- २०% छुट<br>- एक्स रे मा- २०% छुट<br>- फिजियोथेरापी सेवामा- २०% छुट<br>- औषधीमा- १०% छुट | सदस्यता परिचय पत्र |
| २ | अच्युतम फार्मेसी, धुलिखेल | औषधीमा- १०% छुट | सदस्यता परिचय पत्र |
| ३ | रेयुकाई एईको मासुनागा आँखा अस्पताल, बुडोल | नाम दर्तामा-पूरै छुट | सदस्यता परिचय पत्र |
| ४ | बि.एम.के. ड्राइभिङ्ग सेन्टर, बनेपा | सवारी प्रशिक्षण तालिममा विशेष छुट | सिफारिस पत्र |
| ५ | इनोभेटिभ हस्पिटालिटि म्यानेजमेन्ट ट्रेनिङ सेन्टर, बनेपा | तालिममा ३०-३५% छुट | सदस्यता परिचय पत्र |
| ६ | बनेपा भेटेरिनरी ड्रग सप्लायर्स, बनेपा | सबैखाले औषधीहरूमा १०-१५% छुट, निःशुल्क गोबर जाँच, मरेको कुखुराको पोस्टमार्टम र प्राविधिक परामर्श | सदस्यता परिचय पत्र |

३३. **सामाजिक सहयोग :**

संस्थाले सामाजिक उत्तरदायित्व वहन अर्न्तगत आफ्नो क्षेत्रमा रहेका विभिन्न निकाय तथा सङ्घसंस्थाहरूलाई यथाशक्य भौतिक तथा आर्थिक सहयोग प्रदान गर्दै आएको छ । यसै सन्दर्भमा यस आ.व.मा पनि संस्थाले विभिन्न सङ्घसंस्थाहरूलाई देहायबमोजिमका सहयोग प्रदान गरेको छः

| क्र.सं. | विवरण | सहयोग रकम |
|---|---|---|
| १. | रोटरी इ क्लव, नमोबुद्ध | ५,०००।- |
| २. | इस्कोन नेपाल, बनेपा (श्रीकृष्ण जन्माष्टमी) | २,०००।- |
| ३. | श्री सेतीदेवी मा.वि, धुलिखेल, स्मारिका शुभकामना विज्ञापन | ५,०००।- |

| | | |
|---|---|---|
| ४. | दुर्गा देवी मन्दिर, पाँचखाल, सप्ताह | ५,०००।- |
| ५. | राममन्दिर, बनेपा-६, बुडोल, सत्तल निर्माण सहयोग | ११,०००।- |
| ६. | श्री श्रृष्टिकान्त लोकेश्वर योग साधना, बनेपा-४, नाला, भवन निर्माण | ७,०००।- |
| ७. | श्री कलमसी कल्पेश्वर महादेव तथा कालिका देवी मन्दिर संरक्षण समाज, भक्तपुर | ३६,५००।- |
| | जम्मा | ७१,५००।- |

३४. आन्तरिक निरीक्षण तथा अनुगमन:

संस्थाका सबै सेवा केन्द्रमा भएका आर्थिक कारोबार, व्यवस्थापन तथा अवस्था आदिका बारेमा कार्यकारी अधिकृत, आर्थिक प्रशासन शाखा प्रमुख, ऋण शाखा प्रमुख र सदस्य सेवा शाखा प्रमुखबाट अनुगमन तथा निरीक्षण गर्ने व्यवस्था मिलाइएको छ साथै मुख्य कार्यालय र सेवाकेन्द्रहरूमा लेखा सुपरिवेक्षण समितिबाट नियमित आन्तरिक लेखा परीक्षण तथा अनुगमनको कार्य भइरहेको छ ।

३५. महिनाको सदस्य तथा कर्मचारी सम्मान:

संस्थाले २०७८ साउन महिनादेखि शुरूवात गरेको महिनाको सदस्य तथा कर्मचारी सम्मान कार्यक्रमलाई निरन्तरता दिएको छ । जसमा महिनाको सदस्यको रूपमा छनौट हुन सफल सदस्यहरूलाई तस्विर सहितको सम्मानपत्र, नगद र मायाको चिनोबाट सम्मान गरी उक्त महिनाभर सो सम्मान पत्र संस्थाका सबै कार्यालयहरूमा राख्ने व्यवस्था मिलाइएको छ । यसैगरी संस्थामा कार्यरत कर्मचारीहरूलाई दिइएको वार्षिक लक्ष्यको मासिक रूपमा १०० अङ्क सहित लक्ष्य हासिल गर्ने कर्मचारीलाई हरेक महिना महिनाको कर्मचारीको रूपमा छनौट गरी तस्विर सहितको सम्मानपत्र र मायाको चिनोबाट सम्मान गरी उक्त महिनाभर सो सम्मान पत्र सबै कार्यालयहरूमा राख्ने व्यवस्था मिलाइएको छ ।

३६. शेयर सदस्यमा रुपान्तरण हुने कोपिला बाल बचतकर्तालाई सम्मान :

संस्थामा आबद्ध कोपिला बालबचतकर्ताहरू १६ वर्ष पुरा भई नागरिकता बनाएर शेयर सदस्यमा रूपान्तरण हुँदा उहाँहरूलाई संस्थामा शेयर सदस्यको रूपमा स्वागत गरी खादा तथा मायाको चिनो सहित सम्मान गर्ने गरेको छ ।

३७. अन्य विविध कार्यक्रम :

३७.१ विगतका वर्षहरुमा झै यस वर्ष पनि संस्थाको मुख्य कार्यालय र ४ वटै सेवाकेन्द्र कार्यालयहरूमा मिति २०८१ कात्तिक १५ गते लक्ष्मी पूजा तथा शुभकामना आदान प्रदान कार्यक्रम सम्पन्न भयो ।

३७.२ राष्ट्रिय सहकारी दिवसको अवसरमा मुख्य कार्यालय लगायत सम्पूर्ण कार्यालयहरूमा दीप प्रज्वलन गरी दीपावली कार्यक्रम सम्पन्न भयो ।

(ङ) सम्पति शुद्धीकरण निवारण सम्बन्धमा :

सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ्ग) निवारण ऐन २०६४ तथा नियमावली २०७३ लाई आधार मानी सहकारी विभागबाट सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी सहकारी संघ संस्थालाई जारी गरिएको निर्देशन, २०७४ (संशाधेन समेत)लाई प्रभावकारी रूपमा लागू गर्नको लागि संस्थाले सम्पत्ति शुद्धीकरण निवारण नीति तथा कार्यविधि, २०७६ तयार पारी कार्यान्वयनमा ल्याएको छ र पहिलो संशोधन २०८१ मा अद्यावधिक गरिएको छ । संस्थाले सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी सहकारी संघ संस्थालाई जारी गरिएको निर्देशन, २०७४ बमोजिम कार्यान्वयन अधिकारी नियुक्त गरी सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी सम्पूर्ण व्यवस्थाको पूर्ण रूपमा पालना गर्दै आइरहेको छ । सम्पत्ति शुद्धीकरण निवारण गर्नु राज्यको एकल पहलकदमीबाट मात्रै सम्भव छैन सम्पत्ति शद्धीकरण निवारण गर्नको लागि हामी जस्तो

पैसाको कारोवार गर्ने संस्थाहरूको महत्वपूर्ण भूमिका रहेको हुन्छ। गैर कानुनी रूपमा आर्जित सम्पत्तिको व्यवस्थापनमा संस्थालाई प्रयोग हुन नदिन आवश्यक सावधानीहरू अपनाईएको छ। रू. १० लाखदेखिको भुक्तानीलाई अनिवार्य अकान्ट पेयी चेक मार्फत मात्र भुक्तानी गर्ने गरिएको छ ऋण लगानी गर्दा प्रर्याप्त धितो लिई प्रयोजन समेत स्पष्ट खुलाई सदस्यहरूलाई ऋण लगानी गर्ने गरिएको छ ऋण लगानीको भुक्तानी सदस्यहरूको बचत खाताबाट मात्र गर्ने गरिएको छ। एक दिनमा रू.१० लाख वा सो भन्दा बढीको निक्षेप जम्मा गर्ने सदस्यहरूलाई रकमको स्रोत स्पष्ट खुलाई निक्षेप लिने गरिएको छ। रू.१ लाखदेखिको निक्षेप भुक्तानी गर्दा पाउने व्यक्तिको आधिकारिक परिचय पत्रको प्रतिलिपि लिई राख्ने व्यवस्था गरिएको छ। तोकिएको सीमाभन्दा बढीको सीमा कारोबारको प्रतिवेदन र शंकास्पद कारोवारको प्रतिवेदन नेपाल राष्ट्र बैंकको वित्तीय जानकारी एकाईमा goAML (Production Environment) सिस्टममा कार्यान्वयन अधिकारी मार्फत नियमित पठाउने गरिएको छ।

संस्थामा आवद्ध ९२ प्रतिशत सदस्यहरूको सदस्य पहिचान (KYM) अद्यावधिक भैसकेको छ। सदस्यको पेशा, पद, कारोवार र भौगोलिकताको आधारमा उच्च, मध्यम र न्युन वर्गमा जोखिमको वर्गिकरण गरी उच्च जोखिममा परेका सदस्यहरूको विवरण वार्षिक रूपमा KYM अद्यावधिक गरिदै आएको छ। सहकारी विभागको एकिकृत व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) मा यस आर्थिक वर्ष सम्म ९१ प्रतिशत सदस्यहरूको सदस्यहरूको विवरण अद्यावधिक गरिएको छ भने मासीक, वार्षिक वित्तीय प्रतिवेदन र अन्य विवरणहरू पनि नियमित रूपमा कोपोमिसमा दाखिला गरिदै आएको छ। संस्थालाई आन्तरिक एवं बाह्य जोखिमबाट बचाउनको लागि सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी सहकारी संघ संस्थालाई जारी गरिएको निर्देशन, २०७४ को दफा ३ को उपदफा (२) को खण्ड (ग) र १३ को उपदफा (२) र (३) संग सम्बन्धित संस्थाको जोखिम मूल्याङ्कन वार्षिक प्रतिवेदन तयार पारी सञ्चालक समितिमा छलफल गरिनुका साथै नियामक निकायमा प्रतिवेदन पेश गर्ने गरिएको छ। मिति २०८१ फागनु ०९ गते फ्रान्सको पेरिसमा सम्पन्न एफ.ए.टि.एफ (FATF) को बैठकबाट नेपाल ग्रे लिष्टमा परेको हुनाले ग्रे लिष्टबाट बाहिरनको लागि नेपालले विभिन्न कार्ययोजना बनाई लागु गरिरहेको छ यसै सन्दर्भमा सहकारी विभागले जोखिममा आधारित सहकारी संघ संस्थाहरूको अनुगमन गर्ने प्रयोजनको लागि मिति २०८२।०३।३२ मा जारी गरिएको सूचना बमोजिम संस्थाले Google Form मा संस्थाको विवरणहरू अद्यावधिक गरि पठाईएको छ।

संस्थाले सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी तालिम तथा गोष्ठिको आयोजना गरी संस्थाको सम्पूर्ण कर्मचारी, सञ्चालक समिति र लेखा सुपरिवेक्षण समिति समेतको सहभागिता गराई कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। यस वर्ष सञ्चालक समितिको बैठकमा २ पटक सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धमा ऐन, नियमावली र निर्देशन बमोजिम भए, गरेका काम कारबाहीको समिक्षा गरिएको थियो।

(च) विविधः

१. विप्रेषण (मनी ट्रान्सफर) सुविधा :

विश्वको कुनैपनि देशबाट पठाएको रकम यस संस्थाबाट झिक्न पाउने व्यवस्था मिलाइएको छ। यसैगरी नेपालभित्र कुनैपनि ठाउँमा रकम पठाउन र जुनसुकै स्थानबाट पठाएको रकम प्राप्त गर्न सक्ने सुविधा पनि उपलब्ध रहेको छ। हाल संस्थाले आई.एम.ई., सिटी एक्सप्रेस, मनीग्राम, हिमाल र आई.एम.ई. पे मार्फत विप्रेषण (मनी ट्रान्सफर) सुविधा प्रदान गरिरहेको छ।

२. आबद्धता :

यस संस्थाले देहायका निकायहरूमा आबद्धता जनाई सक्रिय रूपमा सहभागिता जनाउदै आएको छ :

| क्र.सं. | निकायको नाम | आबद्धता मिति |
|---|---|---|
| २.१ | नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी सङ्घ लि. (नेफ्स्कून) | २०५०/०८/०६ |

| | | |
|---|---|---|
| २.२ | काभ्रेपलाञ्चोक जिल्ला बचत तथा ऋण सहकारी सङ्घ लि. | २०५९/०८/२३ |
| २.३ | जिल्ला सहकारी सङ्घ लि., काभ्रे | २०६३/०९/२५ |
| २.४ | राष्ट्रिय सहकारी बैंक लि. | २०६५/०२/२२ |
| २.५ | बागमती प्रदेश बचत तथा ऋण सहकारी सङ्घ लि. | २०७७/१०/१३ |

३. **सम्मान तथा पुरस्कार :**

संस्थाले हालसम्म विभिन्न छाता संगठन तथा निकायहरूबाट देहाय बमोजिम सम्मान तथा पुरस्कार पाउन सफल भएको हुँदा जानकारीको लागि पेश गरेको छ।

३.१ जिल्ला सहकारी संघ लि., काभ्रेबाट समुदायमा आधारित उत्कृष्ट सहकारी संस्था पुरस्कार तथा सम्मान २०६५

३.२ नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून)बाट मध्यमाञ्चल उत्कृष्ट सहकारी पुरस्कार तथा सम्मान २०६७

३.३ एशियाली ऋण महासंघ (ACCU) बाट २०६९ सालमा पहिलो पटक एक्सेस ब्रोञ्ज तहको ब्राण्ड प्राप्त

३.४ राष्ट्रिय सहकारी महासंघ लि. नेपालबाट उत्कृष्ट सहकारी व्यवसाय पुरस्कार तथा सम्मान २०७०

३.५ नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून)बाट संस्थाका प्रमुख कार्यकारी अधिकृत श्री विवेक राज ठकुरी नेपालको साकोस अभियानको उत्कृष्ट व्यवस्थापक पुरस्कार २०७२ बाट पुरस्कृत

३.६ एशियाली ऋण महासंघ (ACCU) बाट २०७३ सालमा एक्सेस सिल्भर तहको ब्राण्ड प्राप्त

३.७ डिभिजन सहकारी कार्यालय काभ्रेबाट ६०औं राष्ट्रिय सहकारी दिवसको अवसरमा उत्कृष्ट संस्था सम्मान २०७३

३.८ नेपाल सरकारबाट ९औं गणतन्त्र दिवसको अवसरमा संस्थाका तत्कालिन अध्यक्ष श्री रामहरि के.सी. प्रवल जनसेवाश्री पदकबाट विभुषित

३.९ नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून)बाट नेफ्स्कुन सर्वोत्कृष्ट संस्था सम्मान २०७४

३.१० नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि.बाट "हातमा हात मिलाऔं, साथमा साथ मिलाऔं" भन्ने साकोस गानका लागि संस्थाका उपाध्यक्ष श्री प्रकाश भुर्तेल नेफ्स्कुन प्रतिभा पुरस्कार २०७९ बाट पुरस्कृत।

३.११ नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि.बाट २०७९ सालमा "सहकारी अभियान उन्नतिको आधार हो" बोलको साकोस गानका लागि संस्थाका उपाध्यक्ष श्री प्रकाश भुर्तेल प्रथम पुरस्कारबाट पुरस्कृत।

३.१२ बागमति प्रदेश बचत तथा ऋण सहकारी संघ लि. (प्रोस्कून)को छैटौं स्थापना दिवसको अवसरमा संस्थाको अध्यक्ष कैलाश के.सी.लाई उत्कृष्ट पदाधिकारी एवम् सञ्चालक समिति सम्मानको लागि मनोनित।

३.१३ नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून)बाट नेफ्स्कुन सर्वोत्कृष्ट संस्था सम्मान २०८२।

३.१४ संस्थाले हालसम्म ४ पटक ब्रोञ्ज तहको ब्राण्ड र १ पटक सिल्भर तहको ब्राण्ड प्राप्त गर्न सफल भएको छ।

४. **आन्तरिक कार्यविधि निर्माण:**

संस्थाले समयसापेक्ष आवश्यकता अनुसार आन्तरिक नीति तथा कार्यविधि र आचारसंहिताहरू तयार गर्ने

र समय समयमा सोको पुनरावलोकन गरी संशोधन गर्ने वा पुनर्लेखन गर्ने कार्यलाई यस वर्ष पनि निरन्तरता दिइएको छ । यस सभासमक्ष पेश गरिएका आन्तरिक कार्यविधिहरूलाई आजको सभाले आवश्यक सुझाव सहित पारित गरिदिनुहुनेछ भन्ने पूर्ण आशा राखेको छु ।

५. सदस्यहरुको रचनात्मक सुझाव :

संस्थाले कार्यालयमा सदस्यहरुको सुझाव सङ्कलनको लागि राखिएको सुझाव पुस्तिकामा उल्लेखित सुझावहरुलाई अध्ययन गरी रचनात्मक र उपयुक्त सुझावहरू कार्यान्वयन भएको छ भने संस्थाको आन्तरिक कार्यविधिले नसमेटेका सुझावहरू भने आगामी दिनहरूमा कार्यविधिमा नै समेटेर योजना बनाई कार्यान्वयन गरिनेछ । सदस्यहरूको रचनात्मक सल्लाह सुझावहरूको लागि हृदयदेखि धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा सञ्चालक समितिको तर्फबाट प्रस्तुत यस प्रगति प्रतिवेदन पारित गरिदिनु हुनेछ भन्ने विश्वासका साथ संस्थालाई मर्यादित रूपले सञ्चालन गर्दै अन्तर्राष्ट्रिय स्तरमा परिचित बनाउन प्रत्यक्ष अप्रत्यक्ष सहयोग गर्नुहुने एशियाली ऋण महासंघ (ACCU), राष्ट्रिय सहकारी महासङ्घ लि. नेपाल, नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी सङ्घ लि. (नेफ्स्कून), राष्ट्रिय सहकारी बैंक, बागमती प्रदेश बचत तथा ऋण सहकारी सङ्घ (प्रोस्कुन), जिल्ला सहकारी सङ्घ लि., जिल्ला बचत सङ्घ, विभिन्न सरकारी नियामक निकाय लगायत अभियानमा आबद्ध सहकारी पत्रपत्रिका साथै सहकारीकर्मी प्रति हार्दिक आभार व्यक्त गर्दै भविष्यमा निरन्तर साथ, सहयोगको आशा र विश्वास राख्दै यस संस्थाको विभिन्न तहमा रही संस्थाको उन्नति र प्रगतिपथमा योगदान गर्नुहुने सम्पूर्णमा हृदय देखि नै धन्यवाद तथा आभार व्यक्त गर्दछु ।

धन्यवाद ।

जय सहकारी, जय बुसा ।

★★★★★

# २६ औं वार्षिक साधारण सभाको लागि सञ्चालक समितिको तर्फबाट प्रस्तुत आ.व. २०८२/०८३ को अनुमानित वार्षिक कार्ययोजना तथा बजेट

यस सभाका आदरणीय सभापति महोदय,
संस्थाका सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिका पदाधिकारी एवं सदस्यज्यूहरू, सल्लाहकारज्यूहरू, विभिन्न उप-समितिका संयोजक तथा सदस्यज्यूहरू, सम्पर्क व्यक्तिहरू, कर्मचारीवर्ग, आदरणीय शेयर सदस्य महानुभावहरू, बालबचतकर्ता भाइबहिनीहरू, संस्थाका सम्पूर्ण शुभचिन्तकज्यूहरूमा न्यानो अभिवादन व्यक्त गर्दछु ।

आज हामी बुडोल सामुदायिक साकोसको गौरवमय २६ औं वार्षिक साधारण सभाको अवसरमा उपस्थित छौं । यस संस्थाले विगत २ वर्षदेखि नै सहकारी विभागबाट जारी भएको सहकारी संस्थाको साधारण सभा कार्यव्यवस्था निर्देशिका २०७६ को निर्देशन बमोजिम साधारण सभा सञ्चालन गर्दै आएको छ । यसै सन्दर्भमा संस्थाको २६ औं वार्षिक साधारण सभालाई पनि हामीले एकाइगत रूपमा सम्पन्न गर्ने गरी साधारण सभाको यस एकाइ बैठक सँगसँगै अन्य ३ स्थानमा पनि एकाइ बैठकहरू आयोजना भइरहेको व्यहोरा जानकारी गराउँदछु । आदरणीय शेयर सदस्य महानुभावहरूले संस्थाको सञ्चालक समितिको तर्फबाट प्रस्तुत आर्थिक वर्ष २०८२/०८३ को अनुमानित वार्षिक कार्ययोजना तथा बजेट उपर विभिन्न माध्यमबाट आफ्ना रचनात्मक सल्लाह, सुझावहरू उपलब्ध गराई हामीलाई मार्गदर्शन प्रदान गर्नु हुनेछ भन्नेमा म विश्वस्त छु । यसै वार्षिक कार्ययोजना तथा बजेट अनुरूप नै संस्थाले गत २०८२ साउन १ गतेदेखि विभिन्न कार्यक्रमहरू सञ्चालन र खर्चहरू गर्दै आएकोमा हालसम्म भई सकेका कार्यक्रम तथा खर्चलाई समेत अनुमोदन गरिदिनु हुन अनुरोध गर्दछु ।

विगतका वर्षहरूमा कोभिडले पारेको असर, फेरी आर्थिक मन्दी तथा विभिन्न कारणबाट सृजित जटिल परिस्थितिले गर्दा बैंक वित्तीय संस्था तथा सहकारीहरूमा बचतको वृद्धि हुने तर ऋण लगानी थप ऋणात्मक हुँदै जानुले बचत तथा ऋणको काम गर्ने संस्थाहरूलाई सन्तुलत मिलाउँदै अगाडि बढ्न चुनौतीपूर्ण भएको छ । केही सहकारी संस्थाहरूका सञ्चालक र व्यवस्थापनमा आएको विचलनले सदस्यले राखेका पैसाहरू बन्धक भएबाट आम सहकारीप्रति नै भ्रम सिर्जना भएको छ । तर बुडोल सामुदायिक साकोस आफ्ना सदस्यहरूलाई आवश्यकतामा आधारित प्रभावकारी सेवा उपलब्ध गराउन सदैव तत्पर रहेको छ र आगामी दिनमा समेत रहिरहने छ भन्ने कुरामा प्रतिवद्धता जनाउन चाहन्छु । तसर्थ हामी आम सदस्यलाई संस्थाको साधारण सभामा मात्र नभई नियमित रूपमा संस्थामा गई बचत गर्नुका साथै संस्था कसरी सञ्चालित छ? संस्थाले लगानी गरेका ऋणहरू कसरी प्रवाह गरेको छ? सुरक्षित छ की छैन? संस्थाबाट के कस्ता लाभहरू पाइन्छन्? के कस्ता कार्यक्रमहरू सञ्चालन भईरहेका छन्? संस्थामा कार्यरत कर्मचारीहरूको सेवा प्रवाह र व्यवहार सन्तोषजनक छ वा छैन? यस्ता कुराहरूमा पनि ध्यान दिनु हुन र आवश्यकता अनुसार सम्बन्धित अधिकारी वा सञ्चालकलाई भेटेर सल्लाह सुझाव दिनु हुन हार्दिक अनुरोध गर्दछु । सहकारी संस्थाको आधार भनेकै सदस्य हुन्, सदस्यमार्फत नै संस्था निर्देशित र सञ्चालित हुनुपर्दछ । तसर्थ हामी सदस्यका रचनात्मक सुझावलाई उच्च प्राथामिकताका साथ कार्यान्वयन गर्न र राज्यका विभिन्न निकायबाट जारी कानुन, मापदण्ड तथा निर्देशनहरूको अक्षरशः पालना गर्दै संस्थामा सुशासन कायम गर्न हामी सम्पूर्ण सञ्चालक समिति सदैब प्रतिवद्ध छौं ।

आर्थिक वर्ष २०८१/०८२ मा संस्थाले लिएको सबै लक्ष्यहरू पूरा हुन नसके पनि महत्वपूर्ण लक्ष्यहरूमा सन्तोषजनक प्रगति देखिन्छ । हरेक सङ्कट पश्चात् नयाँ नयाँ अवसरहरू पनि सृजना भएर आउने भएकोले आगामी दिनमा संस्थाले नयाँ उचाइ बनाउने कुरामा हामी विश्वस्त छौं ।

सभापति महोदय, अब आर्थिक वर्ष २०८२/०८३ को अनुमानित वार्षिक कार्ययोजना तथा बजेट प्रस्तुत गर्न चाहन्छु ।

# आर्थिक वर्ष २०८२/०८३ को प्रस्तावित वार्षिक कार्ययोजना तथा बजेट

## १. सदस्य वृद्धि योजना :

| विवरण | आ.व.०८१/०८२ को वास्तविक | आ.व. २०८२/०८३ को थप गर्ने लक्ष्य | वर्षान्तमा पुग्ने कुल सदस्य |
|---|---|---|---|
| सदस्य | १९,५७३ | १२७ | १९,७०० |
| बाल बचतकर्ता | ८१३२ | ६८ | ८,२०० |

संस्थामा गुणस्तरिय सदस्य निर्माणलाई प्राथमिकता दिइने भएकोले निस्क्रिय रहेका सदस्यलाई सक्रिय सदस्यमा रुपान्तरण गर्ने वा हटाउँदै जाने रणनीति अख्तियार गरिनेछ । जस अनुरुप खारेजी हुने सदस्य सङ्ख्या बराबर नयाँ सदस्य थप गरी माथि उल्लेखित सदस्य सङ्ख्या कायम गरिनेछ ।

## २. कुल सम्पत्ति वृद्धि योजना :

| विवरण | आ.व.०८१/०८२ को वास्तविक | आ.व. २०८२/०८३ को थप गर्ने लक्ष्य | वर्षान्तमा पुग्ने कुल सम्पति |
|---|---|---|---|
| कुल सम्पत्ति | २,१२७,७२०,२३५.८६ | १२३,८६३,७८४.७३ | २,२५१,५८४,०२०.५९ |

ऋण लगानीको अवसरहरु कम भएको र तरलता बढ्दै गएको सन्दर्भमा कुल सम्पत्ति निर्माणलाई सामान्य मात्र पहल गरिनेछ र सम्पत्तिको गुणस्तरियता कायम गर्न प्रभावकारी पहलकदमी हुनेछ ।

## ३. शेयर पुँजी वृद्धि योजना :

| विवरण | आ.व.०८१/०८२ को वास्तविक | आ.व. २०८२/०८३ को थप गर्ने लक्ष्य | वर्षान्तमा पुग्ने कुल शेयर |
|---|---|---|---|
| शेयर रकम | १७२,१८९,७००.०० | -२०,०००,०००.०० | १५२,१८९,७००.०० |

संस्थामा आबद्ध हरेक सदस्यको क्रमिक रुपमा औषत शेयर रु.१० हजार कायम गरिनेछ । यस सन्दर्भमा कम शेयर भएकालाई सदस्यलाई शेयर थप गर्न र बढी शेयर भएका सदस्यलाई आंशिक रुपमा शेयर फिर्ता गर्दै उल्लेखित सीमा कायम गर्न पहल गरिनेछ ।

## ४. बचत/निक्षेप वृद्धि योजना:

| विवरण | आ.व.०८१/०८२ को वास्तविक | आ.व. २०८२/०८३ को थप गर्ने लक्ष्य | वर्षान्तमा पुग्ने कुल बचत |
|---|---|---|---|
| बचत रकम | १,७२१,७१०,०१८.८५ | १२९,१२८,२५१.४१ | १,८५०,८३८,२७०.२६ |

संस्थामा आबद्ध हरेक सदस्यलाई नियमित बचतमा अनिवार्य सहभागिता गराइनेछ साथै कुल बचत रकममध्ये नियमित बचतको हिस्सा ३५ प्रतिशत भन्दा माथि पुऱ्याइनेछ ।

## ५. सदस्यहरुलाई ऋण लगानी वृद्धि योजना:

| विवरण | आ.व.०८१/०८२ को वास्तविक | आ.व. २०८२/०८३ को थप गर्ने लक्ष्य | वर्षान्तमा पुग्ने कुल ऋण लगानी |
|---|---|---|---|
| ऋण लगानी हिसाब | १,३४४,९३२,०७१.४० | २५७५९०१२५.७५ | १,६०२,५२२,१९७.१५ |

सदस्यहरुमाझ ऋण लगानी गर्नको लागि नयाँ नयाँ अवसरहरुको खोजी गरिनेछ साथै उत्पादनमूलक क्षेत्रमा ऋण लगानीको हिस्सा ५० प्रतिशतभन्दा बढी बनाउन पहल गरिनेछ ।

## ६. संस्थागत पुँजी वृद्धि योजनाः

| | रकम | प्रतिशत |
|---|---|---|
| आ.व.२०८१/०८२ को वास्तविक | १८४,५६८,०४१.२१ | ८.६७ |
| वृद्धि लक्ष्य | १५,४५६,१२३.४१ | |
| आ.व. २०८२/०८३ को वर्षान्तमा पुग्ने कुल संस्थागत पुँजी | २००,०२४,१६४.६२ | ८.८८ |

## ७. वाहृय ऋण सापटी योजनाः

| | रकम | प्रतिशत |
|---|---|---|
| आ.व.२०८१/०८२ को वास्तविक | - | - |
| वृद्धि लक्ष्य | - | - |
| आ.व. २०८२/०८३ को वर्षान्तमा पुग्ने कुल ऋण सापटी | - | - |

## ८. भाखा नाघेको ऋण व्यवस्थापन योजनाः

| | रकम | प्रतिशत |
|---|---|---|
| आ.व.२०८१/०८२ को वास्तविक | ४८,७१५,००३.९० | ३.६२ |
| आ.व. २०८२/०८३ को वर्षान्तमा हुने भाखा नाघेको ऋण | ५६,०८८,२७६.९० | ३.५० |

## ९. भौतिक पूर्वाधार तथा सम्पत्ति सामान खरिद योजनाः

| क्र.सं. | आगामी आ.व.को लागि क्रियाकलाप/कार्यक्रम | सङ्ख्या | बजेट रकम | स्रोत | जिम्मेवारी | सम्पन्न भैसक्ने अवधि |
|---|---|---|---|---|---|---|
| १ | संस्थाको भवन निर्माण | १ | १५,०००,०००.०० | सम्पत्ति | सञ्चालक समिति | आ.व. को अन्त्यसम्म |
| २ | सर्भर | १ | ९००,०००.०० | सम्पत्ति | सम्पत्ति सा.व्य.उ | २०८२ चैत्रमसान्त |
| ३ | प्रिन्टर | ४ | १४५,०००.०० | सम्पत्ति | सम्पत्ति सा.व्य.उ | २०८२ पुषमसान्त |
| ४ | सिसिक्यामेरा व्यवस्थापन | ३ | ४०,०००.०० | सम्पत्ति | सम्पत्ति सा.व्य.उ | २०८२ चैत्रमसान्त |
| ५ | दैनिक ट्याब | २ | ५५,०००.०० | सम्पत्ति | सम्पत्ति सा.व्य.उ | २०८२ पुषमसान्त |
| ६ | ल्यापटप | १ | १००,०००.०० | सम्पत्ति | सम्पत्ति सा.व्य.उ | २०८२ पुषमसान्त |
| ७ | डेस्कटप कम्प्युटर | २ | १५०,०००.०० | सम्पत्ति | सम्पत्ति सा.व्य.उ | २०८२ पुषमसान्त |
| ८ | क्यामेरा एक्सेसरीज (फ्ल्यास, लेन्स) | आ.अ. | १००,०००.०० | सम्पत्ति | सम्पत्ति सा.व्य.उ | २०८२ पुषमसान्त |
| ९ | अन्य | आ.अ. | १००,०००.०० | सम्पत्ति | सम्पत्ति सा.व्य.उ | २०८३ असारमसान्त |
| | जम्मा | | १६,५९०,०००.०० | | | |

## १०. प्रविधितर्फको विकास योजना:

| क्र.सं. | आगामी आ.व.को लागि क्रियाकलाप/कार्यक्रम | सङ्ख्या | बजेट रकम | स्रोत | जिम्मेवारी | सम्पन्न भैसक्ने अवधि |
|---|---|---|---|---|---|---|
| १ | सिबिएस अद्यावधिक (क्लाउड ब्याकअपसहित) | १ | ७००,०००.०० | सम्पत्ति | सू.सं.प्र.उ | २०८२ चैत्रमसान्त |
| २ | वेभसाईट अद्यावधिक (अनलाईन सदस्यता, केवाईएम, ऋण माग) | १ | ११५,०००.०० | सम्पत्ति | सू.सं.प्र.उ | २०८२ चैत्रमसान्त |
| ३ | श्रव्यदृष्य सामग्रीहरुको निर्माण | आ.अ. | ५०,०००.०० | खर्च | सू.सं.प्र.उ | हरेक महिनामा |
| ४ | डिजिटल सूचना प्रणाली (टिभीमा) | ५ | ३०,०००.०० | खर्च | सू.सं.प्र.उ | २०८२ पुषमसान्त |
| ५ | कर्जा सूचना केन्द्र/कर्जा असुली न्यायाधिकरणमा आबद्धता | | २००,०००.०० | खर्च | सञ्चालक समिति | २०८२ पुषमसान्त |
| ६ | अन्य | | ५०,०००.०० | | | |
| | जम्मा | | १,१४५,०००.०० | | | |

## ११. मानव संसाधन विकास कार्यक्रम:

| क्र.सं. | आगामी आ.व.को लागि क्रियाकलाप/कार्यक्रम | सङ्ख्या | बजेट रकम | स्रोत | जिम्मेवारी | सम्पन्न भैसक्ने अवधि |
|---|---|---|---|---|---|---|
| (क) | संस्थाबाट आयोजना गरिने कार्यक्रम: | | | | | |
| १ | कर्मचारी सञ्चालक अन्तर्क्रिया कार्यक्रम | १ | १२०,०००.०० | खर्च | प्रमुख कार्यकारी अधिकृत | २०८२ साउनमसान्त |
| २ | सञ्चालकहरुको क्षमता विकास कार्यक्रम | १ | २००,०००.०० | खर्च | सञ्चालक समिति | २०८२ चैत्रमसान्त |
| ३ | विषयगत गोष्ठी, तालिम, अध्ययन भ्रमण | आ.अ. | १५०,०००.०० | खर्च | सञ्चालक समिति | २०८२ चैत्रमसान्त |
| ४ | सम्पर्क व्यक्ती अनुशिक्षण कार्यक्रम | २ | २००,०००.०० | खर्च | प्रमुख कार्यकारी अधिकृत | २०८२ चैत्रमसान्त |
| ५ | समिति तथा उपसमिति अनुशिक्षण कार्यक्रम | १ | ७५,०००.०० | शिक्षा कोष | सञ्चालक समिति | २०८२ चैत्रमसान्त |
| ६ | कर्मचारी उत्प्रेरणा तालिम | १ | १५०,०००.०० | शिक्षा कोष | प्रमुख कार्यकारी अधिकृत | २०८२ चैत्रमसान्त |
| ७ | फ्रन्ट डेक्स कर्मचारीहरुको जिम्मेवारीसँग सम्बन्धित तालिम | १ | ३०,०००.०० | शिक्षा कोष | प्रमुख कार्यकारी अधिकृत | २०८२ पुषमसान्त |
| ८ | कर्मचारी अनुशिक्षण कार्यक्रम | २ | ५०,०००.०० | शिक्षा कोष | प्रमुख कार्यकारी अधिकृत | २०८३ असारमसान्त |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| (ख) | अन्य निकायबाट आयोजना गरिने कार्यक्रमः | | | | | |
| ९ | सञ्चालक/लेखा समितिको क्षमता अभिवृद्धि तालिम, गोष्ठि | ३ | ५०,०००.०० | खर्च | अध्यक्ष | २०८३ असारमसान्त |
| १० | अन्तर्राष्ट्रिय अध्ययन अवलोकन भ्रमण, कार्यक्रम सहभागिता | ३ | ३००,०००.०० | | सञ्चालक समिति | २०८३ असारमसान्त |
| ११ | सूचना प्रविधि तालिम | १ | २०,०००.०० | शिक्षा कोष | प्रमुख कार्यकारी अधिकृत | २०८२ पुषमसान्त |
| १२ | प्राथमिक स्वास्थ्य उपचार तालिम | १ | ४०,०००.०० | शिक्षा कोष | महिला तथा सा.सां.उ.स. | २०८२ चैत्रमसान्त |
| १३ | विभिन्न तालिम, कार्यक्रम तथा गोष्ठीहरुमा सहभागिता | १५ | १००,०००.०० | शिक्षा कोष | अध्यक्ष/प्र.का.अ. | २०८३ असारमसान्त |
| | जम्मा | | १,४८५,०००.०० | | | |

## १२. सदस्य केन्द्रीत कार्यक्रमः

| क्र. सं. | आगामी आ.व.को लागि क्रियाकलाप/कार्यक्रम | सङ्ख्या | बजेट रकम | स्रोत | जिम्मेवारी | सम्पन्न भैसक्ने अवधि |
|---|---|---|---|---|---|---|
| १ | महिनाको सदस्य (Member of The Month) कार्यक्रम | २४ | २४,०००.०० | खर्च | प्र.का.अ. | हरेक महिनाको ७ गतेभित्र |
| २ | ऋण सदुपयोगिता निरीक्षण | ४८ | ७५,०००.०० | खर्च | ऋण उपसमिति | हरेक महिना |
| ३ | विस्तारित मञ्चः | | | | | |
| | क) वित्तीय साक्षरता/शिक्षा शिविर | १२ | १५०,०००.०० | शिक्षा कोष | प्र.का.अ. | हरेक महिना |
| | ख) युवा भेला तथा वित्तीय साक्षरता | २ | १००,०००.०० | शिक्षा कोष | शिक्षा तथा प्रकाशन उ.स. | २०८२ चैत्रमसान्त |
| | ग) नीति तथा योजना सभा | १ | ४०,०००.०० | शिक्षा कोष | सञ्चालक समिति | २०८२ चैत्रमसान्त |
| | घ) सदस्य जागरण कार्यक्रम | १०० | १००,०००.०० | खर्च | प्र.का.अ. | हरेक महिना |
| | ङ) वृहत महिला भेला | १ | ८०,०००.०० | खर्च | महिला तथा सा.सां.उ.स. | २०८२ चैत्रमसान्त |
| ४ | ज्येष्ठ नागरिक सम्मान | १ | ३२५,०००.०० | खर्च | महिला तथा सा.सां.उ.स. | २०८२ असोज मसान्त |
| ५ | एस.ई.ई. सम्मान तथा जीवनवृत्ति परामर्श | १ | २३०,०००.०० | खर्च | शिक्षा तथा प्रकाशन उ.स. | २०८२ साउनमसान्त |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६ | कपी पेन्सिल/कलम वितरण | १ | १,५००,०००.०० | खर्च | शिक्षा तथा प्रकाशन उ.स. | २०८२ चैत्रमसान्त |
| ७ | विद्यालयमा बुसा कार्यक्रम | १० | ५०,०००.०० | शिक्षा कोष | शिक्षा तथा प्रकाशन उ.स. | २०८३ बैशाख मसान्त |
| ८ | व्यवसाय विकास सेवा कार्यक्रम | ५ | ३००,०००.०० | खर्च | सञ्चालक समिति | |
| ९ | तिर्थाटन कार्यक्रम (ज्येष्ठ सदस्य तथा अन्य सदस्यको लागि) | | | | | |
| | क) ज्येष्ठ सदस्य तीर्थाटन | १ | १२०,०००.०० | खर्च | महिला तथा सा.सां.उ.स. | २०८२ फागुन मसान्त |
| | ख) सदस्य तीर्थाटन (शालीनदी, चारनारायण....) | १ | ५०,०००.०० | खर्च | महिला तथा सा.सां.उ.स. | २०८२ फागुन मसान्त |
| १० | सदस्य सन्तुष्टी सर्वेक्षण | १ | २०,०००.०० | खर्च | प्र.का.अ. | २०८३ बैशाख मसान्त |
| ११ | नयाँ सदस्य परामर्श तथा जागरण | | १००,०००.०० | खर्च | प्र.का.अ. | हरेक महिना |
| | **जम्मा** | | ३,२६४,०००.०० | | | |

## १३. आर्थिक सुरक्षा कार्यक्रमः

| क्र.सं. | आगामी आ.वको लागि क्रियाकलाप/कार्यक्रम | सङ्ख्या | बजेट रकम | स्रोत | जिम्मेवारी | सम्पन्न भैसक्ने अवधि |
|---|---|---|---|---|---|---|
| १ | मातृत्व सुरक्षा बचत सहभागिता | आ.अ. | १००,०००.०० | सदस्य राहत कोष | व्यवस्थापन | आवश्यकता अनुसार |
| २ | सुत्केरी भेटघाट कार्यक्रम | आ.अ. | २५०,०००.०० | सदस्य राहत कोष | व्यवस्थापन र सम्पर्क व्यक्ति | आवश्यकता अनुसार |
| ३ | सुत्केरी उपचार सहयोग कार्यक्रम | आ.अ. | ६५०,०००.०० | सदस्य राहत कोष | व्यवस्थापन र सम्पर्क व्यक्ति | आवश्यकता अनुसार |
| ४ | खुत्रुके वितरण कार्यक्रम | आ.अ. | १००,०००.०० | खर्च | व्यवस्थापन र सम्पर्क व्यक्ति | आवश्यकता अनुसार |
| ५ | नवदुलही सदस्यता कार्यक्रम | आ.अ. | २०,०००.०० | खर्च | व्यवस्थापन र सम्पर्क व्यक्ति | आवश्यकता अनुसार |
| ६ | सदस्यता राहत वितरण कार्यकम | आ.अ. | १,८००,०००.०० | सदस्य राहत कोष | सञ्चालक र व्यवस्थापन | आवश्यकता अनुसार |
| ७ | सदस्य बीमा कार्यक्रम | आ.अ. | ७४०,०००.०० | खर्च | व्यवस्थापन | आवश्यकता अनुसार |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८ | जटिल रोग उपचार सहयोग कार्यक्रम | आ.अ. | १,१००,०००.०० | सदस्य राहत कोष | सञ्चालक र व्यवस्थापन | आवश्यकता अनुसार |
| ९ | प्राकृतिक प्रकोप सहयोग | आ.अ. | ४५०,०००.०० | सदस्य राहत कोष | सञ्चालक र व्यवस्थापन | आवश्यकता अनुसार |
| १० | स्वास्थ्य उपचार सम्बन्धी नयाँ कार्यक्रम | आ.अ. | २५,०००.०० | सदस्य राहत कोष | सञ्चालक र व्यवस्थापन | आवश्यकता अनुसार |
| ११ | राहत उपलब्ध गराउने सन्दर्भमा हुने खर्च | आ.अ. | ३०,०००.०० | खर्च | | आवश्यकता अनुसार |
| | **जम्मा** | | ५,२६५,०००.०० | | | |

## १४. सामाजिक उत्तरदायित्व सम्बन्धी कार्यक्रम:

| क्र.सं. | आगामी आ.व.को लागि क्रियाकलाप/कार्यक्रम | सङ्ख्या | बजेट रकम | स्रोत | जिम्मेवारी | सम्पन्न भैसक्ने अवधि |
|---|---|---|---|---|---|---|
| १ | वातावरण मैत्री झोला विकास | ३००० | १४०,०००.०० | खर्च | सम्पत्ति सा.व्य.उ | आ. अ. |
| २ | वातावरण संरक्षण सम्बन्धी कार्यक्रम | २ | ४५,०००.०० | सा. विकास कोष | महिला तथा सा.सां.उ.स. | आ. अ. |
| ३ | स्वास्थ्य/आँखा शिविर | १ | ५०,०००.०० | सा. विकास कोष | महिला तथा सा.सां.उ.स. | आ. अ. |
| ४ | नियमित रक्तदान कार्यक्रम | २ | ३०,०००.०० | सा. विकास कोष | महिला तथा सा.सां.उ.स. | आ. अ. |
| व्यापारिक सम्पत्तिको निसर्गमा लाभ/हानी | - | - |
| व्यापारिक सम्पत्तिमा लाभांश आम्दानी | - | - |
| विदेशी विनिमय कारोबारमा लाभ/हानी | - | - |
| **जम्मा** | - | - |

**४.२८ अन्य सञ्चालन आम्दानी :**

अन्य सञ्चालन आम्दानीको विवरण यस अन्तर्गत प्रस्तुत गरिएको छ :

| विवरण | २०८१/०८२ | २०८०/०८१ |
|---|---|---|
| लाभांश आम्दानी | १,१८६,५१८.८६ | १४३,२९२.२१ |
| संरक्षित पूँजी फिर्ता आम्दानी | १८२,१५६.४० | ८८,९५१.६४ |
| विविध | ५४,५४०.९४ | ३१,०७२.०० |
| **जम्मा** | **१,४२३,२१६.२०** | **२६३,३१५.८५** |

**४.२९ कर्जा तथा अन्य नोक्सानीको जोखिम व्यवस्था/(फिर्ता) :**

कर्जा तथा अन्य नोक्सानीको जोखिम व्यवस्था/(फिर्ता)को विवरण यस अन्तर्गत प्रस्तुत गरिएको छ :

| विवरण | २०८१/०८२ | २०८०/०८१ |
|---|---|---|
| कर्जा तथा सापटीमा नोक्सानी व्यवस्था/(फिर्ता) | १६,३१९,१३३.१५ | १३,०४७,६०७.१० |
| लगानी उपकरणमा नोक्सानी व्यवस्था/(फिर्ता) | - | - |
| सम्पत्ति तथा उपकरणमा नोक्सानी व्यवस्था/(फिर्ता) | - | - |
| ख्याति र अमूर्त सम्पत्तिमा नोक्सानी व्यवस्था/(फिर्ता) | - | - |
| लगानी सम्पत्तिमा नोक्सानी व्यवस्था/(फिर्ता) | - | - |
| अन्य सम्पत्तिमा नोक्सानी व्यवस्था/(फिर्ता) | - | - |
| **जम्मा** | **१६,३१९,१३३.१५** | **१३,०४७,६०७.१०** |

**४.३० कर्मचारी खर्च :**

कर्मचारी खर्चको विवरण यस अन्तर्गत प्रस्तुत गरिएको छ :

| विवरण | २०८१/०८२ | २०८०/०८१ |
|---|---|---|
| कर्मचारी तलब, ग्रेड खर्च | १९,३८८,३०१.२० | १९,८०७,७५५.७५ |
| सञ्चयकोष खर्च | १,१६५,८८९.३९ | ९३७,८९७.१० |
| कर्मचारी पोशाक खर्च | ४३२,०००.०० | ३७६,०००.०० |
| चाडपर्व खर्च | १,२१३,९७०.३५ | १,०९५,५८२.०० |
| संचित बिदा खर्च | ५१३,५८६.०४ | ४८३,५५५.५० |
| ओभरटाइम खर्च | २९८,६२८.०० | ३५५,५८४.०० |
| कर्मचारी उपदान खर्च | ९७१,१८६.४८ | २,६७०,६४२.२९ |
| सामाजिक सुरक्षा खर्च | १९४,७०४.७५ | १५६,६२८.८१ |
| प्रोत्साहन खर्च | २६५,६३४.०० | - |
| NFRS अन्तर्गतको वित्तीय खर्च | २१६,३७३.६४ | (३५७,४८७.८५) |
| **जम्मा** | **२४,६६०,२७३.८५** | **२५,५२६,१५७.६०** |
| कर्मचरी बोनस व्यवस्था* | ४,४०२,७८२.२६ | ५,११६,४५९.३६ |
| **कुल जम्मा** | **२९,०६३,०५६.११** | **३०,६४२,६१६.९६** |

Shrestha Sunil & Associates
Kathmandu

### ४.३१ अन्य सञ्चालन खर्च :

अन्य सञ्चालन खर्चको विवरण यस अन्तर्गत प्रस्तुत गरिएको छ :

| विवरण | २०८१/०८२ | २०८०/०८१ |
|---|---|---|
| कार्यालय व्यवस्थापन खर्च (४.३१.१) | ५,४९९,१५४.०६ | ५,११७,६९८.०२ |
| लेखापरीक्षकको पारिश्रमिक | २५०,०००.०० | २५०,०००.०० |
| सहकारी कार्यक्रम खर्च (४.३१.२) | ७,१६४,७५४.६० | ६,६८४,२९०.५२ |
| समिति तथा उपसमिति बैठक भत्ता | १,०६६,०५०.०० | ८६०,९२२.०० |
| समिति तथा उपसमिति बैठक सञ्चालन खर्च | १५४,९८४.०० | १३६,३९३.०० |
| अन्य | - | - |
| **जम्मा** | **१४,१३४,९४२.६६** | **१३,०४९,३०३.५४** |

### ४.३१.१ कार्यालय व्यवस्थापन खर्च :

| विवरण | २०८१/०८२ | २०८०/०८१ |
|---|---|---|
| ईन्धन खर्च | ७९१,०९५.५५ | ९३५,४८०.३६ |
| बीमा खर्च | १२४,५४७.२५ | १२२,४५६.३५ |
| मसलन्द तथा छपाई खर्च | ७३७,७१८.८७ | ७८२,२५८.९६ |
| पोष्टेज, टेलिफोन र ईन्टरनेट खर्च | ७४७,७५१.०० | ७०७,१०९.०० |
| पत्रपत्रिका खर्च | १७,८००.०० | - |
| मिडिया खर्च | ८३,०३७.०० | ९२,६५९.०० |
| परामर्श खर्च | - | ६०,०००.०० |
| अतिथि सत्कार खर्च | ५७,३१०.०० | १७०,३४३.०० |
| सरसफाई खर्च | ११०,२६१.०० | ११७,५९२.९९ |
| विद्युत महशुल खर्च | ३६२,४१४.०० | ३२१,२६९.०० |
| खानेपानी महशुल खर्च | ६५,०९०.०० | ५८,९१०.०० |
| परिवहन खर्च | ५६,९३२.०० | ६०,२९२.०० |
| चियापान खर्च | २६८,१६३.०० | ११७,२६५.०० |
| कार्यालय सामग्री खर्च | १९९,१३८.०० | १५६,१९८.०० |
| कर्मचारी छनौट खर्च | - | २१,५८०.०० |
| सालतमामी खर्च | ११०,८५०.०० | ९७,६५८.०० |
| वातावरणमैत्री झोला खर्च | - | ४०,६८०.०० |
| सफ्टवेयर नवीकरण शुल्क | ६६१,००८.०० | ५४७,३६३.२५ |
| मोबाइल बैकिङ्ग शुल्क फिर्ता | - | ४,०००.०० |
| स्थानीय कर खर्च | २१,७१३.०० | २८६.०० |
| ज्याला खर्च | २३४,६३९.०० | १९६,८०५.०० |
| सुरक्षा कर्मी खर्च | १२०,३९३.०० | - |
| ऋण असुली खर्च | २३२,९२५.०० | ८३,७००.०० |
| बैंक सेवा शुल्क | ४,५९३.४९ | ४,८५१.०० |
| मर्मत सम्भार खर्च (कार्यलय सामान तथा कम्प्युटर) | २०७,८०५.९० | १७२,९२०.४६ |
| माईक्रो बैंकर वार्षिक सञ्चालन शुल्क | २३९,१३२.०० | २३८,०००.६५ |
| मर्मत सम्भार खर्च (अन्य) | ४४,८३७.०० | ८,०२०.०० |
| **जम्मा** | **५,४९९,१५४.०६** | **५,११७,६९८.०२** |

Shrestha Sunil & Associates
Kathmandu
Chartered Accountants

४.३१.२ सहकारी कार्यक्रम खर्च :

| विवरण | २०८१/०८२ | २०८०/०८१ |
|---|---|---|
| अन्तर सहकारी फुटसल कार्यक्रम खर्च | - | ३६,४०८.०० |
| सदस्य तीर्थयात्रा खर्च | ८७,७७६.०० | ९३,५२९.०० |
| निवन्ध प्रतियोगिता खर्च | - | १४,८३२.०० |
| साधारण सभा खर्च | ३,३९४,१४९.०० | ३,००४,६३९.८९ |
| ज्येष्ठ नागरिक सम्मान कार्यकम | २९९,६२१.०० | २६३,६७६.०० |
| रक्तदान कार्यकम खर्च | २१,१९०.०० | १७,५५५.०० |
| अध्ययन अवलोकन भ्रमण कार्यकम खर्च | - | २९७,८०३.०० |
| एक्सेस कार्यकम खर्च | १०५,०००.०० | २१३,७२७.०० |
| कपी पेन्सील वितरण कार्यकम खर्च | १,३८४,१७१.०० | - |
| सुत्केरी भेटघाट कार्यकम खर्च | ११०,४००.०० | ३८०,८८०.०० |
| महिला क्षमता विकास कार्यकम खर्च | ५४,२७२.०० | १२७,०३०.०० |
| वार्षिक भित्तेपात्रो प्रकाशन तथा वितरण कार्यकम खर्च | १६६,५००.०० | १७०,०९३.०० |
| नवदुलही सदस्यता कार्यकम खर्च | ११,०००.०० | १३,०००.०० |
| राष्ट्रिय सहकारी दिवस कार्यकम खर्च | ४८,७७१.०० | २७,३७५.०० |
| सदस्यता राहत वितरण कार्यकम खर्च | ५०,३९५.०० | १२९,४३७.०० |
| उपहार तथा शुभकामना खर्च (एसइइ समेत) | २३,०३०.०० | ४१,६८०.०० |
| त्रैमासिक समिक्षा कार्यकम खर्च | २७,१६०.०० | ११६,७५०.०० |
| एस.ई.ई. सम्मान खर्च | २०२,०००.०० | - |
| वार्षिकोत्सव कार्यकम खर्च | ३७३,५७६.३५ | - |
| कार्यशाला, सेमिनार र तालिम खर्च | ३३,३१४.०० | १४३,१७५.०० |
| सदस्यता वृद्धि कार्यकम खर्च | ३७,४५५.०० | ७८,४७७.०० |
| बुसा दर्पण प्रकाशन खर्च | ३४,०००.०० | - |
| उपसमिति अभिमुखीकरण कार्यक्रम खर्च | ३९,२८७.५० | - |
| रजत वर्ष कार्यकम खर्च | - | ७८१,३२६.०० |
| दिपावली शुभकामना कार्यक्रम खर्च | १८,४४३.०० | २८,७५४.०० |
| फोकल पर्सन सहभागिता कार्यक्रम खर्च | - | ६९,८७२.६५ |
| सदस्य बीमा खर्च | ६४०,१५८.७५ | ६२८,०००.९८ |
| व्यवसाय योजना कार्यक्रम खर्च | ३,०८५.०० | ६,२७०.०० |
| जम्मा | ७,१६४,७५४.६० | ६,६८४,२९०.५२ |

४.३२ ह्रासकट्टी र परिशोधन :

ह्रासकट्टी र परिशोधनको विवरण यस अन्तर्गत प्रस्तुत गरिएको छ :

| विवरण | २०८१/०८२ | २०८०/०८१ |
|---|---|---|
| सम्पत्ति तथा उपकरणमा ह्रासकट्टी (नोट ४.७) | १,७३०,६८५.६० | १,९९०,५३३.०७ |
| पट्टा सम्पत्ति ह्रासकट्टी (नोट ४.८) | १,८३८,१०२.११ | १,८३८,१०२.११ |
| लगानी सम्पत्तिमा ह्रासकट्टी (नोट ४.६) | - | - |
| अमूर्त सम्पत्तिमा परिशोधन (नोट ४.९) | १४७,०९९.२१ | १५५,५९५.६५ |
| जम्मा | ३,७१५,८८६.९२ | ३,९८४,२३०.८४ |

**४.३३ गैर सञ्चालन आम्दानी :**

गैर सञ्चालन आम्दानीको विवरण यस अन्तर्गत प्रस्तुत गरिएको छ :

| विवरण | २०८१/०८२ | २०८०/०८१ |
|---|---|---|
| अपलेखन गरिएको कर्जा असुली | - | - |
| कर्मचारी बोनस कोष व्यवस्था आम्दानी (फिर्ता) | - | २,८८७,९८०.९६ |
| विविध आम्दानी | - | - |
| **जम्मा** | **-** | **२,८८७,९८०.९६** |

**४.३४ गैर सञ्चालन खर्च :**

गैर सञ्चालन खर्चको विवरण यस अन्तर्गत प्रस्तुत गरिएको छ :

| विवरण | २०८१/०८२ | २०८०/०८१ |
|---|---|---|
| कर्जा अपलेखन | - | - |
| सम्पत्ति निसर्गमा नोक्सानी | २६,६०९.०७ | ७,४१३.३० |
| अन्य खर्च | - | - |
| **जम्मा** | **२६,६०९.०७** | **७,४१३.३०** |

**४.३५ आयकर खर्च :**

आयकर खर्चको विवरण यस अन्तर्गत प्रस्तुत गरिएको छ :

| विवरण | २०८१/०८२ | २०८०/०८१ |
|---|---|---|
| **चालु कर खर्च** | | |
| यस वर्ष | ४,१७०,५७४.२५ | ५,२९५,८३०.०० |
| गत वर्षको लागि समायोजन | - | - |
| **स्थगन कर खर्च** | | |
| अल्पकालीन भिन्नताहरुको शुरुवात र रिभर्सल | (४५६,०६९.७१) | (२३३,८११.९४) |
| पहिले लेखाङ्न नगरिएको कर नोक्सानी | - | - |
| **जम्मा कर खर्च** | **३,७१४,५०४.५४** | **५,०६२,०१८.०६** |

**४.३५.१ कर खर्च र लेखा मुनाफाको मिलान :**

| विवरण | २०८१/०८२ | २०८०/०८१ |
|---|---|---|
| **NFRS बमोजिम कर अधिको नाफा** | **४१,७५८,०६३.५७** | **५१,०३५,१०२.५२** |
| **जोड्ने:** | | |
| आयको गणना गर्दा कट्टी नहुने खर्चहरु: | | |
| कर्मचारी उपदान व्यवस्था | - | १,८८९,३७३.९७ |
| कर्मचारी बिदा व्यवस्था | ५१३,५८६.०४ | २४८,७७८.२७ |
| NFRS बमोजिम ह्रासकट्टी खर्च (नोट ४.३२) | ३,७१५,८८६.९२ | ३,९८४,२३०.८४ |
| NFRS बमोजिम पट्टा दायित्व ब्याज खर्च (नोट ४.२४) | ८६१,७५८.४० | १,०३४,४७८.२६ |
| NFRS अन्तर्गतको वित्तीय खर्च (नोट ४.३०) | २१६,३७३.६४ | (३५७,४८७.८५) |
| अन्य समायोजन | ४७९,५२७.१२ | ५,२८२.६६ |
| **घटाउने:** | | |
| अन्तिम रुपमा कर कट्टी हुने आय (लाभांश र संरक्षित पूँजी फिर्ता आम्दानी) | (१,३६८,६७५.२६) | (२३२,२४३.८५) |
| भुक्तानीको आधारमा यस आ.व. मा खर्च दाबी गर्न सकिने खर्चहरु | | |
| कर्मचारी उपदान भुक्तानी | (१,८८९,३७४.००) | - |
| कर्मचारी बिदा भुक्तानी | (५०,५०५.६६) | (११२,२०१.२८) |
| आयकर ऐन बमोजिम ह्रासकट्टी खर्च | (१,९५८,६४७.८६) | (२,१८८,७८७.४४) |
| ऋण सापटीमा NFRS बमोजिम थप ब्याज आम्दानी | २,१४३,६३९.२३ | (२७८,७५३.३३) |
| कर्मचारी ऋण बापत NFRS बमोजिम थप ब्याज आम्दानी | (२१६,३७३.६४) | ३५७,४८७.८५ |
| घरबहाल खर्च भुक्तानीको आधारमा | (२,४९९,५१६.००) | (२,४२६,९५९.९०) |
| अन्य | - | - |
| **आय कर गणनाका निमित्त व्यवसायको आय** | **४१,७०५,७४२.५१** | **५२,९५८,३००.७२** |
| **आय करको दर प्रतिशत** | **१०.००** | **१०.००** |
| **कुल आय कर खर्च** | **४,१७०,५७४.२५** | **५,२९५,८३०.००** |
| **प्रभावकारी करको दर** | **९.९९%** | **१०.३८%** |

Shrestha Sunil & Associates
Kathmandu
Chartered Accountants

५.२ वित्तीय सम्पत्ति तथा दायित्वको वर्गीकरण

NFRS 9: वित्तीय उपकरण, पहिचान, लेखाइन तथा मापन अन्तर्गत वित्तीय सम्पत्ति र वित्तीय दायित्वहरुलाई परिशोधित मूल्य (Amortized Cost) , नाफा-नोक्सान मार्फत उचित मूल्य (FVTPL) र अन्य विस्तृत आम्दानी मार्फत उचित मूल्य (FVTOCI) मा वर्गीकरण गरिन्छ । संस्थाको वित्तीय सम्पत्ति तथा वित्तीय वित्तीय दायित्वहरुको वर्गीकरण निम्न तालिकामा प्रस्तुत गरिएका छन् :

| वित्तीय सम्पत्ति | २०८२ साल आषाढ ३२ को | | | |
|---|---|---|---|---|
| | परिशोधित मूल्य | नाफा-नोक्सान मार्फत उचित मूल्य (FVTPL) | अन्य विस्तृत आम्दानी मार्फत उचित मूल्य (FVTOCI) | जम्मा |
| नगद तथा नगद समान | ३६४,२३३,०९५.९९ | - | - | ३६४,२३३,०९५.९९ |
| बैंक तथा वित्तीय संस्थामा रहेको प्लेसमेन्ट | ४१५,०००,०००.०० | - | - | ४१५,०००,०००.०० |
| कर्जा लगानी | १,२८७,९५०,६२८.७७ | - | - | १,२८७,९५०,६२८.७७ |
| लगानी उपकरण | - | - | ३२,०४८,५००.०० | ३२,०४८,५००.०० |
| अन्य सम्पत्ति | ३७०,६४२.८२ | - | - | ३७०,६४२.८२ |
| **कुल वित्तीय सम्पत्ति** | **२,०६७,५५४,३६७.५८** | **-** | **३२,०४८,५००.००** | **२,०९९,६०२,८६७.५८** |
| **वित्तीय दायित्व** | | | | |
| निक्षेप दायित्व | १,७२१,७१०,०१८.८५ | - | - | १,७२१,७१०,०१८.८५ |
| सापटी | - | - | - | - |
| अन्य दायित्व | ४५,००० | - | - | ४५,०००.०० |
| **कुल वित्तीय दायित्वहरु** | **१,७२१,७५५,०१८.८५** | **-** | **-** | **१,७२१,७५५,०१८.८५** |

| वित्तीय सम्पत्ति | २०८१ साल आषाढ ३१ को | | | |
|---|---|---|---|---|
| | परिशोधित मूल्य | नाफा-नोक्सान मार्फत उचित मूल्य (FVTPL) | अन्य विस्तृत आम्दानी मार्फत उचित मूल्य (FVTOCI) | जम्मा |
| नगद तथा नगद समान | २७२,३९३,२२३.९५ | - | - | २७२,३९३,२२३.९५ |
| बैंक तथा वित्तीय संस्थामा रहेको प्लेसमेन्ट | ३२०,०००,०००.०० | - | - | ३२०,०००,०००.०० |
| कर्जा लगानी | १,३१८,००८,०३८.३९ | - | - | १,३१८,००८,०३८.३९ |
| लगानी उपकरण | - | - | ३२,०४८,५००.०० | ३२,०४८,५००.०० |
| अन्य सम्पत्ति | ७३३,८२१.३६ | - | - | ७३३,८२१.३६ |
| **कुल वित्तीय सम्पत्ति** | **१,९११,१३५,०८३.७०** | **-** | **३२,०४८,५००.००** | **१,९४३,१८३,५८३.७०** |
| **वित्तीय दायित्व** | | | | |
| निक्षेप दायित्व | १,५८०,५३३,३८५.१८ | | - | १,५८०,५३३,३८५.१८ |
| सापटी | - | | - | - |
| अन्य दायित्व | ६९,०००.०० | | - | ६९,०००.०० |
| **कुल वित्तीय दायित्वहरु** | **१,५८०,६०२,३८५.१८** | **-** | **-** | **१,५८०,६०२,३८५.१८** |

BUSA

Shrestha Sunil & Associates Kathmandu Chartered Accountants

# बुडोल सामुदायिक बचत तथा ऋण सहकारी संस्था लिमिटेड
## बनेपा-०६, काभ्रेपलान्चोक

## वित्तीय विवरण सम्बन्धी नीति तथा टिप्पणीहरु
## २०८२ साल आषाढ मसान्तको

### १. सामान्य जानकारी

बुडोल सामुदायिक बचत तथा ऋण सहकारी संस्था लिमिटेड, जसलाई यसपछि **"संस्था"** भनिएको छ, सदस्य केन्द्रित र समुदायमा आधारित सहकारी संस्था हो । यस संस्था सहकारी ऐन, २०४८ अन्तर्गत स्थापना भएको हो । संस्था डिभिजन सहकारी कार्यालय काभ्रेपलान्चोकमा (दर्ता नं. ०७१/०५०/५१, मितिः २०५०/०७/०२) दर्ता भएको छ । संस्थाको स्थायी लेखा नम्बर (PAN) ३०३१२२१५१ रहेको छ ।

हाल संस्थाले काभ्रेपलान्चोक जिल्ला, बनेपा न.पा.-०६, बुडोलस्थित मुख्य कार्यालय र नाला, बनेपा, धुलिखेल र पाँचखालमा अवस्थित सेवा केन्द्रहरुबाट सदस्यलाई सेवाहरू प्रदान गर्दै आएको छ ।

### २. वित्तीय लेखाङ्कनका आधारहरु

#### २.१ अनुपालन सम्बन्धी उद्घोषण

यस संस्थाको वित्तीय विवरणहरु नेपाल वित्तीय प्रतिवेदनमान (Nepal Financial Reporting Standard -NFRS) का आधारमा रही लेखामान बोर्ड (Accounting Standards Board -ASB) बाट जारी भई नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था (The Institute of Chartered Accountants of Nepal -ICAN) द्वारा अनुपालनको लागि सूचित गरिएको व्यवस्था अनुसार तयार गरिएका छन् । वित्तीय विवरणमा वित्तीय अवस्थाको विवरण, नाफा वा नोक्सानको विवरण, अन्य विस्तृत आम्दानीको विवरण, इक्विटी परिवर्तनको विवरण, नगद प्रवाह विवरण र लेखाका लागि वित्तीय विवरण सम्बन्धी टिप्पणीहरु समावेश गरिएका छन् । संस्थाद्वारा सहयोगी, सहायक वा संयुक्त व्यवस्थाका रूपमा वर्गीकृत संस्थाहरूमा लगानी नगर्ने भएकाले समेकित वित्तीय विवरण (Consolidated Financial Statements) तयार गरिएको छैन ।

विगत आर्थिक वर्षहरुको विवरणहरुलाई यस आर्थिक वर्ष २०८१-०८२ को तुलनात्मक रूपमा एकरुपता ल्याउन आवश्यक भए अनुसार पुनःवर्गीकरण तथा पुनःलेखाङ्कन गरिएका छन् ।

#### २.१.१ नेपाल वित्तीय प्रतिवेदनमान अनुपालन सम्बन्धमा जारी वैकल्पिक व्यवस्था :

नेपाल लेखामान बोर्डको सिफारिसमा नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले नेपाल वित्तीय प्रतिवेदन मानमा भएको प्रावधान बमोजिम आर्थिक वर्ष २०८१/८२को वार्षिक प्रतिवेदन तयार गर्दा बैंक वित्तीय संस्था तथा नियामक निकायबाट इजाजत प्राप्त अन्य वित्तीय संस्थाहरुलाई निम्न उल्लेखित वैकल्पिक व्यवस्थाहरु (Carve-Out Alternatives) अपनाउन सकिने गरी गरिएको व्यवस्था बमोजिम संस्थाद्वारा नेपाल वित्तीय प्रतिवेदन मान अनुपालनका लागि सो वैकल्पिक व्यवस्थाहरु अपनाई वित्तीय विवरण तयार गरिएको छ,

**क) NFRS-9 वित्तीय उपकरण -पहिचान तथा मापन (प्रभावकारी ब्याजदर विधि -Effective Interest Rate सम्बन्धी)**

NFRS-9 को Para 5.4 व्यवस्था बमोजिम वित्तीय संस्थाहरुले ऋण लगानीबाट हुने ब्याज आम्दानी गणना गर्दा सेवा शुल्क तथा अन्य शुल्कहरुलाई समेत समायोजन गरी हुन आउने प्रभावकारी ब्याजदर विधिमा ब्याज आम्दानी गणना गर्ने व्यवस्था रहेकोमा सो गर्न अव्यवहारिक भएको अवस्थामा वैकल्पिक व्यवस्था अवलम्वन गर्न सकिने छ। सो वैकल्पिक व्यवस्था बमोजिम ऋण लगानी बखत प्राप्त हुने सेवा शुल्क तथा अन्य शुल्कहरुलाई ऋणबाट प्राप्त ब्याज आम्दानी लेखाङ्कनको लागि प्रभावकारी ब्याजदर विधिमा ब्याज आम्दानी गणना नगरी प्रोदभावी लेखाङ्कनका आधारमा सो सेवा शुल्क तथा अन्य शुल्क आम्दानीहरु पाकेकै वर्ष लेखाङ्कन गर्न सकिने छ। संस्थाद्वारा उपरोक्त वैकल्पिक व्यवस्था ग्रहण गरिएको छ।

**ख) NFRS 9 - वित्तीय उपकरण - पहिचान, लेखाङ्कन तथा मापन (ऋण नोक्सानी व्यवस्था सम्बन्धी)**

NFRS 9 को Para 5.5 को व्यवस्था बमोजिम बैंक वित्तीय संस्था तथा नियामक निकायबाट इजाजत प्राप्त अन्य वित्तीय संस्थाहरुले ऋण नोक्सानी व्यवस्था (Loan Loss Provision) कायम गर्दा "Expected Credit Loss Model" अपनाएर गनुपर्ने प्रावधान अनुसार गर्न नसकिने अवस्था हुँदा वैकल्पिक व्यवस्था अवलम्बन गर्न सकिने व्यवस्था गरेको छ । यो वैकल्पिक व्यवस्था अनुसार संस्थाले नियामक निकायद्वारा तोकिएको प्रावधान बमोजिम लेखाङ्कन गर्नुपर्ने ऋण नोक्सानी व्यवस्था वा NFRS 9 को Para 5.5 बमोजिम आएको ऋण नोक्सानी व्यवस्था मध्ये जुन बढी हुन्छ सोलाई ऋण नोक्सानी व्यवस्था गरी लेखाङ्कन गर्नुपर्ने प्रावधान रहेको छ।

Shrestha Sunil & Associates
Kathmandu
Chartered Accountants

उपरोक्त व्यवस्था बमोजिम संस्थाद्वारा राष्ट्रिय सहकारी नियमन प्राधिकरणद्वारा जारी गरिएको ऋण नोक्सानी सम्बन्धित प्रावधान बमोजिम हुन आउने ऋण नोक्सानी व्यवस्था वा NFRS 9 बमोजिम आएको ऋण नोक्सानी व्यवस्था मध्ये जुन बढी हुन्छ सोलाई ऋण नोक्सानी व्यवस्था गरी लेखाङ्कन गर्न सकिने छ। संस्थाद्वारा उपरोक्त वैकल्पिक व्यवस्था ग्रहण गरिएको छ।

**२.२ समीक्षा अवधि र वित्तीय विवरणको अनुमोदन**

यस सहकारी संस्थाले वित्तीय विवरणहरू तयार गर्न नेपाली पात्रोमा आधारित नेपाली आर्थिक वर्षको (श्रावण १ गतेबाट सुरु भएर आषाढ मसान्तसम्म) लाई आधार लिएको छ।

वित्तीय विवरणहरूको तयारी र प्रस्तुतीकरणको जिम्मेवारी सञ्चालक समितिले स्वीकार गर्दछ।

यी वित्तीय विवरणहरू १४ भाद्र २०८२ मा बसेको सञ्चालक समितिको बैठकबाट संस्थाको आगामी २६ औं वार्षिक साधारण सभामा सदस्यहरूबाट अनुमोदनको लागि पेश गर्ने गरी स्वीकृत गरिएको छ।

**२.३ कार्यात्मक तथा प्रस्तुतीकरण मुद्रा**

यस वित्तीय प्रतिवेदन नेपाली रुपैयाँ (ने.रु.) मा तयार पारिएको छ। संस्थाले नेपाली मुद्रामा मात्र कारोवार गर्न नियामकीय व्यवस्था रहेको छ। सबै अङ्कलाई अन्यथा उल्लेख नभएको अवस्थामा नेपाली रुपैयाँमा उल्लेख गरिएको छ।

**२.४ अनुमान, पूर्वधारणा र स्वविवेकको प्रयोग**

नेपाल वित्तीय प्रतिवेदनमान (NFRS) बमोजिम वित्तीय विवरण तयार गर्दा संस्थाले निश्चित निर्णय, अनुमान र धारणाहरु बनाउन आवश्यक हुन्छ। यी अनुमानहरु उपलब्ध जानकारी र संस्थाको व्यवस्थापनका स्वविवेकमा आधारित छन्। यसले पछि अन्य विकल्पहरु अझ बढी उपयुक्त हुन सक्थे भन्ने पनि निर्धारण हुन सक्नेछ।

वित्तीय विवरणका विभिन्न विषयहरुसँग सम्बन्धित लेखा नीतिहरु उपयुक्त विषयहरुसँगै टिप्पणीका रुपमा समावेश गरिनुका साथै सो को परिवर्तनको असर तथा प्रकृतिसमेत खुलाइएको छ।

वास्तविक परिमाणहरु मूल्याङ्कन गरे भन्दा फरक पर्न सक्दछन् र कहिले काहीं यस्ता भिन्नताहरु महत्वपूर्ण पनि हुन सक्छन्।

संस्थाले तयार गरेको NFRS बमोजिमको वित्तीय विवरणमा उल्लेख भएका आफ्ना सम्पत्ति तथा दायित्वहरुको **Fair Value** अनुमान गर्न विभिन्न मूल्याङ्कन मोडेल र प्रविधिहरु प्रयोग तथा नाफा वा नोक्सानको अनुमान गरिएको छ। संस्थाले गरेका अनुमानहरु तथा वित्तीय विवरण समय समयमा परिमार्जन गर्दै लैजाने योजना रहेको छ। लेखाको अनुमानमा गरिएको परिमार्जनलाई जुन अवधिमा परिमार्जन गरिएको हो सोही अवधिबाट लागु हुने गरी लेखाङ्कन गरिन्छ।

विवरणमा अनुमान गरिएको व्यहोरा सम्बन्धित स्थानमा उल्लेख गरिएको छ। त्यहाँ अनुमानमा परिवर्तन हुँदा पर्ने असर र परिवर्तनलाई समेत उल्लेख गरिएको छ।

**२.५ लेखा नीतिमा परिवर्तन**

वित्तीय विवरण तयार गर्दा प्रयोग गरिएका लेखा नीतिहरु निरन्तर रूपमा अवलम्बन गरिन्छ। लेखा नीतिमा परिवर्तन गर्नु पर्दा NFRS ले तोकेको व्यवस्था बमोजिम त्यसलाई समायोजन गरिन्छ।

**२.६ डिस्काउन्टिड (Discounting)**

सम्पत्ति र दायित्व गैर चालु (Non-Current) भएको र Discounting को प्रभाव महत्वपूर्ण भएको अवस्थामा NFRS बमोजिम Discounting प्रयोग गरिएको छ।

**३. महत्वपूर्ण लेखा नीतिहरू**

**३.१ मापनको आधार**

संस्थाको वित्तीय विवरण देहायका अवस्थामा बाहेक ऐतिहासिक लागतको (Historical Cost Convention) आधारमा तयार गरिएको छ।

| विवरण | मापनको आधार |
|---|---|
| अन्य दीर्घकालीन कर्मचारी लाभ दायित्व | वर्षको अन्त्यमा सञ्चित रहेको बिदा शेषको आधारमा व्यवस्थापनको अनुमान बमोजिम |
| कर्मचारीहरूलाई ऋण तथा सापट | उचित मूल्य (बजारको ब्याजदरको हिसाबले गणना गरिएको रकम ) |
| धितोपत्रहरूमा लगानी | उचित मूल्य |

**३.२ व्यवसाय प्राप्ति र साख**

व्यवसाय प्राप्ति र साखलाई नियन्त्रण प्राप्त हुँदाको समयमा NFRS 3 बमोजिम "Acquisition Method" अनुसार लेखाङ्कन गरिएको छ:

BUSA

Shrestha Sunil & Associates
Kathmandu
Chartered Accountants

उक्त Acquisition Method को लागि:

- नियन्त्रण प्राप्त गर्नेको पहिचान हुनु पर्छ।
- नियन्त्रण प्राप्तिको मिति तय भएको हुनु पर्छ।
- सम्पत्ति, दायित्व तथा Non-Controlling Interest को मापन हुनु पर्छ।
- नियन्त्रण प्राप्त गर्दा को Goodwill (साख) वा Bargain Purchase बाट हुने लाभको मापन हुनु पर्छ।

उक्त व्यवसाय प्राप्ति र साखको Acquisition Method अनुसारको लेखाङ्कनमा Goodwill को रकम Negative आएमा सो रकमलाई NFRS 3 बमोजिम व्यापार प्राप्ति गर्दाको लाभको रुपमा नाफा नोक्सान खातामा आम्दानी जनाउने गरिन्छ। संस्थाद्वारा सहयोगी, सहायक वा संयुक्त व्यवस्थाका रूपमा वर्गीकृत संस्थाहरूमा लगानी नगर्ने भएकाले समेकित वित्तीय विवरण (Consolidated Financial Statements) तयार गरिएको छैन।

**३.३ वित्तीय सम्पत्ति र वित्तीय दायित्व**

**क) पहिचान र लेखाङ्कन**

संस्थाले प्रारम्भिक रुपमा आफ्नो वित्तीय अवस्थाको विवरणमा वित्तीय उपकरणहरुको अनुबन्धात्मक व्यवस्थाको सिर्जना भएमा वित्तीय सम्पत्ति वा दायित्वलाई लेखाङ्कन गर्दछ। संस्थाको उपकरणहरुको अनुबन्धन व्यवस्थाको सिर्जना भए पश्चात वित्तीय सम्पत्ति वा दायित्वको उत्पत्ति भएको मितिको आधारमा संस्थाले सदस्यहरुलाई प्रवाह गरेको कर्जा, बैंक तथा वित्तीय संस्थाबाट प्राप्त कर्जा/सापटी, सदस्यहरुको निक्षेप र सहायक दायित्वहरूलाई वित्तीय सम्पत्ति वा दायित्व भनी लेखाङ्कन गरेको छ। वित्तीय सम्पत्तिको नियमित हुने खरिद र बिक्रीलाई चुक्ता हुने मितिमा लेखाङ्कन गरिएको छ।

**ख) वर्गीकरण**

**अ) वित्तीय सम्पत्ति**

संस्थाले वित्तीय सम्पत्तिहरू व्यवस्थापन गर्नका लागि व्यापार मोडल र वित्तीय सम्पत्तिको अनुबन्धित नगद प्रवाह विशेषताहरुको आधारमा परिशोधित लागत Amortized Cost वा **Fair Value** मा मापन गरिने वित्तीय सम्पत्तिको रुपमा वर्गीकरण गर्छ। वित्तीय सम्पत्तिको दुई वर्गहरु यसप्रकार छन्:

**अ (१) परिशोधित लागतमा मापन गरिने वित्तीय सम्पत्ति** (Amortized Cost)

संस्थाले देहायका दुवै सर्तहरु पूरा भएको खण्डमा परिशोधित लागतमा सम्पत्तिको मापन गरी वित्तीय सम्पत्तिको रुपमा वर्गीकरण गरेको छ।

- अनुबन्धित नगद प्रवाह संकलन गर्नको लागि सम्पत्ति राख्ने उद्देश्य भएको व्यापार मोडल अन्तर्गत सम्पत्ति रहेमा र,
- वित्तीय सम्पत्तिको सम्झौता सर्तहरूले निर्दिष्ट मितिमा नगद प्रवाह हुन्छ र त्यो मूल रकमको सावाँ वा ब्याज रकमको मात्र भुक्तानी हो।

**अ (२) Fair Value मा मापन गरिएको वित्तीय सम्पत्ति**

परिशोधित मूल्यमा मापन गरिएको बाहेकका वित्तीय सम्पत्ति Fair Value मा मापन गरिएको छ। Fair Value मा मापन गरिएको वित्तीय सम्पत्ति देहाय बमोजिम वर्गीकरण गरिन्छ:

- **नाफा वा नोक्सान मार्फत Fair Value मा मापन गरिने वित्तीय सम्पत्ति (FVTPL)**

व्यापारको लागि राखिएको अथवा नाफा वा नोक्सानको माध्यमबाट **Fair Value** मा निर्दिष्ट भएका वित्तीय सम्पत्तिहरुलाई Fair Value मापन गरी नाफा वा नोक्सानको मार्फत लेखाङ्कन गरिएको छ। वित्तीय सम्पत्तिको प्रारम्भिक पहिचान र लेखाङ्कनमा कारोबार लागतलाई अधिग्रहण लागत मापन गरी नाफा वा नोक्सानको मार्फत लेखाङ्कन गरिएको छ। त्यस्ता, सम्पत्ति पछि Fair Value मा मापन गरिएको छ र Fair Value मा देखिएका परिवर्तनहरू नाफा वा नोक्सानको विवरणमा पहिचान र लेखाङ्कन गरिएको छ।

- **अन्य विस्तृत आम्दानी मार्फत Fair Value मा मापन गरिने वित्तीय सम्पत्ति (FVTOCI)**

व्यापारको लागि नराखिएको र प्रारम्भिक रुपमा लेखाङ्कन नगरिएको इक्विटी उपकरणमा गरिएको लगानी, संस्थाले अपरिवर्तनीय छनौट सहित वित्तीय उपकरणको Fair Value मा भएको परिवर्तनलाई अन्य विस्तृत आयमा लेखाङ्कन गर्ने गरी वर्गीकरण गरेको वित्तीय सम्पत्तिहरुलाई अन्य विस्तृत आम्दानी मार्फत **Fair Value** मा मापन गरिएको छ। त्यस्ता सम्पत्तिहरुलाई पछि **Fair Value** मा मापन गरिएको छ र **Fair Value** मा भएको परिवर्तनहरूलाई अन्य विस्तृत आम्दानीमा लेखाङ्कन गरिएको छ।

**आ) वित्तीय दायित्व**

संस्थाले वित्तीय जमानत र ऋण प्रतिबद्धता बाहेक अन्य वित्तीय दायित्वहरुलाई निम्नानुसार वर्गीकरण गरेको छ।

Shrestha Sunil & Associates
Kathmandu
Chartered Accountants

- **नाफा वा नोक्सान मार्फत Fair Value मा मापन गरिने वित्तीय दायित्वहरु** (FVTPL)

वित्तीय दायित्वहरु व्यापारको लागि राखिएको अथवा नाफा वा नोक्सानको माध्यमबाट Fair Value मा निर्दिष्ट भएका वित्तीय दायित्वहरुलाई Fair Value मापन गरी नाफा वा नोक्सानको मार्फत लेखाङ्कन गरिएको छ। वित्तीय दायित्वको प्रारम्भिक पहिचान र लेखाङ्कनमा कारोबार लागतलाई अधिग्रहण लागत मापन गरी नाफा वा नोक्सानको मार्फत लेखाङ्कन गरिएको छ। तोकिएको विशेष दायित्वहरू बाहेक, दायित्वको कर्जा जोखिममा भएको परिवर्तनको कारण Fair Value मा भएको परिवर्तनलाई अन्य विस्तृत आम्दानीमा लेखाङ्कन गरिएको छ।

- **परिशोधित लागतमा मापन गरिएको वित्तीय दायित्वहरु** (Amortized Cost)

नाफा वा नोक्सानको माध्यमबाट Fair Value मा मापन गरिएको वित्तीय दायित्वहरु बाहेक अन्य वित्तीय दायित्वहरुलाई परिशोधित लागतमा प्रभावकारी ब्याजदर विधि प्रयोग गरी पछि मापन गर्ने परिशोधित लागतमा वर्गीकरण गरिन्छ।

**ग) मापन**

**अ) प्रारम्भिक मापन**

नाफा वा नोक्सानको माध्यमबाट मापन गरिएको बाहेकको वित्तीय सम्पत्ति वा वित्तीय दायित्व सुरुको Fair Value मा कारोबार रकम जोडेर वा घटाएर मापन गरिएको छ। नाफा वा नोक्सान मार्फत Fair Value मा मापन गरिने वित्तीय सम्पत्ति र वित्तीय दायित्वको सम्बन्धमा कारोबार लागत नाफा वा नोक्सानको विवरणमा लेखाङ्कन गरिएको छ।

**आ) पछिको मापन**

वित्तीय सम्पत्ति वा वित्तीय दायित्व पछि वर्गीकरणको आधारमा Fair Value मा वा परिशोधित लागतमा मापन गरिएको छ। परिशोधित लागतमा मापन गरिएको वर्गीकृत सम्पत्ति वा दायित्वपछि प्रभावकारी ब्याजदर विधि (Effective Interest Rate) प्रयोग गरेर परिशोधित लागतमा मापन गरिएको छ। वित्तीय सम्पत्ति वा वित्तीय दायित्व प्रारम्भिक लेखाङ्कन गरिएको रकममा सावाँको पुर्ण भुक्तानीलाई घटाई, प्रभावकारी ब्याज विधिद्वारा मापन गरिएको सञ्चित परिशोधन (प्रारम्भिक रकम र परिशोधित रकमको भिन्नता) लाई घटाई अथवा जोडी र क्षति वा असङ्कलनको कारण हुने कमीलाई घटाई परिणाम स्वरुप आएको रकमलाई वित्तीय सम्पत्ति वा वित्तीय दायित्वको परिशोधित लागत मूल्यमा मापन वित्तीय सम्पत्ति वा दायित्व भनिन्छ। विभिन्न बैंक तथा वित्तीय संस्थाबाट प्राप्त कर्जा/सापटी र सोमा लाग्ने प्रशासनिक शुल्कहरुको प्रभावकारी ब्याज दर विधिलाई कार्यान्वयन गरिएको छैन। Fair Value मा वर्गीकरण गरिएका वित्तीय सम्पत्ति पछि Fair Value मा मापन गरिएको छ। वित्तीय सम्पत्तिको Fair Value मा नाफा वा नोक्सानको माध्यमबाट पछि हुने Fair Value परिवर्तनलाई नाफा वा नोक्सानको विवरणमा लेखाङ्कन गरिन्छ जबकी अन्य विस्तृत आयमार्फत Fair Value मापन गरिने वित्तीय सम्पत्तिलाई अन्य विस्तृत आयमा पहिचान र लेखाङ्कन गरिएको छ।

**घ) अपलेखाङ्कन**

**वित्तीय सम्पत्तिको अपलेखाङ्कन**

संस्थाको वित्तीय सम्पत्तिबाट नगद प्रवाहको अनुबन्धित अधिकार समाप्त भएको वा संस्थाले कारोबारमा अनुबन्धित नगद प्रवाह प्राप्त गर्ने अधिकार हस्तान्तरण भएको र वित्तीय सम्पत्तिको सबै जोखिम र प्रतिफल हस्तान्तरण भएको साथै वित्तीय सम्पत्ति उपर कुनै नियन्त्रण नरहने अवस्थाको आधारमा संस्थाले वित्तीय सम्पत्तिलाई अपलेखाङ्कन गरेको छ। हस्तान्तरण गरी सकिएको वित्तीय सम्पत्तिमा संस्थाद्वारा बनाइएको वा कायम राखिएको कुनै पनि स्वार्थ रहेमा सोलाई छुट्टै सम्पत्ति वा दायित्वका रूपमा लेखाङ्कन गरिएको छ। वित्तीय सम्पत्तिको अपलेखाङ्कनमा सम्पत्तिको (वा हस्तान्तरण सम्पत्तिको अंश विनियोजन गरिएको रकम) र प्राप्त प्रतिफल (जसमा कुनै नयाँ सम्पत्ति समावेश गरी नयाँ दायित्व ग्रहण घटाइयो) को भिन्नता नाफा वा नोक्सानमा लेखाङ्कन गरिएको छ।

**वित्तीय दायित्व अपलेखाङ्कन**

वित्तीय दायित्वहरुको भरपाई गरियो वा रद्द गरियो वा म्याद समाप्त भएको अवस्थामा वित्तीय दायित्वलाई अपलेखाङ्कन गरिएको छ। विद्यमान वित्तीय दायित्व एकै ऋणदाताबाट अरु विभिन्न सर्तहरू वा विद्यमान दायित्वका सर्तहरूमा पर्याप्त संशोधन गरिएको र नयाँ दायित्वले साटासाट गरिएको र सोको साटासाट वा संशोधन भएको खण्डमा मूल दायित्वको अपलेखाङ्कन र नयाँ दायित्वको लेखाङ्कन गरिने गरिएको छ। मूल वित्तीय दायित्वको किताबी मूल्य र भुक्तान गरिएको प्रतिफलबीचको भिन्नता नाफा वा नोक्सानको विवरणमा लेखाङ्कन गरिएको छ।

**(ङ) उचित मूल्यको (Fair Value) निर्धारण**

मापन गरिएको मितिमा बजारमा सहभागीहरूबीच व्यवस्थित कारोबार भएको अवस्थामा सम्पत्ति बेच्दा पाईने वा दायित्व हस्तान्तरण गर्दा तिरिने रकमलाई Fair Value भनिन्छ। दायित्वको Fair Value मापनले दायित्व भुक्तानीको अन्तर्निहित गैर कार्यगत जोखिम प्रतिबिम्बित गर्ने गर्दछ।

Shrestha Sunar & Associates
Kathmandu
Chartered Accountants

निम्न तह अनुसार Fair Value निर्धारण गरिन्छः

***तह १*** : Fair Value मापन ती हुन् जुन समान सम्पत्ति वा दायित्वका लागि सक्रिय बजारमा असमायोजित सूचीकृत मूल्यहरूबाट व्युत्पन्न हुन्छन् ।

***तह २*** : Fair Value मापन जसको निम्ति सक्रिय बजारमा उस्तै उपकरणहरूको लागि सूचीकृत मूल्यहरू छन् वा निष्क्रिय बजारमा समान वा यस्तै उपकरणहरूका लागि सूचीकृत मूल्यहरू र वित्तीय उपकरणहरूको मूल्याङ्कनको निम्ति मोडेलहरू प्रयोग हुन्छ जहाँ सबै महत्वपूर्ण आगतहरू भेटिन्छन् ।

***तह ३*** : पोर्टफोलियोहरु ती हुन् जहाँ कम्तीमा एक आगत, जसले उपकरणको मूल्याङ्कनमा महत्वपूर्ण प्रभाव पार्न सक्छ, बजारको आँकडामा आधारित हुदैनन् । जब उपलब्ध हुन्छ, संस्थाले वित्तीय उपकरणको Fair Value त्यो उपकरणको सक्रिय बजारमा सूचीकृत मूल्यहरू प्रयोग गर्दै मापन गर्दछ । बजारलाई सक्रिय मानिन्छ यदि सूचीकृत मूल्यहरू सजिलैसँग र नियमित रूपमा उपलब्ध छन् र Arm's length को आधारमा वास्तविक र नियमित रूपमा हुने बजार कारोबार प्रतिनिधित्व गर्दछ । यदि एक वित्तीय उपकरणको लागि बजार सक्रिय छैन भने, संस्थाले मूल्याङ्कन विधि प्रयोग गरी Fair Value स्थापना गर्दछ । मूल्य निर्धारण विधिमा जानकार, इच्छुक सरोकारवालाहरू (यदि उपलब्ध छ भने) बीचको Arm's length कारोबार समावेश हुन्छ ।

प्रारम्भिक लेखाङ्कन गर्दा वित्तीय उपकरणको Fair Value को उत्तम प्रमाण भनेको कारोबार मूल्य हुने गर्दछ (अर्थात् दिइएको वा प्राप्त गरिएको प्रतिफलको Fair Value) । यद्यपि प्रारम्भिक पहिचान र लेखाङ्कनमा वित्तीय उपकरणको Fair Value यसको कारोबार मूल्यमा भिन्न हुन सक्छ । यदि त्यस्तो Fair Value उही उपकरणमा हालको अन्य प्रत्यक्ष बजार कारोबारको साथ तुलना गरेर प्रमाणित गरिएको छ (संशोधन बिना) वा मूल्याङ्कन विधि प्रयोग गरी Variable मा केवल प्रत्यक्ष बजारबाट आँकडा समावेश गरिएको छ भने, भिन्नता शुरुवाती पहिचान र लेखाङ्कनमा नाफा वा नोक्सानमा पहिचान र लेखाङ्कन गरिएको छ । अन्य परिस्थितिमा, भिन्नता नाफा वा नोक्सानमा तुरुन्त लेखाङ्कन गरिएको छैन तर उपयुक्त आधारमा वा उपकरणको जीवन भरिमा लेखाङ्कन गरिएको वा उपकरण साटिएको, बेचिएको वा हस्तान्तरण अवस्थामा अन्य विस्तृत आम्दानीमा लेखाङ्कन गरिएको छ ।

सबै सूचीकृत नभएका इक्विटी लगानी लागतमा लेखाङ्कन गरिएको छ, वासलातको मितिसम्म संस्थापक शेयरको गैर व्यापारलाई ध्यानमा राखी, यस्तो शेयरको बजार मूल्य निश्चित गर्न सकिदैन । तसर्थ यी लगानीहरु लागतमा क्षति प्रभार घटाई पहिचान र लेखाङ्कन गरिएको छ ।

**च) हानी (Impairment)**

**आ.व. २०८०-८१ सम्म लागु हुने लेखा नीतिहरू**

संस्थाले प्रत्येक रिपोर्टिङ मितिमा ऋण लगानीको समीक्षा गर्दछ र क्षयीकरणलाई नाफा वा नोक्सानको विवरणमा देखाइन्छ । क्षयीकरण निर्धारण गर्दा भविष्यको नगद प्रवाह रकम र समयको अनुमान, र व्यवस्थापनको स्वविवेक व्यापक रूपमा प्रयोग गरिन्छ । यी अनुमानहरू धेरै कारकहरूको धारणाहरूमा आधारित छन् र वास्तविक परिणामहरू फरक हुन सक्छन्, जसको परिणामस्वरूप भविष्यमा गरिने व्यवस्थाहरूमा परिवर्तनहरू हुन सक्छन् ।

क्षयीकरण प्रावधान व्यवस्थापनको अनुमानमा भविष्यमा प्राप्त हुने अपेक्षा गरिएको नगद प्रवाहको वर्तमान मूल्यमा आधारित हुन्छ । यी नगद प्रवाहहरूको अनुमान गर्दा, व्यवस्थापनले ऋणीको वित्तीय अवस्था र कुनै पनि अन्तर्निहित धितोको खुद प्राप्तियोग्य मूल्य सहित कारकहरूको सङ्ख्याको बारेमा स्वविवेक प्रयोग गर्दछ । प्रत्येक क्षतिग्रस्त सम्पत्तिलाई नगद प्रवाहको पुन: प्राप्तियोग्य रकम अनुमान गर्न यसको योग्यता मूल्याङ्कन गरिन्छ । क्षयीकरणलाई निम्नानुसार व्यवस्था गरिएको छ:

- परिपक्वतासम्म राखिएका, व्यक्तिगत रूपमा महत्वपूर्ण नमानिने समान प्रकृतिका ऋण लगानी र लगानी धितोपत्रहरूको समूहहरू र
- सम्पत्तिहरूको समूह जुन व्यक्तिगत रूपमा महत्वपूर्ण छन् तर ती व्यक्तिगत रूपमा क्षतिग्रस्त भएका छैनन् ।

सामूहिक क्षयीकरण तथ्याङ्कीय मोडेलिङ प्रयोग गरेर गरिन्छ जस्तै नउठ्ने सम्भावनाको ऐतिहासिक प्रवृत्ति, पुन:प्राप्तिको समय र हालको आर्थिक र बजार अवस्थामा आधारित हुन्छ ।

**आर्थिक वर्ष २०८१-८२ देखि लागु हुने लेखा नीतिहरु**

**नेपाल वित्तीय प्रतिवेदन मान अनुसार अपेक्षित क्षयीकरण -NFRS ९ अनुसार Expected Credit Loss को मापन**

नेपाल वित्तीय प्रतिवेदन मान अनुसार अपेक्षित क्षयीकरण NFRS ९ ले प्रारम्भिक लेखाङ्कनपछि क्रेडिट गुणस्तरमा परिवर्तनको आधारमा क्षयीकरण (impairment)को लागि 'तीन-चरण' (Three Stages) मोडेलको रूपरेखा प्रस्तुत गर्दछ जुन तल संक्षेपमा दिइएको छ :

- प्रारम्भिक लेखाङ्कनमा क्रेडिट-क्षतिग्रस्त नभएको वित्तीय उपकरणलाई 'चरण १ (Stage 1)' मा वर्गीकृत गरिएको छ र संस्थाद्वारा यसको क्रेडिट जोखिम निरन्तर निगरानी गरिन्छ ।

Shrestha Sunil & Associates
Kathmandu
Chartered Accountants

- प्रारम्भिक पहिचान भएदेखि ऋण जोखिममा उल्लेखनीय वृद्धि ('SICR') भएमा, वित्तीय उपकरणलाई 'चरण २ (Stage 2)' मा सारिएको छ तर अझै क्रेडिट-क्षतिग्रस्त मानिएको छैन । संस्थाले क्रेडिट जोखिममा उल्लेखनीय वृद्धि कहिले भएको छ भनेर कसरी निर्धारण गर्छ भन्ने विवरण तलको टिप्पणीमा दिएको छ ।
- यदि वित्तीय उपकरण क्रेडिट-क्षतिग्रस्त छ भने, वित्तीय उपकरणलाई त्यसपछि 'चरण ३ (Stage 3)' मा सारिएको छ । संस्थाले क्रेडिट-क्षतिग्रस्त (impaired) र default लाई कसरी परिभाषित गरिन्छ भन्ने विवरण तलको टिप्पणीमा दिएको छ ।
- 'चरण १ (Stage 1)' मा रहेका वित्तीय उपकरणहरूको ECL लाई आगामी १२ महिना भित्रमा हुने default का घटनाहरूबाट हुने सम्भावित जीवनभरको अपेक्षित क्रेडिट घाटाको अंश बराबरको रकममा मापन गरिन्छ । चरण २ वा चरण ३ मा रहेका उपकरणहरूको ECL लाई जीवनभरको आधारमा अपेक्षित क्रेडिट घाटाको आधारमा मापन गरिन्छ ।
- NFRS ९ अनुसार परिलक्षित जानकारीलाई विचार गर्ने ECL को एउटा व्यापक अवधारणा हो ।
- खरिद गरिएको वा सृजित गरिएको क्रेडिट-क्षतिग्रस्त वित्तीय सम्पत्तिहरू ती वित्तीय सम्पत्तिहरू हुन् जुन प्रारम्भिक लेखाङ्कनमा क्रेडिट- क्षतिग्रस्त हुन्छन् । तिनीहरूको ECL सधैं जीवनभरको आधारमा मापन गरिन्छ ।

सामूहिक आधारमा ECL मापन गर्दा संस्थाले कसरी उपयुक्त समूहहरू निर्धारण गर्छ भन्ने बारेमा थप व्याख्या पनि प्रदान गरिएको छ ।

**ऋण जोखिममा उल्लेखनीय वृद्धि Significant Increase in Credit Risk (SICR)**

निम्न मध्ये कुनै पनि संकेत स्पष्ट हुँदा संस्थाले वित्तीय सम्पत्तिलाई ऋण जोखिममा उल्लेखनीय वृद्धि भएको मान्दछ ।

- वित्तीय सम्पत्तिको भुक्तानी मिति ३० दिन भन्दा बढी नाघेको
- पुनर्संरचना/पुनःतालिकीकरणको लागि सदस्यबाट आवेदन ।
- ऋणीले वित्तीय कठिनाइहरूको सामना गरिरहेको छ भन्ने संकेत गर्ने अन्य कुनै सूचक ।

**Default र क्रेडिट- क्षतिग्रस्त**

संस्थाले वित्तीय साधनलाई default को रूपमा परिभाषित गर्दछ, जुन क्रेडिट- क्षतिग्रस्त को परिभाषासँग पूर्ण रूपमा मिल्दोजुल्दो हुन्छ, जब यसले निम्न मध्ये एक वा बढी अवस्था कायम हुन्छ :

- वित्तीय सम्पत्तिको भुक्तानी मिति ९० दिन भन्दा बढी नाघेको
- ऋणीको मृत्यु भएमा
- ऋणी टाट पल्टिएमा
- ऋणीलाई कर्जा सूचना केन्द्र (CIB) द्वारा कालो सूचीमा राखिएमा

**ECL मापन - इनपुट, स्वविवेक र अनुमान प्रविधिहरूको व्याख्या**

प्रारम्भिक लेखाङ्कन पश्चात क्रेडिट जोखिममा उल्लेखनीय वृद्धि भएको वा कुनै सम्पत्ति क्रेडिट- क्षतिग्रस्त भएको आधारमा अपेक्षित क्रेडिट घाटा (ECL) १२-महिना वा जीवनकालको आधारमा मापन गरिन्छ । अपेक्षित क्रेडिट घाटा डिफल्ट हुने सम्भावना ( Probability of Default (PD), डिफल्टको समयमा एक्सपोजर -Exposure at Default (EAD), डिफल्ट भएपछिको हानि -Loss Given Default (LGD) को discounted उत्पादन हो, जसलाई निम्न रूपमा परिभाषित गरिएको छ :

डिफल्ट हुने सम्भावना -Probability of Default

- PD -Probability of Default भन्नाले ऋणीले आफ्नो वित्तीय दायित्व (उपरोक्त "डिफल्ट र क्रेडिट-ह्रासको परिभाषा" अनुसार) पुरा गर्न असफल हुने सम्भावनालाई जनाउँछ । यो सम्भावना या त अगामी १२ महिनाभित्र (१२-महिना PD) हुने जोखिम, वा आजीवन (आजीवन PD - Lifetime PD) हुने जोखिमका रूपमा मापन गरिन्छ ।
- डिफल्टको समयमा एक्सपोजर Exposure at Default EAD संस्थाले default को समयमा प्राप्त हुन बाँकी रकमलाई जनाउँछ ।
- डिफल्ट भएपछिको हानी Loss Given Default (LGD) ले संस्थाको default हुँदा जोखिममा घाटाको हदको अपेक्षालाई प्रतिनिधित्व गर्दछ । LGD प्रतिपक्षको प्रकार, दावीको प्रकार र वरिष्ठता र धितो वा अन्य क्रेडिट समर्थनको उपलब्धता अनुसार फरक हुन्छ । LGD default को समयमा प्रति एकाइ जोखिमको प्रतिशत घाटा (EAD) को रूपमा व्यक्त गरिन्छ । LGD १२-महिना वा जीवनभरको आधारमा गणना गरिन्छ, जहाँ १२-महिनाको LGD अर्को १२ महिनामा default भएमा हुने अपेक्षित घाटाको प्रतिशत हो र जीवनभर LGD ऋणको बाँकी अपेक्षित जीवनभरमा default भएमा हुने अपेक्षित घाटाको प्रतिशत हो ।

ECL प्रत्येक भावी महिनाको र प्रत्येक व्यक्तिगत एक्सपोजर वा सामूहिक खण्डको लागि PD, LGD र EAD लाई प्रक्षेपण गरेर निर्धारण गरिन्छ । यी तीन तत्वलाई एकसाथ गुणान गरिन्छ र भईरहने सम्भावना (अर्थात् एक्सपोजर पहिलेको महिनामा अग्रिम वा default भएको छैन) मानी समायोजन गरिन्छ । यसले प्रभावकारी रूपमा प्रत्येक भविष्यको महिनाको लागि ECL गणना गर्छ, जसलाई त्यसपछि रिपोर्टिङ मितिमा छुट (discounted) दिइन्छ र संक्षेप गरिन्छ । ECL गणनामा प्रयोग गरिएको छुट दर सुरुवाती प्रभावकारी ब्याज दर वा त्यसको अनुमान हो ।

**ECL मोडेलहरूमा समावेश गरिएको परिलक्षित जानकारी**

SICR को मूल्याङ्कन र ECL को गणना दुवैले परिलक्षित जानकारीलाई समावेश गर्दछ। संस्थाले ऐतिहासिक विश्लेषण गरेको छ र प्रत्येक Portfolio को लागि क्रेडिट जोखिम र अपेक्षित क्रेडिट घाटालाई असर गर्ने प्रमुख आर्थिक सूचकहरू पहिचान गरेको छ।

यी आर्थिक सुचकहरू र PD, EAD र LGD मा तिनीहरूको सम्बन्धित प्रभाव वित्तीय उपकरण अनुसार फरक हुन्छ। यस प्रक्रियामा विशेषज्ञको निर्णय पनि लागु गरिएको छ। यी आर्थिक सूचकहरू ("आधार आर्थिक परिदृश्य") को पूर्वानुमान संस्थाले अर्थ मन्त्रालयद्वारा जारी गरिएको आर्थिक सर्वेक्षण प्रतिवेदनको आधारमा सङ्कलन गर्दछ।

संस्थाले कर्जा सापटीको र भुक्तानी मितिसम्म धारण गरिएको लगानी धितोहरूको हानीको प्रमाण पृथक सम्पत्ति र सामूहिक स्तर दुबै तहमा विचार गर्दछ। सबै पृथक रूपमा महत्वपूर्ण सापटीहरु र परिशोधित लागतमा मापन गरिएका लगानी धितोहरु विशेष हानीको लागि मूल्याङ्कन गरिन्छ।

**NFRS 9 - वित्तीय उपकरण - पहिचान, लेखाङ्कन तथा मापन (ऋण नोक्सानी व्यवस्था सम्बन्धी)**

आवश्यक तथ्याङ्कहरुको अभावका कारण तथ्याङ्क मूल्याङ्कन (Data Evaluation) र तथ्याङ्कगत विश्लेषणमा (Statistical Analysis) आएको बाधाका कारण र नियामक निकायको मापदण्डको अभावका कारण संस्थाद्वारा नियामक आवश्यकता बमोजिम हुन आएको ऋण नोक्सानी व्यवस्था र अपेक्षित क्रेडिट घाटा जोखिम न्यूनीकरणका निमित्त थप रु. २ करोड ऋण नोक्सानी व्यवस्थामा लेखाङ्कन गरिएको छ। व्यवस्थापन तथा सञ्चालक समितिद्वारा आँकलन गरिएको छ कि उपरोक्त विधि बमोजिम लेखाङ्कन गरिएको ऋण नोक्सानी व्यवस्था NFRS ९ बमोजिम लेखाङ्कन गर्नुपर्ने ऋण नोक्सानी व्यवस्था भन्दा अधिक रहेको छ।

**३.४ व्यापारिक सम्पत्ति**

संस्थाले निकट भविष्यमा बिक्री गर्ने वा पुनः खरिद गर्ने उद्देश्यसहित लिएको वा छोटो अवधिको लाभ वा अवस्थिति लिनको लागि राखिएको सम्पत्ति/दायित्वलाई व्यापारिक सम्पत्ति र दायित्वहरु भनी लेखाङ्कन गरेको छ।

व्यापारिक सम्पत्ति र दायित्वहरुलाई प्रारम्भिक रुपमा Fair Value मा लेखाङ्कन गरिएको छ र त्यसपछि वित्तीय अवस्थाको विवरणमा पनि Fair Value मा मापन गरिन्छ भने उक्त कारोबार खर्चलाई नाफा वा नोक्सानमा लेखाङ्कन गरिएको छ। Fair Value मा भएको सबै परिवर्तनलाई नाफा वा नोक्सान खातामा Fair Value मानिए जसरी नै खुद व्यापारिक आम्दानीको रुपमा लेखाङ्कन गरिएको छ।

तर, संस्थासँग २०८२ आषाढ मसान्तसम्म व्यापारिक सम्पत्तिको रूपमा मान्यता दिइने त्यस्तो सम्पत्ति छैन।

**३.५ सम्पत्ति र उपकरण**

**लेखाङ्कन र मापन**

उल्लेखित सर्तहरु पुरा हुने अवस्थाको आधारमा संस्थाले सम्पत्ति र उपकरणको लेखाङ्कन गरेको छ।

- संस्थामा सम्पत्ति र उपकरणहरुबाट भविष्यमा सम्भावित आर्थिक लाभहरू प्रवाहित हुनेछन् र
- सम्पत्ति र उपकरणको लागत विश्वसनीय रुपमा मापन गर्न सकिन्छ।

लागतले कुनै खरिद मूल्यमा र व्यापार छुट घटाए पछिको कुनै पनि गैरफिर्ती योग्य करहरू र व्यवस्थापनले चाहेको स्थानमा ल्याउँदाको खर्च र चाहेको सर्तमा सञ्चालन गर्दा हुने यस्ता अन्य लागतहरू पनि समेट्छ:

स्वनिर्मित सम्पत्तिका खर्चहरु निम्नानुसार रहेका छन्:

- निर्माण सामग्रीको लागत र प्रत्यक्ष श्रम खर्च,
- प्रत्यक्ष रूपमा काम गर्ने अवस्थामा सम्पत्तिहरू ल्याउनको लागि आवश्यक पर्ने कुनै पनि लागतहरु र
- योग्य सम्पत्तिको लागि हुने Borrowing Costs।

सबै वर्गको सम्पत्ति र उपकरणहरूको लागि संस्थाले लागत मोडेल (Cost Model) अङ्गीकार गरेको छ। संस्थाले सम्पत्ति र उपकरणको वर्ग पुनर्मूल्याङ्कन मोडेल (Revaluation Model) र रिपोर्टिङ मितिमा Fair Value मापन गरी दुवै मोडेलको मापन विधि अङ्गीकार गरेको छैन।

सम्पत्ति र उपकरणहरु लागत मूल्यमा सञ्चित ह्रासकट्टी र Impairment Losses कट्टा गरी मापन गरेको छ। सम्बन्धित उपकरणहरूको कार्यक्षमतासँग अभिन्न हुने कम्प्युटर सफ्टवेयर उपकरणको अंशको रूपमा पुँजीकृत गरिएको छ। सम्भावित आर्थिक लाभहरुलाई ध्यानमा राखी प्रारम्भिक रुपमा गरिएको खर्चको पुँजीकरण गरिएको छ। सम्पत्तिलाई चलायमान राख्नको लागि गरिने मर्मत सम्भार खर्च जसलाई नाफा नोक्सानमा लेखाङ्कन गरिएको छ। सम्पत्ति र उपकरणहरुको निसर्ग गर्दा कुनै लाभ वा नोक्सानलाई (वस्तु नष्ट गर्दाको कुल आय र वस्तुको किताबी मूल्यबीचको भिन्नता गणना) नाफा वा नोक्सानको अन्य आय/व्यय अन्तर्गत लेखाङ्कन गरिएको छ।

Shrestha Sunil & Associates Kathmandu Chartered Accountants

**ह्रासकट्टी व्यवस्था**

संस्थाले आ.व.२०८१/०८२ बाट नेपाल वित्तीय प्रतिवेदनमान बमोजिम वित्तीय प्रतिवेदन तयार गर्दा यस अघि लागु गर्दै आएका घट्दो मौज्दात ह्रासकट्टी विधि (Written Down Value Method) लाई निरन्तरता दिएको छ । संस्थाले आयकर ऐन, २०५८ द्वारा तोकिएको मूल्यह्रास दरहरू लागु गरी लिखित मूल्यविधि अपनाएर सम्पत्ति र उपकरणको ह्रास गर्छ । सम्पत्ति र उपकरणका महत्वपूर्ण वस्तुहरूको वर्तमान र तुलनात्मक अवधिको लागि सम्पत्तिको मूल्यह्रासको लागि प्रयोग गरिने दरहरू निम्नानुसार रहेका छन्:

| समूह | मूल्यह्रास दर |
|---|---|
| भवन | ५% |
| कार्यालय उपकरण, फर्निचर र कम्प्युटर | २५% |
| सवारी साधन | २०% |
| अन्य सम्पत्ति | १५% |

**३.६ ख्याति/अमूर्त सम्पत्ति**

**ख्याति**

व्यापार एकीकरणमा अधिग्रहण योग्य खुद सम्पत्तिको Fair Value खरिद मूल्यभन्दा अधिक भएमा अधिक भएको रकमलाई ख्यातिको रुपमा लेखाङ्कन गरिन्छ । प्रारम्भिक लेखाङ्कनपछि, ख्याति कुनै सञ्चिति क्षति नोक्सानलाई घटाई मापन गरिन्छ । ख्यातिको क्षतिको वार्षिक रुपमा समीक्षा गरिन्छ र यदि घटना वा परिस्थितिमा आएको परिवर्तनले भारित मूल्यमा क्षति पुगेको संकेत भएमा त्यो भन्दा कम समयमा पनि समीक्षा गरिन्छ । हालसम्म संस्थाको ख्याति अन्तर्गतको रकम वित्तीय विवरणमा समावेश गरिएको छैन ।

**अधिग्रहण गरिएको अमूर्त सम्पत्ति**

अमूर्त सम्पत्तिहरु प्रारम्भिक रुपमा Fair Value मा मापन गरिन्छ र अपेक्षित उपयोगी जीवनको आधारमा परिशोधित मूल्यमा मापन गरिन्छ ।

**कम्प्युटर सफ्टवेयर**

खरिद गरिएको कम्प्युटर सफ्टवेयर लाइसेन्सहरुको खरिद गर्न र प्रयोग गर्न सकिने अवस्थामा ल्याउनको निम्ति लागेको लागतलाई पुँजीकृत गरिएको छ । सफ्टवेयरको विकाससँग सम्बन्धित लागतहरू पुँजीकृत गरिएको छ जसले भविष्यमा लागतको अधिकमा सम्भावित आर्थिक लाभहरू उत्पन्न गर्ने गर्दछ । कम्प्युटर सफ्टवेयर लागत अपेक्षित उपयोगी जीवनको आधारमा परिशोधित गरिएको छ । सफ्टवेयर उपयोग योग्य गर्न लागेको सम्बन्धित लागतहरू खर्चको रूपमा पहिचान र लेखाङ्कन गरिएको छ । सफ्टवेयर प्रयोगको लागि उपलब्ध भएको मितिदेखि यसको अनुमानित उपयोगी जीवनमा समदर ह्रासकट्टी विधि (Straight Line Method) नाफा वा नोक्सानमा परिशोधित गरिदै आएको छ । लेखाको नीतिमा परिवर्तन गर्नु पुर्वदेखि नै समदर ह्रासकट्टी विधि (Straight Line Method) अवलम्बन गरी ह्रासकट्टी गर्ने गरिएको थियो । हालको र तुलनात्मक अवधिको लागि सफ्टवेयरको उपयोगी जीवन ५-१० वर्ष अनुमान गरिएको छ ।

परिशोधन विधिहरू, उपयोगी जीवनहरू र अवशिष्ट मानहरू प्रत्येक रिपोर्टिङ मितिमा समीक्षा गरिन्छ र उपयुक्त छ भने समायोजित गर्दै लगिने छ ।

**३.७ लगानी सम्पत्ति**

**लगानी सम्पत्ति**

लगानी सम्पत्तिले जमिन वा जमिन र भवनहरू समावेश गरिन्छ, अन्य सम्पत्ति र उपकरणहरूको रूपमा वर्गीकृत नगरी बिक्रीको लागि राखिएको गैरचालु सम्पत्तिहरू जनाउँछ । सामान्यतया, यसमा संस्थाले गैरबैंकिङ सम्पत्तिहरूको रूपमा अधिग्रहित जमिन, जमिन र भवन समावेश गरिन्छ जुन रिपोर्टिङ मितिमा बिक्री भएको हुदैन । कर्जा र सापटीमा सुरक्षणबाट प्राप्त भएको सम्पत्ति संस्थाले लगानी सम्पत्तिको रुपमा लेखाङ्कन गरेको छ । हालसम्म संस्थाको लगानी सम्पत्ति अन्तर्गत कुनै पनि सम्पत्ति रहेको छैन ।

**३.८ आयकर**

कर व्ययले चालु र स्थगन कर खर्चलाई समावेश गरिन्छ । प्रत्यक्ष इक्विटीमा वा अन्य विस्तृत आयमा लेखाङ्कन नगरिएको हदसम्म चालु कर र स्थगन करलाई नाफा वा नोक्सानमा लेखाङ्कन गरिएको छ ।

**क) चालु कर**

चालु कर उक्त वर्षको करयोग्य आम्दानी वा नोक्सानमा अघिल्लो वर्षको कर तिर्नुपर्ने दरमा भएको कुनै समायोजन र रिपोर्टिङ मितिमा कार्यान्वयनमा रहेको वा व्यवहारिक रुपमा कार्यान्वयन भएको कर दरहरु प्रयोग गरी अनुमान गरिएको तिर्नयोग्य वा पूर्णप्राप्ति योग्य कर रहेको छ ।

BUSA

Shrestha Sunil & Associates
Kathmandu
Chartered Accountants

**ख) स्थगन कर**

स्थगन कर वित्तीय रिपोर्टिङ उद्देश्यको लागि सम्पत्ति र दायित्वहरूको किताबी रकम र कर प्रयोजनका लागि प्रयोग गरिएको रकमबीचको अस्थायी भिन्नताको आधारमा लेखाङ्कन गरिएको छ। स्थगन आयकर संस्थामा लागु हुने कर दरको प्रयोग गरी निर्धारण गरिएको छ जुन सम्बन्धित स्थगन आयकर सम्पत्ति सकार भएपछि वा स्थगन आयकर दायित्व चुक्ता हुँदा रिपोर्टिङ मितिमा लागु हुने अपेक्षा गरिएको हुन्छ।

यस संस्थालाई १०% का दरले स्थगन कर सम्पत्ति र दायित्वको मापन गरिएको छ।

**३.९ निक्षेप**

**निक्षेप**

सदस्यहरूको निक्षेपहरू प्रारम्भमा कारोबारको लागत घटाई उचित मूल्यमा पहिचान गरिन्छ। कारोबारको लागत निकै कम हुने भएकाले यी खर्चहरुलाई नाफा वा नोक्सानमा पहिचान गरिन्छ निक्षेप मापनको लागि लेनदेन मूल्यलाई नै उचित मूल्य मानिन्छ।

**३.१० व्यवस्थाहरु, अन्य दायित्वहरू र सम्भावित दायित्वहरु**

**व्यवस्थाहरु**

विगतको घटनाको परिणामस्वरूप संस्थाको वर्तमानमा सिर्जित वा कानुनी दायित्व रहन्छ जुन विश्वसनीय तरिकाले मापन गर्न सकिन्छ र दायित्व पूरा गर्न आर्थिक लाभको बहिर्गमन हुन्छ भने त्यसलाई संस्थाले व्यवस्थाको रुपमा लेखाङ्कन गरिएको छ। विगतको घटनाको परिणामस्वरूप सिर्जना भएको कुनै सम्भावित वा वर्तमान दायित्वको कारण सम्भवतः संसाधनहरूको बहिर्गमनको सम्भावनालाई दायित्व सिर्जना गरी सम्भावित दायित्वको प्रकटीकरण गरिन्छ। सम्भावित वा वर्तमान दायित्व छ र जसको कारणले स्रोतको बहिर्गमनको सम्भावना कम भएको अवस्थामा कुनै व्यवस्था वा प्रकटीकरण गरिदैन। जब एउटा सम्झौताबाट संस्थाले लिने अपेक्षित लाभहरू सम्झौता अन्तर्गत आफ्नो दायित्व पूरा गर्नको लागि व्यहोर्नुपर्ने अपरिहार्य लागतभन्दा कम हुन्छ तब अत्याधिक सम्झौताको व्यवस्था लेखाङ्कन गरिएको हन्छ। व्यवस्थाहरू प्रत्येक रिपोर्टिङ मितिमा समीक्षा गरिन्छ र वर्तमानको उत्तम अनुमानलाई प्रतिबिम्बित गर्न समायोजित गरिन्छ। दायित्व चुक्ता गर्नको लागि स्रोतहरुको बहिर्गमन आवश्यक पर्ने दीर्घकालीन सम्भावना छैन भने व्यवस्था फिर्ता गर्ने गरिन्छ। रकम प्राप्त गर्ने सम्भावना छैन भने सम्भावित सम्पत्तिलाई वित्तीय विवरणमा उल्लेख गरिएको छैन। यदि सम्भावना छ भने सम्भावित सम्पत्तिको खुलासा गरिन्छ। तर, सम्भावित सम्पत्तिलाई निरन्तर मूल्याङ्कन गरिन्छ र आर्थिक लाभ प्राप्त हुने निश्चित छ भने उक्त सम्पत्ति र सम्बन्धित आयलाई परिवर्तन आउने अवधिमा लेखाङ्कन गरिन्छ।

**सम्भावित दायित्वहरु**

संस्थाले सम्भावित दायित्वहरुको पहिचान तथा लेखाङ्कन NAS 37 -Provisions, Contigent liabilities & Contingent Assets को प्रावधान बमोजिम गर्ने गरेको छ। सम्भावित दायित्वहरुमा देहाय बमोजिमका विषयहरु समावेश गरिएका छन्:

क) विगतका घटनाक्रमबाट उत्पन्न हुन सक्ने त्यस्ता सम्भावित दायित्वहरु जसको अस्तित्व संस्थाको नियन्त्रण भन्दा बाहिर रहेका भविष्यका एक वा एकभन्दा बढी अनिश्चित घटनाक्रमहरुले निक्यौंल गर्दछ।

ख) विगतका घटनाक्रमबाट उत्पन्न भएका तर देहायका कारणले गर्दा हाल लेखाङ्कन नगरिएका दायित्वहरु:

- दायित्व निसर्ग गर्नका लागि आर्थिक लाभ हुने स्रोत बाहिरिने सम्भावना नरहेको
- दायित्व मापन गर्न सकिने पर्याप्त विश्वसनीय आधार नभएको

संस्थाको जानकारीमा आएको सम्पूर्ण सारभूत (Material) दायित्वको लागि पर्याप्त व्यवस्था गरिएको छ। सारभूत दायित्वको भविष्यमा उत्पन्न हुने परिणाम मापन गर्न सकिने पर्याप्त विश्वसनीय आधार नभएको खण्डमा त्यस्ता दायित्वलाई सम्भावित दायित्व अन्तर्गत देखाइन्छ।

**३.११ आयको लेखाङ्कन**

आय भनेको संस्थाको साधारण वित्तीय गतिविधिहरूको क्रममा उत्पन्न हुने कुल आर्थिक लाभहरूको प्रवाह हो र त्यस्ता लाभहरुले इक्विटीको वृद्धि गर्दछ। संस्थामा प्रवाह हुने आर्थिक लाभहरुलाई भरपर्दो रुपमा मापन गर्न सकिने आधारमा आयको रुपमा लेखाङ्कन गरिदै आइएको छ। आयहरुको प्राप्तिको सम्भावना छैन भन्ने अनुमान भएमा तिनलाई आय अवधिमा लेखाङ्कन गरिदैन। संस्थाको आयमा ब्याज आम्दानी, शुल्क र कमिसन आम्दानी र गैर सञ्चालन आम्दानी समावेश छ र आय लेखाङ्कनको आधारहरू निम्नानुसार छन्:

**क) ब्याज आम्दानी**

परिशोधित लागतमा मापन गरिएका सबै वित्तीय उपकरणहरू, बिक्रीको लागि राखिएको ब्याज आर्जन गर्ने वित्तीय उपरणहरु, नाफा वा नोक्सान मार्फत उचित मूल्यमा तोकिएका वित्तीय उपकरणहरुको ब्याज आम्दानी प्रभावकारी ब्याज दर (EIR) प्रयोग गरेर लेखाङ्कन गरिन्छ। EIR भनेको वित्तीय उपकरणको अपेक्षित जीवन अवधिमा वित्तीय सम्पत्तिको खुद वहन रकममा अनुमानित

भविष्यको नगद भुक्तानी वा प्राप्तिहरूलाई ठ्याक्कै छुट (discount) गर्ने दर हो । प्रभावकारी ब्याज दरको गणनामा प्राप्त गरिएको शुल्कहरू समावेश हुन्छ । ऋणको जीवनकालमा यसरी पहिचान गरिएको आय प्रभावकारी ब्याज विधि अन्तर्गत प्राप्त हुने आम्दानीको लगभग बराबर हुने भएकाले र प्रत्यक्ष रूपमा नाफा र नोक्सानको विवरणमा पहिचान हुने भएकाले यस्ता शुल्कहरू परिशोधित हुँदैनन् र नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाद्वारा जारी गरिएको वैकल्पिक व्यवस्थाद्वारा पनि अनुमति दिइएको छ ।

नाफा वा नोक्सान विवरणमा पहिचान गरिएको ब्याज आम्दानीमा निम्न तत्वहरु समावेश छन् :

- क्षतिग्रस्त ऋण तथा सापट बाहेकका वित्तीय सम्पत्तिहरुको ब्याज परिशोधित लागतमा प्रभावकारी ब्याजदर प्रयोग गरी मापन गरिएको ब्याज आम्दानी । यी वित्तीय सम्पत्तिहरूमा नेफ्स्कुन, राष्ट्रिय सहकारी बैंक र जिल्ला सहकारी संघ, जिल्ला बचत तथा ऋण सहकारी संघ तथा बाग्मती प्रदेश बचत तथा ऋण सहकारी संघमा गरिएको शेयर लगानीहरु समावेश छन् ।
- संस्थाले कुनै वित्तीय सम्पत्ति आंशिक वा पूर्ण रूपमा बदर नगरिएको अवस्थामा ती सम्पत्तिको कुल वहन मूल्यमा प्रभावकारी ब्याज दर प्रयोग गरेको छ ।
- उचित मूल्यमा मापन गरिएको लगानी धितोपत्रको ब्याज गणना प्रभावकारी ब्याजदरमा गरिन्छ ।
- सबै व्यापारिक सम्पत्तिहरूको ब्याज आम्दानीलाई खुद व्यापारिक आम्दानीमा व्यापारिक सम्पत्ति र दायित्वहरूको उचित मूल्यमा अन्य सबै परिवर्तनहरूसँग प्रस्तुत गरिन्छ ।
- हालसम्म सकिय ऋणबाट प्राप्त तर आर्जित नभएको ब्याज आम्दानीलाई चालू वर्षको ब्याज आम्दानी बाँधिएको छ ।

**ख) शुल्क र कमिसन आम्दानी**

शुल्क र कमिसनहरु पाकेको आधारमा (Accrual Basis) लेखाङ्कन गरिएको छ ।

**ग) लाभांश आम्दानी**

संस्थालाई शेयर लगानीबाट प्राप्त हुने नगद लाभांश, सो लाभांश प्राप्त हुने अधिकार स्थापित भएको मितिमा आयमा लेखाङ्कन गरिन्छ । बासिन्दा कम्पनी/संघ/सहकारी बैंकले घोषणा गरेको नगद लाभांशलाई स्रोतमा करकट्टी गरिए पश्चात् बाँकी रहेको खुद रकमका आधारमा लेखाङ्कन गरिन्छ ।

**घ) खुद व्यापार आम्दानी**

संस्थाले व्यापारिक लगानी तथा दायित्वमा हुने ब्याज, लाभांश तथा बजार मूल्यको उतारचढावले हुने आम्दानी वा खर्चलाई यस शीर्षक अन्तर्गत प्रस्तुत गरेको छ । चालु तथा तुलनात्मक वर्षहरुमा संस्थाले कुनै पनि खुद व्यापारिक आम्दानी आर्जन गरेको छैन ।

**ङ) अन्य सञ्चालन आम्दानी**

ब्याज आम्दानी, शुल्क तथा कमिशन आम्दानी तथा व्यापारिक आम्दानी अन्तर्गत देखाइएका बाहेक अन्य प्रकृतिको आम्दानीलाई यस शीर्षक अन्तर्गत देखाइएको छ । विदेशी मुद्रा विनिमय दरमा भएको घटबढको कारणले हुने फाईदा वा घाटा, Equity शेयरमा भएको लगानीबाट हुने लाभांश आम्दानी, स्थिर सम्पत्ति तथा कार्यालय उपकरण वा लगानीको उद्देश्य भएका स्थिर सम्पत्तिको निसर्गबाट हुने आम्दानी आदिलाई यस शीर्षक अन्तर्गत प्रस्तुत गरिएको छ ।

**च) गैर सञ्चालन आम्दानी**

संस्थाद्वारा स्वीकृत विनियममा व्यवस्था भए बमोजिम कर्मचारी बोनस कोषबाट कर्मचारीहरु बोनस रकम भुक्तान गरे पश्चात जगेडा रकमलाई आम्दानीमा गणना गर्ने प्रावधान रहेको छ ।
यसरी लेखाङ्कन गरिएको आम्दानीलाई संस्थाले गैर सञ्चालन आम्दानीको रुपमा प्रस्तुत गरेको छ ।

**३.१२ ब्याज खर्च**

निक्षेप र बैंक तथा वित्तीय संस्थाबाट प्राप्त कर्जा सुविधाहरुमा ब्याज खर्च शीर्षक अन्तर्गत नाफा वा नोक्सानमा लेखाङ्कन गरिएको छ । सबै व्यापार दायित्वमा ब्याज व्यय वित्तीय संस्थाको व्यापार सञ्चालनको लागि नियमित खर्च मानिन्छ र खुद सम्पत्ति आय र व्यापारिक सम्पत्ति र दायित्वहरूको Fair Value मा अन्य सबै परिवर्तनको साथ प्रस्तुत गरिन्छ । सदस्यहरुको निक्षेप खाता, संस्थाले प्राप्त गरेको अन्य सापटी र पट्टा दायित्वको ब्याजलाई पाकेको आधारमा (Accrual Accounting) लेखाङ्कन गरिन्छ ।

**३.१३ कर्मचारी खर्च**

**अल्पकालीन कर्मचारी खर्चहरु**

तलब, भत्ता र बिदा बापतको रकम भुक्तानी, नाफामा आधारित बोनस तथा प्रत्येक आर्थिक वर्ष समाप्त भएको १२ महिना भित्र भुक्तानी गरिने त्यस्ता सुविधाहरु (सवारी साधन सुविधा, सहुलियतपूर्ण ऋण) अल्पकालीन कर्मचारी खर्चहरुमा पर्दछन् । अल्पकालीन कर्मचारी खर्चको लेखाङ्कन कर्मचारीले सेवा प्रदान गरे पश्चात् वा सेवा प्रदान गरेको कारण क्षतिपूर्ति प्राप्त गर्ने अधिकार सिर्जना भए पश्चात गरिन्छ । सेवा निवृत्त भएपछि भुक्तानी हुने खर्चको लेखाङ्कन कर्मचारीले सेवा प्रदान गरेको कारण त्यस्तो क्षतिपूर्तिहरु (पारितोषिक) प्राप्त गर्ने अधिकारको सिर्जना भएमा गरिन्छ ।

BUSA

Shrestha Sunil & Associates
Kathmandu
Chartered Accountants

**रोजगार पछिको सुविधा**

**परिभाषित योगदान योजना**

परिभाषित योगदान योजना सेवापछिको लाभ योजना हो जस अन्तर्गत संस्थाले छुट्टै योगदानलाई छुट्टै संस्थामा भुक्तान गर्दछ र थप रकम तिर्न कुनै कानुनी वा रचनात्मक दायित्व हुँदैन । परिभाषित योगदान योजनाको दायित्वहरू सम्बन्धित सेवाहरू प्रदान गरिएको समयमा कर्मचारी खर्चको रूपमा पहिचान र लेखाङ्कन गरिएको छ । परिभाषित योगदान योजनामा हुनुपर्ने योगदान जुन कर्मचारीले दिएको सेवाको रिपोर्टिङ अवधिको १२ महिनापछि सम्म भुक्तानी भएको हुँदैन त्यसलाई Discount गरेर वर्तमान मूल्यमा लेखाङ्कन गरिएको छ । संस्थाका सबै कर्मचारीले सामाजिक सुरक्षा कोषबाट लाभ प्राप्त गर्छन् जुन परिभाषित योगदान योजना अन्तर्गत रहेको छ जसमा संस्था र कर्मचारीले दुवै पूर्वनिर्धारित दर अनुसार मासिक रुपमा आफ्नो तलबको ३१% (रोजगारदाता र कर्मचारी दुवैको गणना) रकम सामाजिक सुरक्षा कोषमा योगदान गर्छन् ।

त्यस्तै, सामाजिक सुरक्षा कोषबाट तोकिए बमोजिमका सेवा तथा सुविधाहरु उपभोग गर्न सक्छन् । संस्थाले परिभाषित योगदान योजना बमोजिमका खर्चहरु नाफा नोक्सान विवरणमा लेखाङ्कन गरिएको छ ।

**परिभाषित लाभ योजना**

परिभाषित लाभ योजना परिभाषित योगदान योजना बाहेकको सेवा पछिको लाभ योजना हो । परिभाषित लाभ योजनाहरूको सन्दर्भमा संस्थाको खुद दायित्वहरू प्रत्येक योजनाको लागि भविष्यको लाभको मात्राको अनुमान गरेर छुट्टै गणना गरिएको छ जुन वर्तमान र अघिल्लो समयमा कर्मचारीहरूले उनीहरूको सेवाको बदलामा आर्जन गरेका हुन्छन् । त्यो लाभ यसको वर्तमान मूल्य निर्धारण गर्न Discount गरिन्छ । विगत सेवा लागतहरू र योजना सम्पत्तिहरूको Fair Value दायित्वमा घटाइन्छ । संस्थाले अन्य विस्तृत आयमा तुरुन्त परिभाषित लाभ योजनाबाट उत्पन्न हुने स्थगित करको सबै बिमाङ्कित लाभ र खुद नोक्सान र कर्मचारी वा नाफा खर्चमा कर्मचारी लाभ व्ययको परिभाषित लाभ योजनामा सम्बन्धित सबै खर्चलाई लेखाङ्कन गर्छ । परिभाषित लाभ योजना चुक्ता भएको अवस्थामा संस्थाले त्यसको नाफा अथवा नोक्सान लेखाङ्कन गर्दछ ।

**कर्मचारी सहुलियत कर्जा सुविधा अन्तर्गत खर्च**

संस्थाद्वारा कर्मचारीहरुलाई प्रदान गरिएको सहुलियत कर्जा सुविधा NFRS अन्तर्गत Fair Value मापन गरी वित्तीय खर्च लेखाङ्कन गरिएको छ ।

**कर्मचारी बिदा बापतको खर्च**

संस्थाको स्वीकृत नीति बमोजिम कर्मचारीहरुलाई वार्षिक घर बिदा, बिरामी बिदा, भैपरी आउने बिदा, सुत्केरी बिदा, सट्टा बिदा तथा किरिया बिदा बापत प्रदान गरिने क्षतिपूर्तिहरु कर्मचारी बिदा बापतको खर्चमा समावेश गरिन्छ ।

बिदा बापतका क्षतिपूर्ति दुई वर्गमा पर्दछन्:

सञ्चित हुने र सञ्चित नहुने ।

संस्थाले बिदा बापतका खर्चहरु यस प्रकारले लेखाङ्कन गर्दछ:

सञ्चय गर्न सकिने बिदाको हकमा कर्मचारीहरुले सेवा प्रदान गर्दै आएको कारण भविष्यमा उपयोग गर्न सकिने बिदाका दिनहरु वृद्धि भएमा, सञ्चय गर्न नसकिने बिदाहरुको हकमा कर्मचारीले बिदा लिएको अवस्थामा । संस्थाको नीति बमोजिम बिरामी बिदा ९० दिन सम्म र घर बिदा ४५ दिन सम्म सञ्चित गर्न सकिन्छ र सञ्चित बिदाहरुलाई भविष्यको प्रयोगका लागि आगामी वर्षहरुमा सारिन्छ । प्रत्येक वर्षको आषाढ मसान्तसम्म कर्मचारीहरुको नाममा समानुपातिक रुपमा पाकेको बिदामध्ये उपयोग नभई बाँकी रहेको बिदा अवधिलाई संस्थाको दायित्वको रुपमा गणना गरिन्छ र नाफा नोक्सान हिसाबमा सो बापतको खर्च व्यवस्था गरिन्छ ।

बिदा बापतको दायित्वको गणना गर्दा संस्थाले Actuarial Valuation गरेको छैन ।

**३.१४ पट्टा**

कुनै करारले प्रतिफल प्राप्त हुने गरी निश्चित अवधिको लागि सम्पत्तिको प्रयोगमा नियन्त्रण गर्ने अधिकार प्रदान गरेमा त्यस्तो करार पट्टा हुन्छ । करार लागु हुने मितिमा संस्थाले पट्टा सम्पत्ति (Right-of-use asset) र पट्टा दायित्व (Lease liability) को पहिचान गर्दछ । त्यस्तो सम्पत्तिको प्रयोगको अधिकारको मापन लागतमा गरिन्छ भने बहाल दायित्वको मापन भविष्यमा हुने बहाल अन्तर्गतका भुक्तानीहरुलाई डिस्काउन्टिङ गरिन्छ ।

नाफा वा नोक्सानको विवरणमा गत वर्ष सञ्चालन पट्टा खर्चलाई अन्य सञ्चालन खर्चको रुपमा लेखाङ्कन गरिएकोमा यस वर्ष सम्पत्तिको प्रयोगको अधिकारको ह्रास खर्च र पट्टा दायित्वको ब्याज खर्चको रुपमा लेखाङ्कन गरिएको छ । पट्टा दायित्वको मूल्याङ्कन गर्न वृद्धिशील ऋण दरको निम्ति ११.५३ प्रतिशतको दर लिइएको छ ।

पट्टा दायित्वको मापनमा समावेश गरिएको पट्टा भुक्तानीहरू समावेश छन् :

- निश्चित पट्टा भुक्तानीहरू (कागजातमा निश्चित भुक्तानीहरू सहित), प्राप्त गर्न सकिने कुनै पनि पट्टा प्रोत्साहनहरू बाहेक;

Shrestha Sunil & Associates
Kathmandu
Chartered Accountants

- सुरुवात मितिमा सूचकाङ्क वा दर प्रयोग गरेर मापन गरिएको, सूचकाङ्क वा दरमा निर्भर परिवर्तनशील पट्टा भुक्तानीहरू,
- अवशिष्ट (Residual) मूल्य ग्यारेन्टी अन्तर्गत पट्टा लिने व्यक्तिले भुक्तानी गर्नुपर्ने अपेक्षा गरिएको रकम,
- यदि भाडामा लिने व्यक्तिले विकल्प प्रयोग गर्ने कुरा वास्तविक रूपमा निश्चित छ भने, खरिद विकल्पहरूको मूल्य र
- यदि पट्टा अवधिले पट्टा समाप्त गर्ने विकल्पको अभ्यासलाई प्रतिबिम्बित गर्दछ भने, पट्टा समाप्त गरेबापत जरिवानाको भुक्तानी ।

पछि पट्टा दायित्वमा ब्याज प्रतिबिम्बित गर्ने रकम बढाएर (प्रभावकारी ब्याज विधि प्रयोग गरेर) र पट्टा भुक्तानी प्रतिबिम्बित गर्ने रकम घटाएर पट्टा दायित्व मापन गरिन्छ ।
संस्थाले पट्टा दायित्वको पुनः मापन गर्छ (र सम्बन्धित प्रयोगको अधिकार सम्पत्तिमा सम्बन्धित समायोजन गर्छ) जब:

- भाडा अवधि परिवर्तन भएको छ वा खरिद विकल्पको अभ्यासको मूल्याङ्कनमा परिवर्तन भएको कुनै महत्वपूर्ण घटना वा परिस्थितिमा परिवर्तन भएको छ, यस्तो अवस्थामा संशोधित छुट दर प्रयोग गरेर संशोधित भाडा भुक्तानीहरूमा छुट दिएर भाडा दायित्व पुनः मापन गरिन्छ ।
- सूचकाङ्क वा दरमा परिवर्तन वा ग्यारेन्टी गरिएको अवशिष्ट मूल्य अन्तर्गत अपेक्षित भुक्तानीमा परिवर्तनको कारणले गर्दा पट्टा भुक्तानीहरू परिवर्तन हुन्छन्, जसमा अपरिवर्तित छुट दर प्रयोग गरेर संशोधित पट्टा भुक्तानीहरूमा छुट दिएर पट्टा दायित्व पुनः मापन गरिन्छ (तर जब पट्टा भुक्तानी परिवर्तन फ्लोटिंग ब्याज दरमा परिवर्तनको कारणले हुन्छ, जुन अवस्थामा संशोधित छुट दर प्रयोग गरिन्छ) ।
- पट्टा सम्झौता परिमार्जन गरिन्छ र पट्टा परिमार्जनलाई छुट्टै पट्टाको रूपमा गणना गरिँदैन, यस्तो अवस्थामा पट्टा दायित्व परिमार्जनको प्रभावकारी मितिमा संशोधित छुट दर प्रयोग गरेर संशोधित पट्टा भुक्तानीहरूमा छुट दिएर परिमार्जित पट्टाको पट्टा अवधिको आधारमा पुनः मापन गरिन्छ ।

प्रयोगको अधिकार सम्पत्तिमा सम्बन्धित पट्टा दायित्वको प्रारम्भिक मापन, सुरु हुने दिनमा वा अगाडि गरिएको पट्टा भुक्तानी, प्राप्त कुनै पनि पट्टा प्रोत्साहन र कुनै पनि प्रारम्भिक प्रत्यक्ष लागतहरू समावेश छन् । तिनीहरूलाई पछि लागतमा सञ्चित मूल्यह्रास र क्षयीकरण नोक्सानीमा घटाई मापन गरिन्छ ।
जब संस्थाले भाडामा लिइएको सम्पत्ति भत्काउन र हटाउन, यो अवस्थित साइटलाई पुनर्स्थापित गर्न वा भाडाको सर्तहरू र नियमहरूद्वारा आवश्यक अवस्थामा अन्तर्निहित सम्पत्तिलाई पुनर्स्थापित गर्न लागतको लागि दायित्व वहन गर्दछ, NAS ३७ अन्तर्गत एक प्रावधान पहिचान गरिन्छ र मापन गरिन्छ । लागतहरू प्रयोगको अधिकार सम्पत्तिसँग सम्बन्धित हदसम्म, लागतहरू सम्बन्धित प्रयोगको अधिकार सम्पत्तिमा समावेश गरिन्छ, जबसम्म ती लागतहरू वस्तु उत्पादन गर्न खर्च गरिएको हुँदैन ।

**३.१५ शेयर पुँजी र कोषहरु**

शेयर पुँजीलाई नगद र अन्य वित्तीय सम्पत्तिहरू स्थानान्तरण गर्ने वा उपलब्ध सङ्ख्यामा आफ्नै इक्विटी उपकरणहरू जारी गर्ने कुनै सम्झौता दायित्व नभएका वित्तीय उपकरणहरूलाई इक्विटीको रूपमा वर्गीकृत गरिन्छ । NAS ३२ वित्तीय उपकरणहरू-प्रस्तुतिको (NAS-32-Financial Instrument Presentation) अनुच्छेद १६A र १६B द्वारा निर्दिष्ट मापदण्ड पूरा गर्ने puttable instrument उपकरणहरूलाई पनि इक्विटीको रूपमा वर्गीकृत गरिन्छ । नयाँ शेयर जारी गर्न प्रत्यक्ष रूपमा भएको लागतहरू इक्विटीमा कटौतीको रूपमा देखाइन्छ ।
इक्विटीको रूपमा वर्गीकृत साधारण शेयरहरूमा घोषणा गरिएको लाभांशलाई सोही अवधिमा इक्विटीमा पहिचान गरिन्छ ।

**कोषहरु**

कोष अन्तर्गत साधारण जगेडा कोष, सदस्य शिक्षा कोष, संस्था विकास कोष, शेयर लाभांश कोष, संरक्षित पूँजी फिर्ता कोष, स्थिरीकरण कोष, सामुदायिक विकास तथा सदस्य हित कोष, घाटापूर्ति कोष, सहकारी प्रवर्धन कोष, NFRS समायोजन कोष र अन्य जोखिम व्यवस्थापन कोष पर्दछन् ।

**NFRS समायोजन कोष**

संस्थाद्वारा नेपाल वित्तीय प्रतिवेदन मानको लेखा नीति अपनाएर वित्तीय विवरण बनाउने क्रममा प्रोदभावी आधारमा लेखाङ्कन प्रणालीको अवलम्बन गरी आर्जन गरेको ब्याज आम्दानी र सम्बन्धित स्थगन कर खर्चलाई वितरण योग्य नाफामा गणना नगर्नका निमित्त NFRS समायोजन कोष अन्तर्गत लेखाङ्कन गर्ने नीति अपनाइएको छ ।

**साधारण जगेडा कोष**

सहकारी ऐन, २०७४ को दफा ६८ मा भएको व्यवस्था अनुसार संस्थाले आर्थिक वर्षको खुद मुनाफा रकमको कम्तीमा २५ प्रतिशत रकम साधारण जगेडा कोषमा बाँडफाँड गर्नुपर्ने प्रावधान अनुरुप व्यवस्था गरेको छ तर संस्थाले NFRS कार्यान्वयन पश्चात खुद मुनाफाबाट NFRS समायोजन कोषमा बाँडफाँड पछिको रकमको २५ प्रतिशत साधारण जगेडा कोषमा सार्ने नीति लिएको छ ।

Shrestha Sinha & Associates
Kathmandu
Chartered Accountants

**अन्य नियमनकारी कोषहरु**

**संरक्षित पुँजी फिर्ता कोष**

सहकारी ऐन, २०७४ को दफा ६९ बमोजिम साधारण जगेडा कोषमा जम्मा गरे पश्चातको खुद मुनाफा रकमको २५ प्रतिशत रकम संरक्षित पुँजी फिर्ता कोषमा बाँडफाँड गर्नुपर्ने प्रावधान अनुरुप व्यवस्था गरेको छ तर संस्थाले NFRS कार्यान्वयन पश्चात खुद मुनाफाबाट NFRS समायोजन कोष र साधारण जगेडा कोषमा बाँडफाँड पछिको रकमको २५ प्रतिशत संरक्षित पुँजी फिर्ता कोषमा सार्ने नीति लिएको छ।

**सहकारी प्रवर्धन कोष**

सहकारी ऐन, २०७४ को दफा ७० बमोजिम साधारण जगेडा कोषमा जम्मा गरे पश्चातको खुद मुनाफा रकमको ०.५ प्रतिशत रकम सहकारी प्रवर्द्धन कोषमा बाँडफाँड गर्नुपर्ने प्रावधान अनुरुप व्यवस्था गरेको छ तर संस्थाले NFRS कार्यान्वयन पश्चात खुद मुनाफाबाट NFRS समायोजन कोष र साधारण जगेडा कोषमा बाँडफाँड पछिको रकमको ०.५ प्रतिशत सहकारी प्रवर्धन कोषमा सार्ने नीति लिएको छ।

**अन्य**

सहकारी नियमावली, २०७५ को दफा २७ बमोजिम खुद मुनाफाबाट साधारण जगेडा कोष, संरक्षित पुँजी फिर्ता कोष र सहकारी प्रवर्धन कोषको रकम कट्टा गरे पश्चातको खुद मुनाफा रकमको कम्तीमा ५ प्रतिशत रकम निम्न लिखित प्रत्येक कोषहरु: सामुदायिक विकास तथा सदस्य हित कोष, स्थिरीकरण कोष, घाटापूर्ति कोष, कर्मचारी बोनस कोष, सहकारी विकास कोष र सदस्य शिक्षा कोषमा बाँडफाँड गनुपर्ने प्रावधान व्यवस्था गरेको छ तर संस्थाले खुद मुनाफाबाट NFRS समायोजन कोष, साधारण जगेडा कोष, सहकारी प्रवर्धन कोष र संरक्षित पुँजी फिर्ता कोषमा बाँडफाँड पछिको रकम निम्न उल्लेखित कोषहरुमा बाँडफाँड गर्ने नीति लएको छ।

| कोष | विनियोजन (%) |
|---|---|
| शेयर लाभांश कोष | ७०% |
| घाटापूर्ति कोष | ५% |
| सदस्य शिक्षा कोष | ५% |
| सहकारी विकास कोष | ५% |
| सामुदायिक विकास तथा सदस्य हित कोष | ५% |
| स्थिरीकरण कोष | ५% |
| अन्य जोखिम व्यवस्थापन कोष | ५% |
| **कुल** | **१००%** |

**अन्य कोषहरु**

संस्थाको अन्य कोष अन्तर्गत निम्न कोषहरु रहेका छन,

- सदस्य राहत कोष
- विपद व्यवस्थापन कोष
- बुसा कल्याणकारी कोष

Shrestha Sunil & Associates Chartered Accountants Kathmandu

**५. प्रकटीकरण तथा थप जानकारी**

**५.१ जोखिम व्यवस्थापन**

सहकारी संस्थाको व्यावसायिक क्रियाकलापमा जोखिम निहित रहेको हुन्छ । विशेष गरी, सहकारी संस्थाले आफ्ना सदस्यहरूलाई वित्तीय सेवाहरू प्रदान गर्दछ । ग्रामीण घरपरिवारका मानिसहरूमा चेतना र व्यावसायिक सीपको कमी भएकोले, उनीहरूसँगको कारोबारमा लगनशीलता र हेरचाह आवश्यक पर्दछ । यस प्रकारको वित्तीय सेवा पनि बढी जोखिममा हुन्छ किनकि व्यक्तिलाई यस्ता सेवाहरूप्रति सचेत र सक्षम बनाएर वित्तीय सेवाहरू प्रदान गर्नुपर्छ । त्यसैले सहकारी संस्थाले वर्तमान र सम्भावित भविष्यका जोखिमहरूलाई कम गर्न जोखिमको पहिचान गर्नुपर्छ र पर्याप्त नियन्त्रण प्रणाली अपनाउनु पर्दछ । प्रभावकारी जोखिम व्यवस्थापन ढाँचा प्राप्त गर्न र व्यवसायसँग सम्बन्धित जोखिमहरू समावेश गर्न बलियो जोखिम व्यवस्थापन क्षमताहरू अनिवार्य छन्, कर्जा जोखिम, सञ्चालन जोखिम, बजार जोखिम र तरलता जोखिम पहिचान गर्न, नियन्त्रण र व्यवस्थापन गर्न लेखा सुपरिवेक्षण समिति जिम्मेवार छ । लेखा सुपरिवेक्षण समितिले दैनिक व्यवसाय सञ्चालनबाट उत्पन्न हुने विश्वव्यापी, बृहत्, सूक्ष्म र विभागीय स्तरको जोखिमको आवधिक रूपमा निरीक्षण गर्दछ र यसमा वरिष्ठ व्यवस्थापन र सञ्चालक समितिको ध्यानाकर्षण गर्दछ र प्रतिवेदनहरू छलफल गरी उपयुक्त भएमा निर्देशन जारी गर्दछ ।

**लेखा सुपरिवेक्षण समिति**

वार्षिक साधारण सभाद्वारा नियुक्त लेखा सुपरिवेक्षण समिति एक स्वतन्त्र समिति हो, जसले जोखिम व्यवस्थापन ढाँचाको कार्यान्वयन र सहकारीको समग्र आन्तरिक लेखा परीक्षणको निरीक्षण गर्ने जिम्मेवारी बोकेको हुन्छ । समितिले सहकारी संस्थाले आफ्नो जोखिम र व्यावसायिक गतिविधिहरू, जोखिम व्यवस्थापन, अनुपालन ढाँचा र निरीक्षण जिम्मेवारीहरू पूरा गर्न सञ्चालक समितिलाई सहयोग गर्दछ । यसले अखण्डता, शुद्धता र व्यावहारिकता सुनिश्चित गर्न वित्तीय तथ्याङ्कको समय-समयमा समीक्षा गर्दछ । यसले व्यवसायको सुव्यवस्थित र विवेकपूर्ण आचरण सुनिश्चित गर्न आन्तरिक नियन्त्रण र जोखिम व्यवस्थापन प्रणाली पर्याप्त छ वा छैन भनेर पनि समीक्षा गर्दछ । समितिले समग्र जोखिम व्यवस्थापन संरचनाको समीक्षा गर्ने र जोखिम व्यवस्थापन प्रणालीको प्रभावकारिताको अनुगमन गर्दछ । लेखा सुपरिवेक्षण समितिमा देहायका सदस्यहरू छन् ।

| सि.नं. | नाम | पद |
|---|---|---|
| १ | पूर्ण बहादुर कार्की | संयोजक |
| २ | शर्मिला नेपाल | सदस्य |
| ३. | दिपक के.सी. | सदस्य |

**जोखिम सम्बन्धी सुशासन प्रणाली**

सहकारी संस्थाले उच्च स्तरमा संस्थामा उत्पन्न हुने जोखिम न्यूनीकरण गर्न नीति र प्रक्रियाहरू लागु गर्दछ र नेतृत्वको मानसिकता, क्षमता अभिवृद्धि कार्यक्रमहरू, परिभाषित कार्य जिम्मेवारीहरू र नैतिक संस्कृति बसालेर कर्मचारीहरूमा जोखिम व्यवस्थापन संस्कृति जगाएको छ । सञ्चालन जोखिम र कर्जा जोखिम सम्बन्धी नीतिहरू स्थापना र अनुपालनको लागि सञ्चालक समिति जिम्मेवार छ ।

सहकारी संस्थाको जोखिम सुशासन संरचना सहकारीको जोखिम दायरा भित्र कायम राख्ने गरी स्थापित गरिएको छ र यसको जिम्मेवारी बोर्डबाट उपयुक्त कार्यात्मक, ग्राहक व्यवसाय, वरिष्ठ व्यवस्थापन र समितिहरूमा दिइएको छ । सञ्चालक समितिले उत्कृष्ट अभ्यासहरू अनुरूप जोखिम पहिचान, जोखिम मूल्याङ्कन, जोखिम न्यूनीकरण र नियन्त्रण/अनुगमनको नीति र प्रक्रियाहरू निर्धारण गरेको छ र प्रभावकारी रूपमा कार्यान्वयन गरेको छ । सहकारी संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता सञ्चालक समिति, यस अन्तर्गतका समितिहरू, वरिष्ठ व्यवस्थापन र लेखा सुपरिवेक्षण समितिद्वारा नियमित रूपमा समीक्षा गरिन्छ ।

**तरलता जोखिम**

तरलता जोखिम भनेको छोटो अवधिको वित्तीय मागहरू पूरा गर्ने क्षमतासँग सम्बन्धित जोखिम हो । यो सामान्यतया सुरक्षण वा सम्पत्तिलाई नगदमा रूपान्तरण गर्न असमर्थताको कारणले उत्पन्न हुन्छ । सामान्य र तनावपूर्ण दुवै परिस्थितिहरूमा नगद प्रवाहको समयमा बेमेलको परिणाम स्वरूप, सहकारीले आफ्नो भुक्तानी दायित्वहरू पूरा गर्न असमर्थ हुन सक्ने सम्भावनाको कारणले तरलता जोखिम उत्पन्न हुन्छ । भुक्तानीको लागि तरल सम्पत्तिहरुको सहकारीलाई स्वीकार्य सर्तहरूमा आवश्यक कोष उपलब्ध नभएको अवस्थामा यस्ता परिस्थितिहरू उत्पन्न हुन सक्छन् । तरलताको अभावका कारण, संस्थाहरूले ग्राहकको माग अनुसार ऋण दिन सक्दैन र बचत र अन्य कानुनी दायित्वहरू समयमै चुक्ता गर्न सक्दैनन् । त्यसैले सहकारी संस्थाले यस्तो अवस्थालाई रोक्नको लागि समयमै आफ्नो आवश्यकता अनुसार तरलता व्यवस्थापन गर्नुपर्ने हुन्छ ।

**ब्याजदर जोखिम**

ब्याजदर जोखिम भनेको समग्र ब्याजदरमा परिवर्तनले ऋणपत्र वा अन्य निश्चित-दर लगानीको मूल्य घटाउने सम्भावना हो । सहकारीले ब्याजदरबाट उत्पन्न हुने जोखिमलाई कम गर्न निम्न उपायहरू अपनाउँछ:

ब्याजदरमा परिवर्तनबाट प्रभावित सम्पत्ति र दायित्वहरू मात्र सम्पत्ति र दायित्वहरूमा समावेश गरिएको छ ।

सम्पत्ति र दायित्वको भुक्तानीको अवधि नमिल्ने परिस्थितिमा भिन्नताको विश्लेषण गर्दा, नगद मौजदात र नतिरेको ब्याज रकम समावेश गरिएको छ ।

Shrestha Sunil & Associates
Kathmandu
Chartered Accountants

**कर्जा जोखिम**

कर्जा जोखिम भनेको कुनै पनि ऋणीले स्वीकार गरेको सर्त अनुसार ऋण तिर्न नसक्ने सम्भावना हो । कुनै पनि वित्तीय संस्थाको मुख्य सम्पत्ति वा आम्दानीको स्रोत भनेको ऋण हो । ऋणीले ऋण लिँदा सहमति जनाएको ऋण तिर्न नसक्दा वित्तीय संस्थाको भविष्य खतरामा पर्छ । त्यसैले जोखिममा रहेको ऋणको अवस्थाको बारेमा जानकारी प्राप्त गर्न प्रभावकारी सूचकहरूको अध्ययन गर्नु आवश्यक छ । लगानी गरिएको ऋणको नोक्सानी रोक्न र यससँग सम्बन्धित जोखिमहरूलाई कम गर्न, मानक ऋण वितरण मापदण्ड प्रक्रिया पालना गरिन्छ । ऋण स्वीकृत गर्ने प्रक्रियामा संलग्न प्रत्येक कर्मचारीलाई निश्चित जिम्मेवारी तोकिएको हुनाले सम्बन्धित कर्मचारीले वास्तविक जोखिम-मूल्याङ्कन गरेपछि ऋण स्वीकृत गर्नुपर्छ । जोखिम-मूल्याङ्कनको लागि देहायका प्रक्रियाहरू/अभ्यासहरू पालना गरिएको छ ।

- माग गरिएको ऋणको आवश्यकता र चुक्ता क्षमताको विश्लेषण गर्ने,
- ऋणीहरूको अनुशासनात्मक रेकर्डको आधारमा ऋणमा लगानी गर्ने,
- ऋण लिएको पछिल्ला महिनाहरूमा ऋणको उपयोगिताको निगरानी गर्ने र आय आर्जन गर्ने गतिविधिहरू/व्यवसायहरूमा प्रयोग भएको सुनिश्चित गर्ने,
- सदस्यहरूलाई बचत बढाउन प्रेरित गर्ने,
- व्यावसायिक ऋणको लागि ऋण आवेदनको समयमा ऋणीले गरेको व्यवसाय र आम्दानी र खर्चको विवरण लिने,
- यदि धितोमा लिएको ऋण हो भने, सुरक्षित सम्पत्तिको आवश्यक कागजातहरू लिने,
- सहकारी निर्देशिका अनुसार ऋण वर्गीकरण गर्ने र नोक्सान व्यवस्था मिलाउने,
- सहकारी संस्थाको उपनियम बमोजिमको सीमा भित्र ऋण वितरण गर्ने,
- ऋणको निरन्तर अनुगमन र निरीक्षण गर्ने ।

**सञ्चालन जोखिम**

सहकारी संस्थाको दैनिक कार्य सञ्चालनको क्रममा उत्पन्न हुने जोखिमलाई सञ्चालन जोखिम भनिन्छ । यस कार्यक्रमअन्तर्गत साना तर ठूलो सङ्ख्यामा कारोबार गरिएको छ, विकेन्द्रीकृत कार्य विधि अपनाइएको छ, क्षेत्र विस्तारमा बढी ध्यान दिइएको छ, लागत घटाउन प्राथमिकता दिइएको छ । एकीकृत सूचना प्रणालीको अभाव, पूर्वाधारको अभावमा कार्यक्रमहरूको विस्तार र ग्राहकहरूको आवश्यकता अनुसार सेवा प्रदान गर्न उपयुक्त प्रविधिको अभावका कारण यस कार्यक्रममा सञ्चालन जोखिमको सम्भावना सधैं रहन्छ । संस्थाले दैनिक कार्य सञ्चालनका लागि विभिन्न जिम्मेवारीहरू पूरा गर्न आवश्यक कर्मचारीहरूको व्यवस्था गरेको छ । सबै कर्मचारीहरूले संस्थाले तोकेको नीति नियम भित्र कार्य प्रक्रियामा आफ्नो पद जिम्मेवारी पूरा गर्नुपर्छ । तर कहिलेकाहीं कर्मचारीहरूको लापरवाही र व्यक्तिगत स्वार्थका कारण नीति नियमभन्दा बाहिर जाँदा संस्था जोखिममा पर्छ । यस प्रकारको जोखिमले संस्थाको आम्दानी घटाउने, संस्थाको प्रतिष्ठा जोखिम बढ्ने सम्भावना हुन्छ । सञ्चालन जोखिम आन्तरिक कारकहरूको कारणले हुने भएकाले आन्तरिक नियन्त्रण प्रणालीलाई बलियो बनाएमा मात्र यो जोखिम कम गर्न सकिन्छ ।

**बजार जोखिम**

बजार जोखिम भनेको बजार स्तरमा ब्याजदर वा धितोपत्रको मूल्य (इक्विटी), विदेशी विनिमय दर र ती मूल्यहरूको अस्थिरतामा प्रतिकूल परिवर्तनको कारणले सहकारी संस्थाको आम्दानी वा आर्थिक मूल्यमा क्षति हुने सम्भावना हो ।

बजारको अवस्था तथा माग बुझेर सञ्चालक समिति र व्यवस्थापनले बजारको सम्भावना र अवस्था अनुरूप कार्यक्रमहरू आयोजना गर्दछन् र सोही अनुरुप माथिदेखि तलसम्मका कर्मचारीहरूलाई उनीहरूको क्षमताको आधारमा उपयुक्त जिम्मेवारी प्रदान गरेर जोखिम कम गर्छन् । यसका लागि आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ पारिएको छ ।

बजार विश्लेषणमा निम्न तत्वलाई विचार गरिएको छः

- प्रतिस्पर्धीहरूको सेवा (कार्यक्रम) र ब्याजदरहरू बारे जानकारी
- संस्थाप्रति सदस्यहरूको दृष्टिकोण
- यस संस्थाप्रति अन्य संस्थाहरूको धारणा
- सेवाको लागत
- नीतिनियम परिवर्तनहरूबाट हुने उतार-चढाव
- आफ्ना सदस्यहरूलाई आकर्षित गर्न अन्य संस्थाहरूले अपनाएका रणनीतिहरू
- सदस्यता फिर्ता/अवधारण दर

**संस्थागत वा रणनीतिक जोखिम**

संस्थाको विकास र प्रगतिको क्रममा रणनीतिक जोखिम प्रायः एक प्रमुख कारक हुन्छ, विशेष गरी यदि संस्थाले छोटो अवधिमा तीव्र गिरावट अनुभव गर्छ भने अवलोकन गर्न सकिन्छ । संस्थागत जोखिम र अनुपालन जोखिममा यसको प्रभावको कारण, यो आधुनिक जोखिम व्यवस्थापनमा एक प्रमुख कारक हो । यो जोखिम व्यवस्थापन गर्न, तलका कुराहरू विचार गरिएको छ :

- देशको समग्र आर्थिक र सामाजिक वातावरण अनुसार रणनीतिहरू तय वा परिमार्जन गरिएको छ,
- आफ्ना प्रतिस्पर्धीहरूले प्रदान गर्ने सेवाहरू र उनीहरूको स्थितिको बारेमा जानकार रहँदै,

Sunil & Associates
Kathmandu
Chartered Accountants

- आफ्ना ग्राहकहरूको अपेक्षा र चाहनालाई नभुल्दै सकेसम्म धेरै सेवा सुविधाहरू प्रदान गर्ने
- स्रोत परिचालनमा उपयुक्त रणनीतिहरू अपनाउने,

**आन्तरिक नियन्त्रण जोखिम**

आफ्नो व्यवसाय र वित्तीय गतिविधिहरूबाट नाफामुखी व्यावसायिक अवसरहरूलाई अधिकतम बनाउन, नोक्सान वा प्रतिष्ठामा क्षति पुर्याउन सक्ने जोखिमहरूबाट बच्न वा कम गर्न, लागु हुने कानुन र नियमहरूको पालना सुनिश्चित गर्न र बाह्य घटनाहरूको लागि लचिलोपन बढाउन सक्षम बनाउने तरिकाले नियन्त्रण गर्न संस्था प्रतिबद्ध छ । सञ्चालक समिति र व्यवस्थापनले जोखिम पहिचान, जोखिम मूल्याङ्कन, जोखिम न्यूनीकरण र नियन्त्रण/अनुगमनको नीति र प्रक्रियाहरू अपनाएको छ ।

सहकारी संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारितालाई सञ्चालक समिति, व्यवस्थापन र लेखा सुपरिवेक्षण समितिद्वारा नियमित रूपमा समीक्षा गरिन्छ । लेखा सुपरिवेक्षण समितिले वर्षभरि संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिताको समीक्षा गरेको छ र उपयुक्त भएमा सञ्चालक समितिलाई प्रतिक्रिया प्रदान गरेको छ ।

**अनुपालन जोखिम**

जवाफदेहिता, पारदर्शिता र व्यावसायिक नैतिकताको क्षेत्रमा उत्कृष्ट अभ्यासहरू र बजार मापदण्डहरू पालना गर्नका लागि संस्था प्रतिबद्ध छ । यसले दुर्व्यवहारको शून्य सहनशीलताको लक्ष्य राख्छ । दैनिक सञ्चालनमा तीन पङ्क्तिको सुरक्षा मोडेलले सहकारीमा अनुपालन र अखण्डता जोखिमको लागि भूमिका र जिम्मेवारीहरू परिभाषित गर्दछ । रक्षाको पहिलो पङ्क्ति सम्बन्धित सहकारी विभागहरू र एकाइहरूसँग छ, जो अनुपालन जोखिमहरू पहिचान गरिएको, बुझिएको र व्यवस्थापन, अनुगमन र अनुपालन अधिकारीलाई रिपोर्ट गरिएको कुरा सुनिश्चित गर्न जिम्मेवार छन् । रक्षाको दोस्रो पङ्क्ति अनुगमन र अनुपालन अधिकारीसँग छ, जसले अनुपालन र अखण्डता जोखिमहरूको मूल्याङ्कन र अनुगमन गर्दछ र व्यवस्थापनसँग यसको नियन्त्रण गतिविधिहरू समन्वय गर्दछ । अनुगमन र अनुपालन अधिकारीले व्यवस्थापकलाई रिपोर्ट गर्दछ । रक्षा पङ्क्ति अनुपालन कार्यले संस्था, यसको सञ्चालन र कर्मचारी सदस्यहरूको व्यक्तिगत आचरणसँग सम्बन्धित मामिलाहरूमा अनुपालन जोखिमहरू पहिचान गर्न, मूल्याङ्कन गर्न, अनुगमन गर्न र रिपोर्ट गर्न सहकारी संस्थालाई सहयोग गर्दछ ।

**५.२ वित्तीय सम्पत्ति तथा दायित्वको उचित मूल्य (Fair Value)**

वित्तीय सम्पत्ति तथा दायित्वको उचित मूल्यको मापन गर्न सो मूल्य झल्काउने उपयुक्त बजारको छनौटको लागि निम्न बमोजिमको प्राथमिकताको क्रम अपनाइएको हुन्छ:

**श्रेणी-१**

यस श्रेणीमा उचित मूल्य सो सम्पत्ति/दायित्व वा उस्तै सम्पत्ति/दायित्वको स्वतन्त्र र सक्रिय रुपमा खरिद बिक्री हुने बजारमा चलन चल्तीमा रहेको मूल्यलाई कुनै समायोजन बिना लिइन्छ ।

यस्ता सम्पत्ति वा दायित्वको पर्याप्त सङ्ख्या तथा मात्रामा असम्बन्धित व्यक्तिबीच खरिद बिक्री हुने बजार नै यस श्रेणी अन्तर्गतको उचित मूल्य निर्धारण गर्ने छनौटमा पर्छ ।

**श्रेणी-२**

यस श्रेणीमा उचित मूल्यको निर्धारण सो निर्धारण गर्न प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा उपलब्ध हुने उपयुक्त तथ्याङ्कका आधारमा गर्ने गरिएको हुन्छ । यस्ता उपलब्ध हुने केही तथ्याङ्क निम्न प्रकारका रहेका छन्:

सक्रिय र स्वतन्त्र बजारमा उस्तै वित्तीय सम्पत्ति तथा दायित्वको सूचीकृत उचित मूल्य

- तुलनात्मक रुपमा कम सक्रिय र स्वतन्त्र बजारमा उस्तै वित्तीय सम्पत्ति तथा दायित्वको सूचीकृत उचित मूल्य
- वित्तीय उपकरणहरुको उचित मूल्यको मापन गर्दा सोको मूल्य निर्धारणको पद्धतिको लागि आवश्यक हुने सम्पूर्ण तथ्याङ्क उपलब्ध हुँदा मात्र गरिन्छ

यदि कुनै वित्तीय उपकरणको उचित मूल्य सजिलै उपलब्ध हुन सक्ने बजार नभएको अवस्थामा संस्थाले सोको उचित मूल्य मूल्याङ्कनको विभिन्न पद्धति अपनाएर गर्ने गरेको हुन्छ । उक्त मूल्याङ्कन पद्धतिमा सो वित्तीय सम्पत्तिसँग एकरुपता भएको वित्तीय सम्पत्तिको उचित मूल्यलाई लिएर उचित र आवश्यक समायोजन गरी मूल्य निर्धारण गर्ने गरिएको हुन्छ । वित्तीय उपकरणको सुरुवातमा पहिचान गर्दा सो को प्राप्तिको बेलाको कारोबार मूल्यलाई उचित मूल्यको रुपमा लिईन्छ ।

**श्रेणी-३**

उचित मूल्य श्रेणी २ अनुसार पनि निर्धारण गर्न नसकिएमा सो को निर्धारण मूल्याङ्कनका विभिन्न पद्धति अपनाएर गरिन्छ र सो मध्ये बढी उचित र उपयुक्त मूल्याङ्कन पद्धतिबाट आएको मूल्यलाई उचित मूल्यको रुपमा लिने गरिन्छ । मूल्याङ्कन पद्धतिमा उक्त वित्तीय सम्पत्तिसँग एकरुपता भएको वित्तीय सम्पत्तिको Net Present Value/Discounted Cash Flow Model अनुसारको मूल्यलाई समेत तुलनात्मक रुपमा हेरिन्छ ।

**५.३ सम्बन्धित पक्षहरुको विवरण**

**सञ्चालक र प्रमुख कार्यकारी अधिकृत र व्यवस्थापकीय कर्मचारीहरूको सूची**

संस्थाको व्यवस्थापनको लागि महत्वपूर्ण मानिने व्यक्तिहरु तथा उनीहरुका नजिकका परिवारिक सदस्यहरु पनि सम्बन्धित पक्षको परिभाषामा पर्दछन् । NAS 24 "Related Party Disclosures" अनुसार संस्थाको गतिविधिहरु सम्बन्धी योजना बनाउने, निर्देशन

Shrestha Sunil & Associates
Chartered Accountants
Kathmandu

दिने र नियन्त्रण गर्ने अधिकार तथा जिम्मेवारी पाएका व्यक्तिहरुलाई त्यस संस्थाको व्यवस्थापनको लागि महत्वपूर्ण मानिने व्यक्तिहरुको रुपमा लिइन्छ । संस्थाले यस परिभाषा अनुरुप संस्थाको सञ्चालक समितिका सदस्यहरु र प्रमुख कार्यकारी अधिकृतलाई सम्बन्धित पक्षको रुपमा पहिचान गरेको छ ।

नेपाल लेखामान (NAS २४)अनुसार निम्न पक्षहरूलाई सम्बन्धित पक्षको रूपमा पहिचान गरिएको छ

| क.सं. | नाम | पद |
|---|---|---|
| १ | कैलाश के.सी. | अध्यक्ष |
| २ | प्रकाश भुर्तेल | उपाध्यक्ष |
| ३ | जयराम थापा | सचिव |
| ४ | गीता कुँवर क्षेत्री | सह-सचिव |
| ५ | राधेश्याम के.सी. | कोषाध्यक्ष |
| ६ | राधाकृष्ण श्रेष्ठ | सह-कोषाध्यक्ष |
| ७ | हरिराम कुइकेल | सदस्य |
| ८ | गायत्री खड्का | सदस्य |
| ९ | सुनिता मल्ल ठकुरी | सदस्य |
| १० | भवानी के.सी. | सदस्य |
| ११ | अम्रेसा लामा | सदस्य |
| १२ | विवेक राज ठकुरी | प्रमुख कार्यकारी अधिकृत |

**सञ्चालकहरु र प्रमुख कार्यकारी अधिकृत सँगको कारोबार र भुक्तानी**

**सञ्चालक समिति बक्यौता कर्जा, भत्ता र सुविधाहरु:**

| विवरण | चालू वर्ष | गत वर्ष |
|---|---|---|
| बैठक भत्ता | ४,८७,१४०।- | ३,५३,०००।- |
| अन्य सुविधाहरू | - | - |
| **कुल** | ४,८७,१४०।- | ३,५३,०००।- |
| बक्यौता कर्जा सापटी आषाढ मसान्तको (एकाघर परिवार सदस्य समेत) | ९,१५,१७५।०७ | ११,३५,१३८।३२ |

यी भत्ता तथा सुविधाहरु संस्थाको वार्षिक साधारण सभामा स्वीकृत भएका भत्ता तथा सुविधाहरु हुन् ।

**संस्थाका प्रमुख कार्यकारी अधिकृतलाई प्रदान गरिएको तलब तथा सुविधाहरु:**

| विवरण | चालू वर्ष | गत वर्ष |
|---|---|---|
| तलब, भत्ता तथा सुविधाहरु | २२,९६,२५६.४२ | ११,५९,८२१।- |
| अन्य सुविधाहरू | - | - |
| **कुल** | २२,९६,२५६.४२ | ११,५९,८२१।- |
| बक्यौता कर्जा सापटी आषाढ मसान्तको (एकाघर परिवार सदस्य समेत) | ११,९७,१३१.८१ | १२,३२,३५४.९२ |

माथिका सुविधा बाहेक संस्थाले आर्थिक नीति अनुसार यात्रा भत्ता जस्ता अन्य सुविधाहरु पनि उपलब्ध गराएको छ ।

**५.४ गाभ्ने र गाभिने (Merger and Acquisition)**

चालु आर्थिक वर्षमा अन्य कुनै पनि संस्थासँग Merger and Acquisition भएको छैन ।

**५.५ समावेश नगरिएका संस्थाको अतिरिक्त प्रकटीकरण**

संस्थाको कुनै पनि किसिमको सहायक संस्थाहरु नरहेको हुदाँ यस वित्तीय विवरणमा समावेश गर्नुपर्ने तर समावेश नगरिएको कुनै कारोवार छैन ।

**५.६ रिपोर्टिङ मिति पछिका घटनाहरु**

संस्थाले रिपोर्टिङ अवधि सकिएपछि समायोजन वा गैर-समायोजन घटनाहरूको रूपमा योग्य तथा सम्भावित प्रभाव पार्न सक्ने घटनाहरुको अनुगमन र विश्लेषण गरेको छ । सबै समायोजन घटनाहरू अतिरिक्त प्रकटीकरणको साथ विवरणमा समावेश गरिएको छ र गैर-समायोजन घटनाहरू सम्भावित वित्तीय प्रभाव सकेसम्म नोटमा खुलाइएको छ । यस वित्तीय विवरणमा हस्ताक्षर हुने बेलासम्मको अवधिमा कुनै उल्लेख्य घटनाहरु भएकी छैनन् ।

Shrestha Sunil & Associates
Kathmandu
Chartered Accountants

# २०८२ असारमसान्तको पर्ल्स विश्लेषण

| Indicators (सूचकहरु) | | Goal | Numerator | Denominator | Result |
|---|---|---|---|---|---|
| ***P = Protection*** **(सुरक्षण)** | | | | | |
| P1 | १२ महिनाभन्दा बढी भाखा नाघेको ऋणको लागि कोषको व्यवस्था | १००% | १५,५७४,०५२.३५ | १५,५७४,०५२.३५ | १०० |
| P2 | ६ महिनादेखि १२ महिनासम्म भाषा नाघेको ऋणको लागि कोषको व्यवस्था | ५०% | ६८०,९६८.२२ | १,३६१,९३६.४३ | ५०.०० |
| P2x | ३ महिना भन्दा बढी देखि ६ महिनासम्म भाषा नाघेको ऋणको लागि कोषको व्यवस्था | २५% | ७,९४४,७५३.७८ | ३१,७७९,०१५.१२ | २५.०० |
| P2Y | भाखा ननाघेको असल ऋण रकमको लागि गरिएको ऋण सुरक्षण कोषको अवस्था | १% | ३२,९६२,१७०.६८ | १,२९६,२१७,०६७.५० | २.५४ |
| P3 | १२ महिना भन्दा बढी भाखा नाघेको ऋण अपलेखन गरिएको खर्च रकम | १००% | १,१८३,१८४.०० | १५,५७४,०५२.३५ | ७.६० |
| P4 | वार्षिक अपलेखन गरिएको ऋण | न्यूनतम | २३९,०५९.४० | १५,५७४,०५२.३५ | १.५३ |
| P5 | सञ्चित अपलेखन ऋण असुली | ७५% | ३६७,०६१.३० | ८१६,१२२.७० | ४४.९८ |
| P6 | तिर्न सक्ने सक्षमता | ११०% भन्दा बढी | २,१९२,००९,९६३.६६ | १,८९३,८९९,७१८.८५ | ११५.७४ |
| ***E = Effective financial structure*** **(प्रभावकारी वित्तीय संरचना)** | | | | | |
| E1 | कुल सम्पत्तिमा खुद ऋणको अनुपात | ७०%–८०% | १,२८७,९५०,६२८.७७ | २,१२७,७२०,२३५.८६ | ६०.५३ |
| E2 | कुल सम्पत्तिको अनुपातमा तरल लगानी | बढीमा १६% | २४९,४९२,०९८.४७ | २,१२७,७२०,२३५.८६ | ११.७३ |
| E3 | कुल सम्पत्तिको अनुपातमा वित्तीय लगानी | बढीमा २% | ५५९,१३९,०४८.८८ | २,१२७,७२०,२३५.८६ | २६.२८ |
| E4 | कुल सम्पत्तिको अनुपातमा गैर वित्तीय लगानी | ०% | – | २,१२७,७२०,२३५.८६ | ०.० |
| E5 | कुल सम्पत्तिमा बचतको अनुपात | ७०%–८०% | १,७२१,७१०,०१८.८५ | २,१२७,७२०,२३५.८६ | ८०.९२ |
| E6 | कुल सम्पत्तिमा बाह्य ऋणको अनुपात | ५% भदा कम | – | २,१२७,७२०,२३५.८६ | ०.० |
| E7 | कुल सम्पत्तिमा शेयर पुँजीको अनुपात | बढीमा २०% | १७२,१८९,७००.०० | २,१२७,७२०,२३५.८६ | ८.०९ |
| E9 | कुल सम्पत्तिमा खुद संस्थागत पुँजीको अनुपात | कम्तीमा १०% | १८४,५६८,०४१.२१ | २,१२७,७२०,२३५.८६ | ८.६७ |
| ***A = Assets quality*** **(सम्पत्तिको गुणस्तर)** | | | | | |
| A1 | भाखा अनुसार कुल ऋणको अनुपातमा भाखा नाघेको ऋण | ५% भन्दा कम | ४८,७१५,००३.९० | १,३४४,९३२,०७१.४० | ३.६२ |
| A2 | कुल सम्पत्तिमा नकमाउने सम्पत्तिको अनुपात | ५% भन्दा कम | ३१,१३८,४५९.७४ | २,१२७,७२०,२३५.८६ | १.४६ |
| A3 | आयआर्जन नगर्ने सम्पत्तिको अनुपातमा शुद्ध लागतरहित कोष | २००% भन्दा बढी | २३३,८२०,५१७.०१ | ३१,१३८,४५९.७४ | ७५०.९१ |
| ***R = Rate of return*** **(आम्दानी र खर्चको प्रतिफल दर)** | | | | | |
| R1 | औषत कुल शुद्ध ऋण लगानीको अनुपातमा ऋण लगानीबाट प्राप्त आम्दानी | औषत ब्याजदर | १७३,६१८,८०३.९६ | १,३०२,९७९,३३३.५८ | १३.३२ |
| R2 | औषत तरल सम्पत्तिको अनुपातमा तरल लगानीबाट प्राप्त आम्दानी | बजार दर | ३,११०,५८४.९४ | २१५,७८६,४७५.७० | १.४४ |
| R3 | औषत वित्तीय लगानीको अनुपातमा वित्तीय लगानीबाट प्राप्त आम्दानी | बजार दर | ३१,५३६,९४९.३३ | ४९९,०७९,७००.८४ | ६.३२ |
| R5 | औषत बचतको अनुपातमा बचतमा तिरेको ब्याज खर्च | बजार दर | १०५,४८८,९५८.९४ | १,६५१,१२१,७०२.०२ | ६.३९ |
| R6 | औषत बाह्य ऋणको अनुपातमा बाह्य ऋणमा तिरेको ब्याज खर्च | बजार दर | ०.०० | ०.०० | ०.०० |
| R7 | औषत शेयर पुँजीको अनुपातमा लाभांश वितरण | बजार दर >= R5 | १६,३०७,४००.९६ | १६८,९८३,२००.०० | ९.६५ |
| R9 | औषत सम्पत्तिमा सञ्चालन खर्चको अनुपात | ५% भन्दा कम | ४६,९४०,४९४.७६ | २,०५०,१६९,७६९.५० | २.२९ |
| ***L = Liquidity*** **(तरलता)** | | | | | |
| L1 | साप्ताहिक औषत निक्षेपमा तलरता | १६% | ३१२,२६७,४५५.८३ | १,७०८,७२०,२७९.१८ | १८.२७ |
| L3 | कुल सम्पत्तिमा आय आर्जन नगर्ने तरल सम्पत्तिको अनुपात | १% भन्दा कम | २,६५०,४४८.६४ | २,१२७,७२०,२३५.८६ | ०.१२ |
| ***S = Sign of growth*** **(वृद्धिका संकेतहरु)** | | | | | |
| S10 | सदस्य वृद्धिदर | १५% भन्दा बढी | ७१९.०० | १८,८५४.०० | ३.८१ |
| S11 | कुल सम्पत्ति वृद्धिदर | मुद्रास्फीति भन्दा बढी | १५५,१००,९३२.७३ | १,९७२,६१९,३०३.१३ | ७.८६ |

## सहकारीका सिद्धान्तहरु (Principles of Co-operative)

१. पहिलो सिद्धान्तः स्वैच्छिक तथा खुला सदस्यता (Voluntary and Open Membership) :

- निर्धारित योग्यता पुगेका कुनै व्यक्तिलाई संस्थाको सदस्य बन्न राजनैतिक, आर्थिक, जातीय, लैङ्गिक विभेद गर्न नहुने,
- सदस्य संस्थाको कार्यक्षेत्रभित्र बसोबास गरेको हुनुपर्ने,
- सदस्यको हैसियतले वहन गर्नुपर्ने जिम्मेवारी वहन गर्न स्वीकार गर्नुपर्ने,
- संस्थाले उपलब्ध गराउने सेवा उपभोग गर्न तयार हुनुपर्ने,
- सदस्यले संस्थाको सदस्यता त्याग्न चाहेमा सदस्यता त्यागी अलग हुन सक्ने,
- कृत्रिम छेकवार/बन्देज लगाई सदस्य बन्नबाट वञ्चित गर्न नहुने ।

२. दोश्रो सिद्धान्तः सदस्यहरुद्वारा प्रजातान्त्रिक नियन्त्रण (Democratic control by Members) :

- शेयर जतिसुकै खरिद गरे पनि सदस्यहरूद्वारा सदस्यहरूको आर्थिक सामाजिक विकास गर्ने उद्देश्यले गठन हुने हुँदा सदस्यहरूले नै नियन्त्रण गर्नुपर्ने,
- एक सदस्य एक मतको पद्धति लागु हुने,
- संस्थाका सबै सदस्यहरू संलग्न हुन पाउने साधारण सभाद्वारा संस्थाको नीति निर्माण गरिने,
- सहकारीमा साधारण सभा नै सर्वोच्च अंग हुने भएकोले यसले व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाको कार्य सम्पादन गर्ने,
- सदस्यहरूमध्येबाटै साधारण सभाद्वारा निर्वाचित प्रतिनिधिहरूद्वारा छानिएको सञ्चालक समितिले सञ्चालन गर्ने,
- सदस्य-सदस्य बीच सेवामा विभेद नगरिने,
- संस्था सञ्चालन कार्यमा संलग्न प्रतिनिधि व्यक्तिगत रूपमा साधारण सदस्यप्रति र सामूहिक रूपमा सञ्चालक समितिप्रति उत्तरदायी हुने ।

३. तेश्रो सिद्धान्तः सदस्यको आर्थिक सहभागिता (Economic participation of Members) :

सहकारी संस्थामा प्रत्येक सदस्यको सानो-सानो पुँजी शेयरको रूपमा सङ्कलित भई सदस्यको आर्थिक सहभागिताद्वारा व्यवसायिक शक्तिको सिर्जना हुन्छ । साथै शेयर रकमको घटी र बढीले सदस्यहरूको अधिकारमा विभेद गरिदैन । यस अन्तर्गत मुख्य रूपमा निम्न विषयहरू पर्दछन् ।

- सहकारीलाई आर्थिक कार्य, व्यवसाय गर्ने माध्यमको रूपमा स्वीकार गर्ने,
- प्रति शेयर समान मूल्य र एउटा शेयर र एकभन्दा बढी शेयर लिने सदस्यको कानुनी हैसियत र स्तर बराबर हुने,
- सीमित लाभ (धेरै लाभांशले ऐक्यवद्धताको भावना घट्न सक्दछ) वितरण गर्ने,
- सदस्यले गरेको कारोवारका आधारमा संरक्षित पुँजी कोषबाट प्रतिफल पाइने,
- बचत (नाफा) बाट जगेडा कोष र अन्य कोषहरू खडा गरी प्रभावकारी व्यवस्थापन गर्ने ।

४. चौंथो सिद्धान्तः स्वायत्तता र स्वतन्त्रता (Autonomy and Independence) :

सहकारी संस्थाहरू सदस्यहरूद्वारा गठित, सञ्चालित एवम् नियन्त्रित स्वायत्त एवम् स्वतन्त्र हुन्छ ।

- संस्था वाह्य नियन्त्रण, हस्तक्षेपबाट मुक्त हुने,

- सदस्यहरूद्वारा स्वयं (आन्तरिक) नियन्त्रण र सन्तुलनको व्यवस्था अर्थात संस्थामा हिनामिना तथा अन्य गलत कार्य भएमा सदस्यहरू स्वयं जिम्मेवार हुने व्यवस्था,
- संस्थाले अन्य संस्था/व्यक्ति/सरकार सबैसँग निश्चित शर्त र सम्झौताको आधारमा कार्य गर्न सक्ने अों( धकार, आफ्ना संस्था सञ्चालन गर्न चाहिने विनियम आफै बनाउन सक्ने अधिकार,
- सहकारी संस्थाले उपयोग गर्ने स्वायत्तता र स्वतन्त्रता प्रचलित ऐन, नियम, सहकारी मूल्य, सिद्धान्तको परिधिमा रही उपयोग गर्नुपर्दछ ।

**५. पाँचौं सिद्धान्तः शिक्षा, तालिम र सूचना** (Education, Training and Information) :

थाहा पाएको विषय संस्था सहकारीका प्रत्येक सदस्यलाई सहकारी सम्बन्धी शिक्षा, तालिम दिएर योग्य र सक्षम बनाउनु पर्दछ भन्ने मान्यता यो सिद्धान्तले राख्दछ । यसमा संस्थामा हुने प्रत्येक क्रियाकलापको जानकारी सदस्यहरूलाई दिनुपर्ने र सदस्यले पनि आफूले जानकारी दिने दोहोरो सूचना प्रणालीको व्यवस्था लगायत निम्न विषयहरू पर्दछन् ।

- संस्थाले सदस्यहरूलाई सहकारी शिक्षा आवश्यकता अनुरूप व्यवसायिक सीप विकास व्यवस्थापन तालिम प्रदान गर्नुपर्ने,
- सहकारी शिक्षा कोषको व्यवस्था हुनुपर्ने,
- प्रशिक्षित/शिक्षित सदस्यहरूद्वारा संस्थाको समुन्नतिमा योगदान पुग्ने,
- संस्थाभित्र र बाहिर सूचना प्रणालीको विकास र युग अनुसारको सूचना प्रदान गर्नुपर्ने ।

**६. छैठौं सिद्धान्तः अन्तर सहकारी सहयोग** (Cooperation among Cooperatives) :

एउटै मात्र संस्था स्वयंमा पूर्ण हुन कठिन हुने भएकोले सहकारी मार्फत साना स्तरमा गरिने व्यवसायिक क्रियाकलापलाई बढाएर निजी क्षेत्रसँग प्रतिस्पर्धा गर्ने उर्जा विकास गर्ने, सहकारी-सहकारीबीच परस्पर सहयोग जरूरी हुन्छ ।

- प्रारम्भिकदेखि अन्तर्राष्ट्रियस्तरसम्मका सहकारीहरूबीच सूचना एवम् व्यवसायिक सञ्जालको विकास गर्ने,
- अन्तरसहयोगको माध्यमबाट अन्य क्षेत्रसँग प्रतिस्पर्धा गर्ने क्षमताको विकास गर्ने,
- जिल्लास्तरीय विषयगत सङ्घ, जिल्ला सहकारी सङ्घ, केन्द्रीय सङ्घहरू, राष्ट्रिय सहकारी सङ्घ हुँदै अन्तर्राष्ट्रिय सहकारी महासङ्घसम्मको अन्तरसम्बन्धबाट व्यवसायिक क्रियाकलापको दायरा विस्तार गर्ने ।

**७. सातौं सिद्धान्तः समुदायप्रति चासो** (Concern for Community) :

सहकारी संस्थाहरू समुदायका अभिन्न अङ्ग भएकोले आफ्ना सदस्यका साथै सामुदायिक क्रियाकलापमा सरिक भई सामुदायिक विकासका कार्यहरू गर्नुपर्ने हुन्छ । यो सिद्धान्त अनुसार :

- समूहको एक पक्ष कमजोर भए अन्य पक्ष पनि कमजोर हुन जान्छ (आत्मनिर्भरता) भन्ने मान्यतालाई यो सिद्धान्तले स्वीकारेको छ,
- समूहको हितकै लागि गठन हुने,
- समुदाय प्रतिको सेवाले संस्थामा सकारात्मक प्रभाव पार्ने,
- वृक्षारोपण, शिक्षा, स्वास्थ्य, परिवारनियोजन, सरसफाइ, खानेपानी, कुलो, पाठशाला, धार्मिक सांस्कृतिक पर्वहरूमा सहकारी सहयोग बढाउने,
- आकस्मिक दुर्घटना/दैवी प्रकोप (आगलागी, भूइँचालो आदि) को समयमा उद्धार र पुनर्स्थापनाका कार्यमा सहभागिता बढाउने ।

# टिपोट

# टिपोट

# बुसा मोबाइल एप प्रयोग गरी स्मार्ट बनौं ।



## "अब खातामा रहेको पैसा सधै साथमा"

### हाम्रा विशेषताहरु:

- मौज्दात जानकारी
- किस्तासम्बन्धी जानकारी
- स्टेटमेन्ट
- रकम ट्रान्सफर
- कारोबारसचेतक

### इन्टरनेटको बिल तिर्न:

- ADSL
- Worldlink
- Subisu
- Vianet
- TechMinds
- Classic Tech
- NTFTTH (NT Fiber)

### टि.भी. रिचार्ज:

- DishHome TV
- Sim TV
- Mero TV
- Prabhu TV

### टेलिफोन/बिजुलीको बिल तिर्न:

- Landline
- NEA
- Khanepani
- KUKL

### ई-सेवा र खल्ती वालेटमा राख्न:

- eSewa
- Khalti

### मोबाइल डाटा प्याक लिन:

- NTC Data Pack
- Ncell Data Pack

### इन्स्योरेन्स भुक्तानी र फोन-पे गर्न:

- Sanima Reliance




Scan To Download or Get in on:

GET IT ON Google Play

Download on the App Store

विस्तृत जानकारीको लागि संस्थाको आफ्नो नजिकको पायक पर्ने कार्यालयमा सम्पर्क गर्नुहोला ।

## के तपाईं यस बुडोल सामुदायिक साकोसमा सदस्य हुनुहुन्छ ?

यदि सदस्य हुनुहुन्छ भने ख्याल गर्नुहोस् ...........

- तपाईँ नै यो संस्थाको मालिक हो ।
- यस संस्थाबाट प्रदान गरिने लाभहरू तपाईँ वा तपाईँको परिवारले नै प्राप्त गर्ने हो ।
- संस्थालाई सबल र सुरक्षित बनाउन तपाईँको महत्वपूर्ण भूमिका रहेको हुन्छ ।

तसर्थ अलिकति समय दिएर संस्थाका जिम्मेवार व्यक्तिहरुसँग छलफल गर्नुहोस् र ...

- संस्थाबाट के कस्ता लाभ पाईन्छन् राम्रोसँग बुझ्नुहोस् ।
- तपाईँले जम्मा गर्नु भएको बचत सुरक्षित छ छैन यकिन गर्नुहोस् ।
- संस्थाले के कसरी ऋण लगानी गरेको छ र ऋण लगानी गर्दा पर्याप्त सुरक्षण विधि अपनाएको छ छैन थाहा पाउनुहोस् ।
- संस्थाका सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति र विभिन्न उपसमितिहरूको विषयमा जानकारी लिनुहोस् ।
- संस्थामा कार्यरत कर्मचारीहरूको व्यवहार र सेवा प्रवाह चित्त बुझ्दो रहे नरहेको मूल्याङ्कन गरी सुझाव दिनुहोस् ।
- संस्थाबाट सञ्चालन हुने विभिन्न कार्यक्रमहरूको विषयमा पर्याप्त जानकारी लिनुहोस् ।
- तपाईँलाई लागेका जिज्ञासाहरू राख्नुहोस्, आफ्ना रचनात्मक सल्लाह, सुझावहरू प्रदान गर्नुहोस् ।

किनकी, तपाईं यस संस्थाको मालिक हो, यो संस्था तपाईंको हो ।


**मुख्य कार्यालय :**
बनेपा-६, बुडोल
फोन : ०११-६६०५६४, ०११-६६२३६४

**टुकुचा जागरण सेवाकेन्द्र :**
बनेपा-४, नाला
फोन : ०११-४१११९२

**बनेपा जनमैत्री सेवाकेन्द्र :**
बनेपा-७, चारदोबाटो
फोन : ०११-६६०३६४

**धुलिखेल सेवाकेन्द्र :**
धुलिखेल-३, बसपार्क
फोन : ०११-४९०४६६

**पाँचखाल सेवाकेन्द्र :**
पाँचखाल-४, तामाघाट
फोन : ०११-५९००६४

**वेबसाइट :**
www.budol.coop.np
**इमेल :**
info@budol.coop.np